**सम्पादकीय**

**अपाङ्गलाइ अलग्याएर संविधानसभा सफल हुँदैन**

जब जरा नै रोगले ग्रस्त छ भने त्यो बोटबाट राम्रो फल र त्यसको उपभोगको आशा गर्न सकिँदैन । अहिले त्यस्तै भएको छ नेपालको संविधानसभाको चुनाव । देशका भित्रका अन्तरविरोधका स्रोतहरू जातीय, क्षेत्रीय, भाषिक, लैगिक, सांस्कृतिक, सामाजिक विभेदहरूको समुचित व्यवस्थापन नगरी केन्द्रीकृत सोचको आधारमा गरिन लागिएको संविधानसभाको चुनाव फेरि निर्धारित समयमा हुन नसक्ने संकेतहरू देखिइसकेका छन् । संविधानसभाको नारालाई जनताको तृणमूलसम्म पुऱ्याउने क्रममा भएका वलिदनीपूर्ण संघर्षमा हजारौं योद्धाहरूले बलिदानी दिएको, हजारौं युवाहरूको अंगभंग भएर अपाङ्ग जीवन बिताउन परेको वर्तमान अवस्थामा तिनैका सवालहरूलाई नजरअन्दाज गरेर बनाइएका कुनै पनि नीति-नियमहरू लागूहुन सक्दैन भन्ने यो पछिल्लो प्रमाण हो ।

आज जाति क्षेत्र, लिङ्ग, भाषा, संस्कृतिका लागि भएका आन्दोलनले संविधानसभाको चुनावमा समुचित प्रतिनिधित्वको लागि व्यवस्था भएन भनी उत्रका छन् यद्यपि ती कुरालाई राज्यले कुनै न कुनै रूपमा सम्बोधन गरेको छ तर देशको ३० लाखभन्दा बढीको संख्यामा रहेका अपाङ्गको प्रतिनिधित्वका बारेमा त शब्दमा समेत उल्लेख गरिएको छैन । देशको राजनीति परिवर्तनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपाङ्ग वर्ग र उनीहरूले दिएको योगदानको कुनै मूल्यांकन गरिएको छैन । संविधानासभाको यस्तो ठूलो सरोकारवालाहरूलाई अलग्याएर गरिने संविधानसभाबाट कसरी सार्थक संविधान बन्न सक्छ ? यस्तो संविधानलाई कसरी अपाङ्ग आफ्नो संविधान भन्न सक्दछन् । संबन्धित सबैले बेलैमा सोच्नु उपयुक्त हुनेछ ।

एक युगमा एकपटक आउने संविधानसभाको चुनावलाई एउटा नाटकका रूपमा मञ्चन गर्नका लागि रियल्सल गरे जस्तो पहिल्यै पनि गरिँदै आएको हो । यो कुरा अपाङ्ग जगतले पहिल्यैदेखि औंल्याउँदै आएको हो तर आवाजहीनहरूले आवाज कतैबाट सुनिएन र यसमा सरोकार राख्ने राज्यको सिमान्तकृतको भित्रको पनि सिमान्तकृत वर्ग अपाङ्गलाई राज्यको हर निर्णयमा बेवास्था र तिरस्कार गरियो । तर अहिले आएर संविधानसभा त प्रत्येक नेपालीको ढुकढुकी हुनुपर्दो रहेछ भन्ने महसुस गर्न थालिएको छ । त्यसैले होला माओवादीले पनि ती कुरालाई समेटेर २२ बुँदे कार्यक्रम अगाडि सारेको छ तर त्यसमा पनि अपाङ्गको सवाललाई भने ठोसरूपमा ल्याइएको छैन । त्यसैले अग्रगामी निकासका लागि भनी ल्याएको यो कार्यक्रम पनि अपूरो र अधूरो छ । त्यसैले यसमा थप १ बुँदा अपाङ्गको पनि स्पष्ट रूपमा राख्नुपर्छ । र यो कार्यक्रमलाई पार्टी विशेष वा राजनीति विशेषभन्दा पनि सम्पुर्ण नेपालीको उन्नति र प्रगतिको कार्यक्रम बनाईनु पर्दछ । अपाङ्गका सवालहरूलाई उजागर गर्न र संविधानसभामा उनीहरूको उचित प्रतिनिधित्व सूनिश्चित गर्न अब गरिने भनिएको गोलमेच सम्मेलनमा अपाङ्गलाई पनि ससम्मान सहभागी गराइनु पर्छ ।

# भुनाको बकपत्र

'ओम पुन'

........गतांकबाट क्रमस....

"किन ?"

"एउटा नमीठो वचन बिझेको छ दाइ दिलमा"

"कस्तो वचन ?" मैले गम्भीर मुन्द्रामा सोधें ।

"सुन्नुस न- मेरा बहिनीहरूको विवाह भइसकेपछि मलाई पनि माग्न आएका थिए रे बुबाले मलाई पछिमात्र बताउनुभयो । आउने मान्छेले बुबालाई भनेछ कि यदि उसलाई हाम्रो धान खेत पास गरिदिने भए मलाई बिहे गर्ने नत्र नगर्ने रे भन्ने कुरा गरेछ । जब मैले यो कुरा थाहा पाएँ तब मलाई लाग्यो यो सब स्वार्थी र ढोंगी

समाज रहेछ । तपाईं नै भन्नुस् त दाइ के म धन पैसासँग सौदा गर्ने खेलौना हुँ र ?" उसको प्रश्नले मेरो मस्तिष्क नै तिरमिरायो तर पनि मैले पुनः प्रश्न गरें-

"अनि तिमीले मानिनौ ?"

"अँ हँ मानिन दाइ मैले । यस्ता स्वार्थीसँग नाता जोड्नुभन्दा बरु एक्लै जिउन उचित ठानें ।" मलाई त्यही प्रसङ्ग समातेर कुरा गर्न मन लागेन फेरि कुरामात्रै गरेर उसका लागि के निकास दिन सक्थें र त्यसैले उसको बकपत्रको विषायन्तर गराउने हेतुले भनें-

"अनि तिमी काठमाडौंसम्म कसरी आयौ त बहिनी ?"

"मैले भनिहालें नि दाइ ! जब गाउँमा विवाहको बारेमा त्यस्ता कुराहरू भए, तब मन एक तमासको भइरह्यो । घर-परिवार र छिमेकमा मलाई देखेर हाँसे जस्तो, खिसी गरेजस्तो लाग्यो । यस्तो वातावरणले मलाई त्यहाँ बस्न मन लागेन । तपाईं आफैं कल्पना गर्नुस् त दाइ ! त्यस्तो अवस्थामा मन कस्तो हुन्छ ?" म बिल्कुलै बोल्न सकिनँ । ऊ आफ्नो घटना सुनाउँदै गई र भनी-

"त्यति बेला म चरीजस्तै भइदिएको भए उडेर कहाँ-कहाँ पुगिसक्थें । जे होस् मन भाँडिदै गइरहेको थियो आखिर मन जतिसुकै भाँडिए पनि मर्न नसकिँदो रहेनछ । एक दिन तितरबितर भएको मनलाई दह्रो मुटु बनाएर सम्हालें र मनमनै अठोट गरें- काठमाडौंमा अपाङ्गलाई उपचार गरेर सद्दे गराउने अस्पताल छन् रे, त्यहाँ जान्छु र खुट्टाको उपचार गराउँछु । कमसेकम त्यसो गर्न सकें भने अलि-अलि भए पनि हिँडडुल गर्न सकुँला भन्ने ठानें । र एक दिन आफ्नै दाजुलाई लिएर काठमाडौं आएँ । अस्पताल भनें बनेपा भन्ने ठाउँमा रहेछ । त्यहाँ खुट्टाको अप्रेसन भयो र खुम्चिएको खुट्टा सीधा त भयो तर दुःखको कुरा घुँडा मुनिको भाग काट्न पर्‍यो ।" उसले घुँडासम्म सुरवाल तानेर आफ्नो अपाङ्ग खुट्टा देखाउँदै भनी-

"अहिले यही नक्कली खुट्टा लगाएर यत्तिको हिँडन सक्ने भएकी छु," ऊ बोल्दा बोल्दै टक्क अडिई ।

"अनि त्यसपछि अरू के भयो ?" मैले उसको बारेमा अझै जान्न खोजिरहेको थिएँ ।

"त्यसपछि हस्पिटलबाट डिस्चार्ज भएँ र यहीं काठमाडौंमा आफन्तीको डेरामा केही समय बसें । र पछि आफन्तीले नै एउटा घरमा काम गर्ने व्यवस्था मिलाइदिनु भयो त्यहाँ मैले खाना पकाउने, बगैंचा हेर्ने आदि कामहरू गर्थे र त्यो घर परिवारले मलाई असाध्यै माया गर्थे । खाएर लाएर महिनाको १५ सय रुपैयाँ पनि दिन्थे तर पछि त्यहाँ पनि बस्न मन लागेन । र त्यहाँ काम गर्न छोडें ।"

"किन छोड्यौ त ?" मैले बुझ्न खोजें ।

"हैन त्यहाँ सबै कुरा राम्रै थियो तर चौबीसै घन्टा घरभित्र सीमित रहँदा म त पिँजडाकै चरी जस्तै भएँ । न केही बुझ्न पाउनुछ न केही सुन्न र जान्न नै पाउनुछ, धत ! त्यस्तो पनि जीवन हुन्छ ? कहिल्यै नबग्ने पानी पोखरीजस्तो । त्यसैले २-४ पैसा कमाउने उद्देश्यभन्दा बरु बाहिर बसेर केही जान्ने र बुझ्ने उत्सुकताले म पुनः आफन्तीकै डेरामा बस्न थालें र अहिले पनि त्यहीं नै छु ।" म अबोध बालकले झैं उसको कुरा सुनिरहेको थिएँ, उसले त्यही बेला मेरो अनुहारमा हेरेर लजाउँदै सोधी-

"दाइले विवाह गर्नुभयो ?"

"अँ" मैले प्रतिउत्तर दिएँ ।

"अनि बच्चा बच्ची ?"

"एउटी छोरी एउटा छोरा ।"

"सुखी परिवार रहेछ ।"

"सुखी त के भन्नु बहिनी उनीहरूको पालन पोषण र भविष्य निर्माणमा संघर्ष गर्दै छु," मैले भनें । त्यति बेला उसका नजरहरूले क्षितिजपारीको बादल नियालिरहेको देखिन्थ्यो । र एक्कासि उसले सोधी- साँच्चै दाइ काठमाडौंमा अपाङ्गहरूका थुप्रै संस्था छन् रे हो ?

हो छन् मैले जवाफ फर्काएँ ।

"अनि दाइ म त्यो क्षेत्रमा कसरी लाग्न सक्छु ?" उसले मनभरि उत्साह भरेर जान्न खोजी ।

मैले उसको मनोभाव बुझें, उसको उत्सुकताले जीवन बुझ्ने अवसर खोजिरहेको थियो । मैले मनमनैं सोचें, कति सजिलै उसले यस क्षेत्रमा लाग्ने अपेक्षा राखी के उसका लागि यो त्यति सजिलो छ र जेहोस् आफ्नो वर्गको बारेमा बुझ्न खोज्नु पनि राम्रै कुरा हो । आखिर जान्न खोज्दा-खोज्दै जान्ने हुने र बुझ्न खोज्दा-खोज्दै बुझ्ने हुने यो नै सिकाइको असली तरिका हो तर उसले यस क्षेत्रमा लाग्न आन्तरिक वा बाह्य संघर्ष गर्न

जरुरी छ । मैले सोचें के यसले यति ठूलो संघर्ष गर्न तत्पर होली ? सोच्दा-सोच्दै मैले पुनः प्रश्न राखें- बैहिनी तिमी किन यस क्षेत्रमा लाग्न खोज्यौ ?"
"जीवनमा केही गर्ने अवसर खोज्न ।"
"तिमीलाई लाग्छ के त्यो त्यति सजिलो छ ?"
"छैन दाइ तर अवसर पाउने हो भने संघर्ष गर्नुपर्छ भन्ने बुझेकी छु ।"
"अनि अहिलेसम्म संघर्ष किन गरिनौ त ?" मैले उसको मनस्थितिको गहिराइ नाप्न खोजे ।
संघर्ष गर्न उपयुक्त ठाउँ र अवसर नपाएर उसले सजिलै उत्तर दिई । अब भने मेरो प्रश्न गर्ने ठाउँ रहेन तर मनभरि एक तमासको रक्त सञ्चार भइरह्यो मान्छेलाई दुःखले स्पात बनाउँछ भन्ने जेनी मार्क्सको भनाइलाई सम्झेँ- हो तनि जब मान्छेले चारैतिरबाट हन्डर र ठक्कर खान्छ तब ऊ बोल्न जान्न र संघर्ष गर्न तत्पर हुन्छ । यस्तै, यस्तै सोचाइहरू मनमा आइरहेको क्षणमा उसले सोधी- तपाईं पनि अपाङ्गसम्बन्धी संस्थामा काम गर्नु हुन्छ हैन दाइ ? उसले छड्के मुन्टो पारेर मेरो अनुहारमा हेरी ।
"काम त के गर्नु र त्यसमा संलग्न छु," मैले अक्मकाउँदै भने ।
"ए, त्यसो भए दाइसँग एउटा सल्लाह माग्छु, के तपाईं मलाई सहयोग गर्नु हुन्छ ?"
"कस्तो सहयोग बहिनी ?" मैले आफूलाई अप्ठ्यारोमा परेका महसुस गरे ।
"अवसर ! काम गरेर आफ्नै खुट्टामा उभिन सक्ने ठाउँ । यदि दाइले यस्तो अवसर कतै मिलाई दिनुभयो भने म आफ्नै पौरखमा स्वाभिमानी भएर बाच्न सक्नेछु । विश्वास गर्नुहोस् दाइ मेरो अपाङ्गताले मेरो चाहनालाई पटक्कै बाधा पार्दैन ।"
प्रयास गर्छु बाहेक मैले अरू केही बोल्न सकिन किनभने त्यतिबेला न मसँग उसलाई आश्वासन दिनसक्ने केही निश्चित आधारहरू थिए न त सकिँदैन भनेर उसका चाहनालाई चकनाचुर पारेर पुनः उही निकासविहीन समुन्द्रजस्तो बनाउन चाहन्थे । मेरो अन्तर मनको द्वन्द्वलाई उसले बुझिछ क्यार ! त्यसैले उसले एक्कासि घडी हेरेर भनी- "दाइ अब जानुपर्छ किन कि साँझको पनि ६ बज्दै छ ।"
हामी दुवै जना बसेको ठाउँबाट उठ्यौं र एरपोर्टको गेटमा पुग्यौं उसले मेरो छेउमै आएर भनी- "दाइसँग आज धेरै कुरा गरियो, अन्यथा नठान्नु होला कहिले काहिँ बाटो दोबाटोमा भेट भइएछ भने बोलाउन नभुल्नु होला है । हुन त आवश्यक परेको खण्डमा म पनि फोन गर्छु, अँ साच्चै कतै त्यस्तो अवसर भेटिएमा सम्झनुहोला ।" हामी सडकमा पुगिसकेका थियौं अब भने हामी दुवैका अगाडि फरक-फरक गन्तव्यका लागि फरक-फरक बाटाहरू थिए । उसले गौशाला हुँदै जाने बस र मैले तीनकुने हुँदै आउने बस चढ्नु थियो । बस चढ्नुभन्दा अगाडि हामी एकैछिन उभियौँ र फरक-फरक बाटो लाग्यौ । कोठामा आइपुग्दा साँझको ८ बजिसकेको थियो केटाकेटीहरू सुतिसकेका थिए डेरामा बस्नेहरूको परिवेश त तनावपूर्ण हुन्छ नै तर पनि आज मैले त्यो तनावको वास्ता गरिनँ किन कि आज मेरो मस्तिष्कभरि अन्य कुरा खेलिरहेका थिए । सम्झे यस्तै कैयौं मान्छेलाई केही गरौं भन्ने चाहना हुँदाहुँदै पनि उचित अवसरको अभावमा यत्र-तत्र भौंतारिरहेका छन् र क्षमता हुँदाहुँदै पनि अक्षम सावित हुँदै छन् । अनायास त्यो बहिनीको मुहार सम्झें जसले मलाई अवसरको खोजी गर्न अनुरोध गरेकी थिई र अपाङ्गको क्षेत्रमा लागेर केही बुझ्न र जान्न उत्सुक थिई तर के गर्नु त्यस क्षेत्र पनि अवरोध मुक्त र सबैका लागि पहुँच योग्य त कहाँ छ र जसले गर्दा आम अपाङ्ग आफ्नै क्षेत्रमा समेटिएका छैनन् । मनमनै गमे, के राज्यको मूलधारदेखि बाहिर रहेका सयौं भुनाहरू यस क्षेत्रको वरपर रहेको अवरोधसँग संघर्ष गर्न सक्लान् ? यदि सकेनन् भने निश्चित छ, उनीहरूले खाली कागजमा आफ्नो भोगाइको बकपत्र लेख्नुको विकल्प रहने छैन । घडी हेरेँ रातको १ बज्दै थियो मानैं भुना मेरो नजिकै बसेर अवसर खोजिदिन अनुरोध गरिरहेकी थिई । मैले मनमनै अठोट गरें- निश्चितरूपमा प्रयास गरौंला तर त्यसभन्दा अगाडि तिमीमा आत्मबल घट्नु हुँदैन बरु अझ बढ्दै जानुपर्छ बस ।
अनामनगर -३२
काठमाडौं ।

नेपाली अपाङ्ग र खेलकुद
**दीपक कोइराला**
**नेपाल पारा ओलम्पिक कमिटी**

नेपालमा साङ्गहरूको खेलकुद विकासका लागि राष्ट्रिय खेलकुदपरिषद्को स्थापना भई सरकारी कार्यक्रम र ऐनको समेत व्यवस्था हुँदा पनि आशा अनुरूप विकास हुनसकेको छैन । वि. सं. २०४८ को खेलकुद विकास ऐनलाई वि. सं २०६३ मा पुनः संशोधन गरिएको छ । यस संशोधनमा पनि अपाङ्गहरूका लागि आवश्यक व्यवस्था गर्ने तर्फ ध्यान दिइएको पाइँदैन । राष्ट्रिय खेलकुदपरिषद्ले तयार गरेको खेलकुदसम्बन्धी नीतिमा भने केही कुरा समेट्न खोजेको देखिन्छ ।

सरकारी नीति तथा कार्यक्रमको अभावमा पनि गैरसरकारी संस्थाको पहलमा नेपालमा पञ्चायती व्यवस्था छँदै अपाङ्गहरू खेलकुदमा सहभागी भएका हुन् । अन्तर्राष्ट्रिय स्तरसम्म सहभागिता जनाउने मौका पाए पनि सरकारी नीति तथा कार्यक्रमको अभावमा यसले निरन्तरता पाउन सकेन । नेपाल अपाङ्ग संघले पहिले-पहिले अपाङ्गहरूलाई खेलकुदका लागि विदेश लैजाने गरेको देखिन्न । बौद्धिक अपाङ्गहरूका लागि स्पेसल ओलम्पिकबाट खेलकुद विकाससम्बन्धी काम भइरहेको देखिन्छ । हाल आएर दृष्टिविहीन बहिरा एवम् शारीरिक अपाङ्गहरूका लागि मात्र नभई बौद्धिक अपाङ्गलाई समेत समेट्ने गरी नेपाल पारा ओलम्पिक कमिटीले खेलकुदसम्बन्धी प्रशिक्षण एवम् प्रतियोगितात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । वि. सं. २०५२ मा स्थापित गैरसरकारी संस्था नेपाल पारा ओलम्पिक कमिटीले विभिन्न आरोह-अवरोहका बीच अपाङ्गहरूका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको सबैका सामु प्रस्ट छ । शिक्षा तथा खेलकुद मन्त्रालयले अपाङ्गहरूको खेलकुद् विकासका लागि हालसम्म कनै नीति तथा कार्यक्रम तर्जुमा गरेको छैन । अपाङ्गहरू खेल खेल्न सक्छन् । उनीहरूलाई खेलकुदको आवश्यकता छ भन्ने विषयमा जिम्मेवार ठाउँमा रहेका व्यक्तिहरू विश्वास गरिरहेका छैनन् । राष्ट्रिय खेलकुदपरिषद्सँग आबद्धता प्राप्त गरी अपाङ्गहरूका लागि निरन्तर काम गरिरहेको नेपाल पारा ओलम्पिक कमिटीले खेलकुद मन्त्रालयमा यस विषयमा धेरैपटक छलफल गर्दा पनि उनीहरू चित्त बुझाउन सकिरहेका छैनन् । तसर्थ नीति निर्माणको तहमा अपाङ्गहरूको सहभागिता अर्थात् अपाङ्गहरूका बारेमा वास्तविकता बुझ्न सक्ने व्यक्तिको सहभागिता नहुने हो भने अपाङ्गहरूका लागि आवश्यक नीति-नियम र कार्यक्रम तर्जुमा हुन सक्दैन । राष्ट्रिय खेलकुद परिषद्ले सबलाङ्गहरूका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको हुन्छ । रङ्गशाला कभर्डहल जस्ता खेल मैदानहरूमा साङ्गहरू खेल खेलिरहेका हुन्छन् । तर अपाङ्गहरूका लागि ऐन कानुनमा प्रशिक्षण तथा प्रतियोगिता सञ्चालन गर्ने भनी उल्लेख गरिए तापनि खेलकुद परिषद्सँग यसअनुसारको कुनै कार्यक्रम छैन । अपाङ्गहरूका लागि तयार गरिएको नीति तथा कार्य योजना २०६३ मा राष्ट्रिय खेलकुदपरिषद्का समितिमा अपाङ्गको प्रतिनिधित्व गराउने र खेलकुदपरिषद्मा अपाङ्गहरूका लागि छुट्टै इकाई खडा गर्ने भनिए तापनि हालै संशोधन गरिएको ऐनमा त्यसलाई व्यवस्था नगरिएको हुँदा राष्ट्रिय नीति तथा कार्ययोजना २०६४ अपाङ्गहरूलाई झुक्याउनका लागि मात्र ल्याइएको त होइन प्रश्न गर्नुपर्ने भएको छ ।

यस वर्षबाट अपाङ्गहरूका लागि निश्चित कार्यक्रम सञ्चालन गर्ने सुरुवात गर्छौं भनी राष्ट्रिय खेलकुद परिषद्का जिम्मेवार पदाधिकारीहरूबाट बारम्बार उद्घोषण गर्ने गरिएको छ यसलाई यथार्थमा परिणत गर्न हामी सबैले बेला बखतमा सल्लाह र सुझाव दिइरहेका छौं ।

परिषद्सँग आबद्ध रहेको नेपाल पारा ओलम्पिक कमिटीले राष्ट्रिय खेलकुदपरिषद्लाई कार्यक्रम तर्जुमाका लागि सहयोग पुग्ने गरी विभिन्न सुझावहरू दिँदै आएको भए तापनि खेलकुदपरिषद्ले ती सुझावहरू कार्यान्वयन गर्नेतर्फ तत्परता नदेखाएको यथार्थतालाई सबैले बुझ्नु पर्छ । कभर्ड हल परिषद्को कार्यालय रङ्गशालालगायतका सम्पूर्ण खेल मैदानहरूमा अपाङ्गहरूको पहुँच पुऱ्याउनका लागि दिइएको अत्यन्त सजिलो उपायसहितको सुझावलाई समेत खेलकुदपरिषद्ले अहिलेसम्म कार्यान्वयन गर्नेतर्फ कुनै तत्परता देखाएको पाइँदैन । अति सामान्य विषयलाई समेत अत्यन्त जटिल ठान्ने गरेको वर्तमान परिषद्बाट परिणाम प्राप्त नभएसम्म यस्तै हुन्छ भनी आशा गर्नु बेकार हुन्छ ।

लोकतन्त्रको स्थापना भए पश्चात् राष्ट्रिय खेलकुदपरिषद् र नेपाल ओलम्पिक समितिमा समेत लोकतन्त्र बहालीहरूको बाहुल्यता रहेको छ । यस्तो अवस्थामा नेपाल ओलम्पिक कमिटीबाट समेत अपाङ्गहरूको खेलकुद विकासका लागि राष्ट्रियस्तरदेखि अन्तर्राष्ट्रिय स्तरसम्म पहुँच पुग्ने गरी कुनै कार्यक्रम बन्नसकेको छैन । अझ भनौं नेपाल पारा ओलम्पिक कमिटीले त अपाङ्गहरूका लागि के काम गरिरहेको छ कुनै पनि जानकार व्यक्तिलाई थाहा छैन । अन्तर्राष्ट्रियस्तरमा ओलम्पिक प्रतियोगिता हुँदा जसरी निकै चासो दिएर महत्वका साथ खेलाडी छनोट गर्ने, सहभागिता जनाउने प्रयत्न गरिन्छ त्यस्तै गरी अन्तर्राष्ट्रिय पारा ओलम्पिक प्रतियोगिता सञ्चालन हुँदा के *भट्ट* रहेको छ नेपालमा थाहा सम्म हुँदैन । सहभागिताको त कुरा

छोडौं तसर्थ लोकतन्त्रवादी व्यक्तिहरूको बाहुल्यता रहेको रा. खे. प. र नेपाल ओलम्पिक कमिटीले अपाङ्गहरूको खेलकुद विकासका लागि नेपाल पारा ओलम्पिक कमिटीसँग मिलेर नीति तथा कार्यक्रम बनाउने तर्फ तत्परता देखाउनु पर्छ ।

अहिले राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा नै 'हाम्रा लागि हामी नै' भन्ने नाराका साथ अपाङ्गहरू अघि बढिरहेको यथार्थलाई कसैले पनि हाँक्ने प्रयत्न गर्नु भनेको हत्केलाले सूर्यलाई छेक्न खोज्ने जस्तै हो । यही मूल नाराका साथ नेपाली अपाङ्गहरू खेलकुद विकासका लागि अघि बढिरहेको अवस्था छ । अपाङ्गहरूको नेतृत्व विकासमा अवरोध होइन सहयोग पुऱ्याउनका लागि सम्पूर्ण समाजसेवीहरूको ध्यान जानु आवश्यक छ ।

नेपालमा अपाङ्गहरूको खेलकुदको अवस्था अत्यन्तै कमजोर छ । स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्म साङ्गहरूका लागि जसरी प्रतियोगिताहरू सञ्चालन गरिन्छन्, अपाङ्गहरूका लागि त्यस्तो केही पनि छैन जे जति खेल मैदान र प्रशिक्षण केन्द्र बनेका छन् ती पनि अपाङ्गहरूको पहुँचभन्दा टाढा छन् यस्तो अवस्थामा नेपाल पारा ओलम्पिक कमिटीले जन समुदायको सहयोगबाट बिस्तारै सरकारलाई समेत यसको आवश्यकता बुझाउने प्रयत्न गर्न निकै चुनौतीपूर्ण कुरा हो । हाल आएर राष्ट्रिय खेलकुदपरिषद् तथा शिक्षा तथा खेलकुद मन्त्रालयले गर्ने गरेको मौखिक प्रतिबद्धतालाई पनि विगतमा भएका घटना क्रमका कारणले गर्दा काम नभएसम्म विश्वास गर्ने अवस्था देखिँदैन ।

## नारी नारी र नारी

**दीपावली शर्मा**

भरत सरले मलाई नारी हस्ताक्षरको स्थायी स्तम्भमा लेख्ने आग्रह प्रथम अंकदेखि नै गर्नुभएको हो तर 'नारी' लाई विषयवस्तु बनाएर लेख्ने लहड जब चल्छ तब दिमाग र मनभित्र विभिन्न प्रश्नहरूले जिस्काइरहेको अनुभूति हुन्छ । के साँच्चै नै नारी जातिको आफ्नो स्थान छैन ? के उनीहरू पुरुषको थिचोमिचो, दमन, अत्याचार आदि सहेर नारकीय जीवन भोगिरहेका छन् त ? पुरुषप्रधान समाजको कारण दुई कदम पछाडि परेका छन् त ? हुन सक्छ बंश परम्परा, अंश सम्पत्तिको हस्तान्तरण आदि पुरुषको लाइनबाट सरेको छ तर त्यसो भन्दैमा नारीहरू अपहेलित भए त ?

पत्र पत्रिकाहरूमा नारीवादी लेखहरू सयौंपटक पढिसकें । रेडियो टेलिभिजन आदिबाट सुन्न नसके पनि मैले पत्र पत्रिकाबटै दुनियाँ बुझ्ने सौभाग्य पएकी छु । पढ्छु नारी, महिला, स्त्री आदि आदिबारे जुन लेखमा पनि ९९% कुराहरू त नारीहरू पुरुषबाट दबिएका कथा, व्यथा र क्रन्दनहरू मात्र पढ्छु । त्यसैले पनि म भित्रको कौतुहललाई खन्याउने चाहना बढेर आयो । हुन सक्छ ती घटनाहरू भलै मैले देखिन वा भोगिन होला ।

लेख रचनाहरू जतिसुकै काल्पनिक भए पनि मान्छेले आफैले भोगेका र नजिकबाट देखेका घटनाहरूलाई मूर्तरूपमा ढाल्ने जमर्को गरेका हुन्छन् । त्यसैले त पारिजातका लेखहरूमा उनका जीवनकथाका सम्पूर्ण अंश पढ्न पाइन्छ । देवकोटाले पनि आफ्ना चेतना र अचेतन मनका पाटाहरू/बिम्बहरू कवितामै पोखे । मैले आफ्नो धारणा र बुझाइ अथवा भोगाइलाई लेख्ने प्रयास किन नगरूँ ? लाग्छ कता-कता यो लेखबाट कसैलाई विशेष गरी नारी मुक्तिको आन्दोलन चर्काउनेहरूलाई पढ्ना साथ दिमागी पारो चढ्न सक्छ तर म के अनुरोध गर्छु भने म पनि नारी हुँ यस लेखलाई एकदम सामान्यरूपमा लिइदिनु होला ।

नारी.... आखिर किन पछाडि पर्छन् ? भनेर धेरैपटक त्यसको उत्तर खोज्ने प्रयास गरिरहें । मैले के देखिरहेछु, भोगिरिहेछु भने धेरैजसो नारीहरू नारीकै कारणले पछाडि परिरहेका छन् । यसबारे मैले संसारमा नाम चम्काएका नारीहरूको इतिहास र तिनीहरूले भोगेका कथा व्यथाहरू खोतल्ने प्रयास गर्न नसकुँला तर आफ्नै नेपाल र छिमेकी मुलुक भारतको उत्तर प्रदेशका नारीहरूका बारे केही कुरा यहाँ छचल्काउने कोसिस गरेकी छु ।

एउटी नारी बाबु आमाकी प्यारी छोरी, दाजु भाइहरूकी प्यारी बहिनी, आदरणीय दिदी हुँदै क्रमशः कसैको घरमा श्रीमती र बुहारीको दर्जामा नयाँ सदस्य बन्न पुग्छे । अनि क्रमशः सुरु हुन्छन् उसका विभिन्न दर्जाहरू । भाउजू, आमा, काकी, माइजू आदि इत्यादि । दर्जाअनुसार उसमा अनेक जिम्मेवारीहरू पनि थपिँदै जान्छन् । त्यो कर्तव्य पालना गर्न नसकेमात्र ऊ परिवारबाट अपहेलित हुन्छे, प्रथमतः सासू, नन्द, आमाजूहरूबाट अनि तिनै सासू, नन्द र आमाजूहरूले उसको श्रीमान्लाई विभिन्न बहाना बनाएर नकारात्मक कुराहरूले कान

भरिदिन्छन् । त्यतिमात्र होइन कुनै नारी त्यस्ता पनि हुन्छन्, जसले हिन्दी सिरियलहरूमा देखिने खलनायिकाहरूले जस्तै एउटा सुन्दर घरलाई भताभुङ्ग बनाएर आफू त्यस घरको महारानी बन्न खोज्छन्, फलस्वरूप श्रीमान्लाई उसको परिवारबाट अलग बनाउने उपक्रम रच्न थाल्छन् । अन्ततः श्रीमान्ले आफ्नी श्रीमतीलाई अथवा आफ्नो बाबु-आमा तथा परिवारका सदस्यहरूलाई घृणा गर्नुको पछाडि नारीकै हात रहेको कुरा तत्कालै ठम्याउन सक्दैन । यसको अलावा श्रीमतीहरू समझदार नभइदिनाले पनि हेपिन्छन् । कैयौं त श्रीमान्का भूतपूर्व प्रेमीकाहरूकै कारणबाट सुन्दर सम्बन्ध भाँडिन थाल्छ त्यसमा पनि अपाङ्ग नारी भएमा अपाङ्गताकै कारणबाट झनै हेपिन्छन् । यस्तो किन हुन्छ ? त्यसको विश्लेषण गर्ने जिम्मा पाठकहरूमै छोडिदिएकी छु ।

पुरुषहरू स्वभावैले घरभित्र बसिरहन सक्दैनन् । त्यो उनीहरूको प्राकृतिक गुण हो । नारीमा जस्तो मातृत्व, वात्सल्य प्रेम, पारिवारिक न्यानोपना आदि पुरुषहरूमा नभएपछि घरभित्रको भन्दा बढी घर बाहिरको काममा लगाव हुन्छ । र कमाउने तिरै लाग्छन् । त्यो पनि नारीकै लागि । बालबच्चा हुर्काउने अद्भूत कला पनि नारीलाई मात्र प्राप्त छ । २, ४ वर्षसम्म बच्चाहरूको लालनपालनमा घरभित्र समय बिताउँदै नारीहरूलाई घरको चार दिवारभित्र राखियो भनेर विरोध गर्ने र नारी आन्दोलनको झन्डा बोक्ने किन ? मेरो एकजना विवाहित पुरुष मित्रले भनेको कुरा पनि सम्झें । 'पुरुषहरू आफ्ना बाबुआमा वा बालबच्चा अर्थात् परिवारलाई चाहेको समय दिन भ्याउँदैनन् वा चाहँदैनन् तर उसको दोष बुहारीलाई जान्छ ।' जे होस्, आजको बदलिँदो युगमा भनौं, आजको समय त्यति अनुदारवादी छैन २, ४ वर्षको विश्रामपछि आफ्नो योग्यता र क्षमता अनि सीप अनुसारको काम गर्न नारीलाई कसले बन्देज लगाएको छ र ?

अचम्म लाग्छ, नारीबाटै पीडित, प्रताडित, अपहेलित पूरुषहरू पनि मैले देखेकी छु । तर आजको २१ औं शताब्दीमा आएर पनि अझसम्म नारीकै विषयलाई लिएर वा लैङ्गिक समानताको नारा लगाएर नारी मात्रलाई शोषित, पीडित, अपहेलितको दर्जा दिइरहँदा कतै यसले 'तिमी जति देखिन खोज्छौ, त्यति नै तिमी अदृष्य हुँदै जान्छौ ।' भन्ने भनाईलाई चरितार्थ गरेको त छैन ? आज नारीको पक्षमा मात्र लेख्ने नारीमात्र होइन पुरुषहरू पनि देखिन थालेका छन् तर पुरुषहरूको पक्षमा लेख्ने पालो कहिलेसम्म पर्खिरहनु पर्ने हो ? यदि नारीकै बारेमा लेख्नु नै छ भने भर्खर नेपाल राज्यलाई नै तताउने गरी आफ्नो आवाज बुलन्द गर्ने साहसी बादी दिदी-बहिनीहरूको बारेमा अनि उमेर छँदै सन्तानको लागि आफू भोकै बसेर र शरीर खियाएर आमाको कर्तब्य पूरा गरेका तर बुढेसकालमा पुगेपछि छोरा-बुहारीहरूबाट फालिएर वृद्धाश्रमको शरणमा पुगेका आमाहरूको जीवनकथा लेख्नु कति मार्मिक होला, कति सान्दर्भिक देखिएला ।

हाम्रो हिन्दु संस्कारलाई गलत ढङ्गले बुझ्ने र त्यहीअनुसार चल्ने नारीहरू स्वेच्छाले नै परम्परागत मूल्य मान्यता र रूढिग्रस्त विचारधारा आदिका कारणले सामाजिक मूलधारमा समाहित हुन सकिरहेका छैनन् न कि पुरुषहरूको नियन्त्रणका कारणले । घरमा पनि आफ्नै आमाले छोरीलाई 'छोरी भएर यस्तो उस्तो गर्नुहुन्न' भनेर बच्चादेखि नै सिकाउँछिन् । के छोरी भएर गर्न नहुने काम छोरा भएर चाहिँ गर्न हुन्छ त ? प्राकृतिकरूपमा पनि नारीलाई लाज, डर र संकोचको मूल्य राखेको सुहाउँछ भने त्यसको विरोध किन गर्ने ?

समाजको परिवर्तन युवा वर्गबाटै सम्भव छ । युवा अवस्थाका नारीहरूले सामाजिक मूल्य र मान्यतामा आँच नआउने तरिकाले परम्परागत, रूढिवादी विचारधाराहरूलाई तह लगाउने हिम्मत गरी आफ्नी आमा वा सासूलाई नम्र भएर पाठ सिकाउन सक्छन् । पढ्नु र सिक्नुमा पनि फरक हुन्छ भनेर थाहा नभएको होइन त्यसैले हामी पढेरमात्र होइन सिकेर पनि समाजको परिवर्तन गर्न र अन्ध विश्वास र कु-संस्कारको पर्दा हटाउन सकिन्छ भन्ने कुरा मनन गरौं ।

समानताको हकमा हामी पुरुषहरूको दाँजोमा धेरै कमजोर छौं त्यस अर्थमा कि हाम्रो शारीरिक बनावट नै त्यस्तै छ । पुरुषको दाँजोमा पुग्न हामीले जबरजस्ती आफ्नो शारीरिक बल प्रदर्शन गर्ने होइन, मानसिक बल प्रदर्शन गरौं । दिमागले गर्ने कामहरू जति पनि छन् ती सबै नारी र पुरुष दुवैले समान रूपमा गर्न सक्छन्, गरिरहेका छन् र गरिरहने पनि छन् । त्यसैले नारी जातिमा हुनुपर्ने गुणहरू र पुरुष जातिमा हुनुपर्ने गुणहरूलाई एउटै तराजुमा राखेर होइन, आ-आफ्नै स्थानमा रहन दिई आजका नारीहरूले आफ्ना असल गुणहरूको सदुपयोग गरौं । एउटी नारीकै असल व्यवहारबाट सम्पूर्ण समाज परिवर्तन कसरी हुन्छ भन्नेतर्फ आफ्नो ध्यान केन्द्रित गरौं । यसैमा नारीहरूको परिचय छ ।

## अपाङ्ग र मनोबल

**डा. प्रेम शर्मा**
**प्रोग्रम इन्चार्ज आरडी केन्द्रीय विभाग त्रिवि**
अपाङ्ग साङ्ग व्यक्ति सरह (केही अपवाद छोडेर) मानसिक क्षमता भएको व्यक्ति हो । किन्चित जन्मजात केही विकृतिका कारण शारीरिक एवं मानसिक अपाङ्ग भई जन्मेका व्यक्तिबाहेक अरूलाई समाज र राज्यले विशेष ध्यान दिनु मानवोचित व्यवहार हो । मानवअधिकारका ठूला-ठूला बहस र आदर्शका वकालत गर्ने व्यक्ति वा राष्ट्रले आफ्नो राजनीतिक उद्देश्यलाई मानवअधिकारभन्दा मानव उद्धार, मानव कल्याणतर्फ सोच्ने हो भने सही अर्थको मानवअधिकार सदुपयोग हुने थियो । हुन त पूर्वसावधानीका रूपमा मानव समाजमा हुने दुर्घटनालाई रोक्नु पनि मानवअधिकारको एउटा पाटो हो । आज समाजमा व्याप्त विविधखाले अपाङ्गहरूले व्यक्ति सरह धेरै क्षेत्र र कार्यमा अपहेलित हुनुपरेको छ । यसले उनीहरूमा हीनताबोध मनोबल खस्कने र आफूभित्र रहेको प्रतिभालाई पनि सदुपयोग गर्न हिच्किचाई वञ्चित भइरहेको अवस्था छ । त्यसै कारण समाज र राज्यले अपाङ्ग समाजको प्रतिभा र बौद्धिक क्षमतालाई राज्यको शक्ति र स्रोतका रूपमा प्रयोग र उचित सम्मान गर्नु मानव धर्ममात्र नभएर मानवअधिकारको पालना समेत ठान्नु पर्छ ।

खास गरी हाम्रोजस्तो विकासोन्मुख राष्ट्रले मौजुदा प्रतिभा, स्रोत साधनहरूलाई अधिकतम् परिचालन र प्रयोगमा ल्याउन नसक्नु नै विकास गतिमा पछिपर्नुको एउटा प्रमुख कारण हो । आमनागरिकको मनोबल कसरी उच्च र सतर्क (सचेत) राख्न तर्फ राज्यले सोच्न सकेमा राष्ट्रको विकास लगानीको एक चौथाइ स्रोतको प्रयोग मानव मस्तिष्कबाटै सुरु हुन्छ । भौतिक स्रोत साधनहरू त प्रयोगबाट रित्तिन सक्छ । तर मानव शक्ति र साधन जति खर्च गरे पनि सकिँदैन र अझ प्रस्फुटित भई नयाँ-नयाँ ज्ञान र सीपले व्यक्ति र समाज अघि बढ्छ । त्यसै कारण व्यक्तिभित्र रहेको प्रतिभा र क्षमतालाई यथोचित कदर र सम्मान गर्ने हो भने कुनै पनि राज्य धनी हुन्छ । व्यक्ति समाज र राष्ट्र हरेक विकासका आयाममा पछि पर्नुको प्रमुख कारण नै हरेक नागरिकको मनोबलको कदर सम्मान र यथोचित प्रयोग गर्न नसक्नु नै हो । मनोवैज्ञानिकहरू मानवपीडाको उपचार राय, सल्लाह, आश्वासन र मार्ग निर्देशनबाट गर्छन् । यसले जीवनमा कायापलट भएका प्रशस्त उदाहरणहरू छन् । धेरै जसो अपाङ्गहरू समाजमा निराश, हीनताबोध र निरीह मानसिकतामा जीवन बिताइ रहेका छन् । यसको प्रधान र प्रमुख कारण परिवार, समाज, र राज्यले यथोचित मानवीय व्यवहार गर्न नसक्नु हो । अर्ध जीवनकाल साङ्गरूपमा बिताइसकेका व्यक्तिहरू पछि गएर अपाङ्ग बन्न पुगे भने उक्त व्यक्तिले आफूलाई अपाङ्गको अनुभव नै गर्दैन । ऊ आफै आमसमय समाजका अन्य साङ्ग सरह बिताइसकेको हुन्छ । आफूमा हीनताबोध गर्दैन र समाजले पनि उप्रति गर्ने व्यवहार पूर्ववत साङ्ग कै सरह कायम गरिसकेको हुन्छ ।

मानिसले कुनै पनि अवस्थामा मनोबल गिराउनु हीनताबोधको पात्र बन्नु अरूको उच्च प्रतिभासँग आफूलाई तुलना गर्नु, इर्ष्या गर्नु र कसैको प्रगतिको क्षमताको डाह गर्नु अति खराब र नकारात्मक सोचाइ हो । हरेक व्यक्तिमा कुनै न कुनै क्षमताको कमी कमजोरी स्वाभाविक रूपले हुन्छ । त्यसै गरी जुनसुकै व्यक्तिमा पनि केही न केही दैविशक्तिको प्रतिभा भेटिन्छ । व्यक्तिले आफूभित्र रहेको विलक्षण प्रतिभा वा क्षमताको प्रदर्शन गर्ने अवसर र समय एवं वातावरणको पर्खाइमा हुन्छ । सम्बद्ध पक्ष अर्थात् परिवार र नातागोता, समाज र राज्यले त्यस किसिमको वातावरण सिर्जना गरिदिनु व्यक्तिको क्षमतालाई प्रदर्शन गर्ने मौका दिनु र प्रोत्साहनका माध्यमहरू सिर्जना गर्नु मानवीय दायित्व हो । आज राष्ट्रका हरेक कमजोर पक्षका वर्ग, स्थान र समूह एवं व्यक्तिले विद्रोह गरिरहेका छन् यसको प्रमुख कारण उसले उपर्युक्त अवसरको खोजाइमा आफ्नो क्षमता र ज्ञान सीपको परीक्षण गर्न चाहिरहेको छ । अप्रिल आन्दोलन २००६ पछि नेपालका हरेक वर्गहरू ( कर्णाली प्रदेश बाहेक) जागरुक छन् । कमजोर राज्य शासकहरूको मानसिकतामा दबाब दिइरहेका छन् । स-साना समूह विशेषले पनि हड्ताल बन्द सडक जाम गराएर आफ्नो माग पूरा गरिरहेका छन् । एउटा शक्ति सम्पन्न केन्द्रीकृत राज्य सञ्चालनको अभावमा वर्षौंदेखि थिचिएर शोषितरूपमा आफ्नो मनोबल गिराएर बसेका वर्ग व्यक्तिहरू खुला र निर्धक्क एवं स्वतन्त्ररूपमा आफ्ना माग स्वार्थ र चाहनाहरू राख्ने अवसरको समयमा अगाडि बढिरहेका छन् ।

मनोबल कहाँबाट प्राप्त हुन्छ ? मनोविज्ञानको दृष्टिकोणबाट यसलाई विश्लेषण गर्दा यो व्यक्तिभित्र सुसुप्त अवस्थामा रहेको एउटा कम्प्युटरको चिप्स जस्तै वस्तु हो । यसलाई जागरुक गराउने बाहिरको विशेष प्याकेज चाहिन्छ । अर्थात् सम्बन्धित तत्वको प्रेरणा आवश्यक हुन्छ । जब सुसुप्त चिप्सले उपर्युक्त वातावरण प्रप्त गर्छ । त्यसले क्रिया वा काम गर्न थाल्छ । त्यसैकारण मानिसको मनोबल क्रियाशील गराउने माध्यम

राज्य र समाजले सिर्जना गर्नुपर्छ । राज्यले सबै काम मान तयार गरी नागरिकको पालनपोषण गरिरनु पर्दैन । हरेक नागरिक आफूभित्र रहेको प्रतिभालाई बाहिर प्रयोग गरी यो धर्तीमा बाच्नसक्ने प्राकृतिक स्वभाव लिएरै जन्मेको हुन्छ । आधारभूत कुरा के हो भने जब समाज र राज्यले केही विशेष स्वार्थका खातिर ऐन कानुनहरू बनाउँछ तब व्यक्ति आफ्नो स्वतन्त्र विचारणको अवसरबाट वञ्चित हुन पुग्छ । त्यसको प्रतिफल व्यक्तिभित्र रहेको क्षमता कुण्ठित हुन्छ । आज ऐन कानुनहरू नभए तापनि जनजिब्रो र समाजका अगुवाहरूमा (टाठा बाठा) समाजका कमजोर वर्गहरूप्रति हेर्ने व्यवहार गर्ने र नितान्त आफ्नो स्वार्थ पूरा गर्ने भावनाका कारण अपाङ्गलगायत कमजोर साङ्ग समुदायहरू एवं व्यक्ति पछि परिरहेका छन् ।
समाज र राज्यले अपाङ्गलाई हेर्दै हेरेन भने के गर्ने ? मनोबल बढाउन के कुनै उपायहरू नै छैनन् त ? प्रश्नहरू उठ्न सक्छन् । त्यसको उत्तर पनि मनोवैज्ञानिक दृष्टिकोणबाट सरल र सहज छ । तर त्यसमा पनि मनोबल कै प्रतिबिम्ब आउँछ । त्यो के भने हरेक व्यक्तिले आफूलाई र आफूले सामना गर्नुपरिरहेका हरेक समस्याहरूलाई सकारात्मकरूपमा ग्रहण गर्न सक्नु पर्छ । अर्थात् मनोबल व्यक्तिले हेर्ने दृष्टिकोणमा सकारात्मक सोच हो । जब व्यक्तिले प्रशासकीय दृष्टिकोणले हरेक समस्यालाई स्वाभाविकरूपमा ग्रहण गर्छ उसले सधैं सफलता प्राप्त गर्छ । यस दृष्टिकोणले नकारात्मक भावना पैदा गर्दैन र व्यक्ति निराशातर्फ लाग्दैन र हरेक सफलता असफलतामा स्वाभाविक सकारात्मक दृष्टिकोणले हेर्छ र मनोबलमा क्षय हुँदैन । व्यक्तिले असफलतामा चाहेभन्दा बढी हीनताबोध गर्नु इर्ष्या, डाह र द्वेष राख्नु आफूलाई अवनति तर्फ धकेल्नु हो । त्यसैले नकारात्मक सोच व्यक्तिको सहोदा शत्रु हो । यसलाई टाढा राख्नुपर्छ । आज विश्व सामु धेरै आफूलाई चिनाउन सफल महापुरुषको चरित्रको अध्ययन अनुसन्धान गर्ने हो भने त्यस कुराको प्रमाणित हुन्छ ।
निष्कर्षमा भन्नुपर्दा खास गरी विकासोन्मुख राष्ट्रका कमजोर वर्ग नागरिक तथा व्यक्तिहरूमात्र आत्मबल कमजोर पाइनुमा त्यहाँको आर्थिक सामाजिक तथा राजनीतिक व्यवहार र चरित्र जिम्मेवार छन् । अपाङ्ग जगतको प्रमुख शत्रु प्रथमतः पारिवारिक वातावरण नै ठान्नु पर्छ । त्यसपछि क्रमशः समुदाय र राज्यको भूमिका बाहिरी रूपमा जिम्मेवार हुन भने भित्रीरूपमा व्यक्ति आफैमा सर्वोपरि जिम्मेवार छ । त्यसले अपाङ्ग जगतको कल्याण भलाइका प्रथम सर्वोपरि जिम्मेवार कर्ता अपाङ्ग व्यक्तिभित्र रहेको अर्थात् सुतिरहेको मनोबल हो । आफूलाई हेर्नुहोस् कहाँ छु अरूलाई प्रगति र अवनतिको विधि सम्मत मूल्यांकन गर्नु के किन कहाँ के गर्दै छ ? अरूको प्रगतिलाई सकारात्मक दृष्टिकोणबाट लिन र बुझ्न सके पनि व्यक्तिको आफ्नो पहिचान आफैं गर्नै सक्ने क्षमता हुन्छ । के सबै अपाङ्गहरूमा एकैनासे बुद्धि सीप र क्षमताले भरिपूर्ण छ ? पक्कै पनि छैन । त्यसै गरी अपाङ्गहरूले आफूलाई समाजका साङ्गसँग प्रतिस्पर्धा (मानसिक) गर्ने क्षमता राख्न सक्दैनन् ? आफूमा हीनताबोधको कारण के ? आज साङ्ग वर्गले अपाङ्ग वर्गलाई आरक्षण र विशेष विभेदीकरणको नीति पनि सोचिरहेका छन् । यसको अर्थ उनीहरू अपाङ्गहरूलाई समाजमा अपाङ्गकै हैसियतमा राख्न र मूल्याङ्कन गर्न चाहन्छन् । तर यो कलमकारको भनाइमा अपाङ्गहरूलाई अवसर र प्रतिभा प्रस्फुटन गर्ने वातावरण अर्थात् राज्य नीति र सामाजिक सकारत्मक दृष्टिकोणको अभाव छ । यो शारीरिक रूपले विशेष अङ्गले विशेष कार्य सम्पादन गर्ने हैसियत केही अपाङ्गहरू राख्दैनन् । समाजका हरेक व्यक्तिले सबै विधामा पारम्परागत र इच्छा पनि त राख्दैन । त्यसैले अवसर र अनुकूल वातावरणले अपाङ्ग जगत/वर्गमा मनोबल अभिप्रेरित गराउँछ । र उसले समाजका अन्य वर्ग सरह आफ्नो क्षमताको प्रदर्शनले समान हैसियत र नागरिकको हैसियत राख्ने दृढता राख्छ ।

## सूरदासः अर्थात् ज्ञानपुञ्ज

**डा. तुलसी भट्टराई**

धर्म, साहित्य र संगीत तीनवटै क्षेत्रका अद्वितीय प्रतिभावान् महाकवि सूरदास भारतको मध्ययुगका महान् विभूति मानिन्छन् । सूरदासको जन्म दिल्लीको छेउको एउटा गाउँमा विसं १५३५ वैशाख शुक्ल पञ्चमीका दिन भएको थियो ।
अति निर्धन शास्वत ब्राह्मण परिवारमा जन्मिएका सूरदास जन्मान्ध, अपाङ्ग थिए । यिनी अन्धो भएका कारण घर परिवारमा तिरस्कृत र अवहेलित थिए ।

तर यिनी बोल्न थालेपछि अर्थात् एक वर्षकै उमेरदेखि अचम्मको वाकशक्ति प्रकट भयो । पाँच वर्षको पुग्दासम्म ज्ञान गुनका कुरा बताउने, विभिन्न कथा र धार्मिक विषयका गीत रचेर गाउने अनि कुनै पनि आगन्तुक व्यक्तिको बोली सुनेर, उसँग एकछिन कुराकानी गरेकै भरमा उसको प्रकृति र बानी व्यहोरासमेत बताइदिन्थे ।

सूरदास दस एघार वर्षकै उमेरमा आफ्नो घर छोडेर हिँडी निकै टाढाको एउटा जङ्गल छेउको पाटीमा बस्न थाले । यिनी मानिसको भविष्यसमेत बताउन सक्ने भएका कारण अनि भजन र गीतहरू राम्रो स्तरमा गाउने भएकाले छेउ-छाउका गाउँलेहरू भेला भएर सेवा गर्न थाले । क्रमशः यिनी प्रसिद्ध हुँदै गए । **स्वामी** भनेर पुकारिने भए । चेला शिष्य मण्डलीहरू थपिँदै गए । यिनको बासस्थान ठूलो आश्रममा परिणत भयो ।

सूरदास त्यहाँबाट पनि विरक्तिए । उनी एकान्तमा बसेर साधना गर्न चाहन्थे । अनि एक दिन कसैले थाहा नपाई त्यस ठाउँबाट हिँडे । उनी आगरा र मथुराका बीचमा पर्ने गाउँघाट भन्ने ठाउँमा पुगेर बस्न थाले । त्यस बेला उनी अठार वर्षका मात्र थिए ।

त्यहाँ पुगेर पनि उनलाई एकान्त मिल्न सकेन । केही समय भित्रै उनलाई भेट्न र प्रवचन, भजन किर्तन सुन्न भीड लाग्न थाल्यो र त्यहाँ पनि आश्रम बनाइयो । पचासौं शिष्यहरू बस्न थाले । अनि उनका भजन, दोहा र पदावलीहरू भक्तजनलाई सुनाउने क्रमसँगै कृतिका रूपमा तयार हुन थाले ।

साहित्य लहरी, सारावली र सूरसागर नामबाट यिनका रचनाहरू हस्तलिखित रूपमा तयार हुँदै गए । वि. सं १८९५ तिर कलकत्ताबाट पहिलोपल्ट यिनको सूरसागर छापिएपछि भने हिन्दी साहित्य जगतका आदि महाकविका रूपमा स्थापित भए ।

यिनका कृतिहरू भागवत, पुराण र अन्य धार्मिक ग्रन्थका भावांश एवं कथा सारांशका आधारमा रचिएका सूरदासका काव्य एवम् सूरसागर नामक महाकाव्य अत्यन्तै प्रसिद्ध छन् । सूरदासलाई अंग्रेजी कवि 'होमर' सँग तुलना गरिन्छ । भारतीय वाङ्मय विशेषतः साहित्य जगत्मा सूरदास अमर बनेका छन् ।

सूर अर्थात् सूर्य । सूरका दास अर्थात् सूर्यको जस्तो तेजिलो प्रकाश दिएर अज्ञानरूप अन्धकार अटाउन समर्थ महाकवि सूरदास ।

भारतीय समाजमा आज पनि आँखा-चर्मचक्षु नभएका तर ज्ञानवान् र पठितहरूलाई 'सूरदास' भन्ने चलन छ । 'सूरदास' भनेपछि आँखा नदेख्ने तर अन्तज्ञानी र ध्यानी, सांसारिक प्रपञ्च मुक्त व्यक्ति भन्ने बुझिन्छ । यति बेला त प्रायः आँखा नदेख्ने व्यक्तिलाई अन्धो नभनेर 'सूरदास' भन्ने प्रचलन व्यापक भइसकेको छ ।

'अन्धो' शब्दले आँखा नदेख्ने । दुवै आँखा नभएको भन्ने अर्थ मात्र बुझिँदैन । वास्तवमा अन्धो भन्नाले विवेक बुद्धि नभएको, अज्ञानी र मुर्ख व्यक्ति बुझिन्छ । मनपरि जथाभावी गर्ने बेहोसी कुनै ध्यान विवेक नभएको मान्छे ।

त्यसैकारण भारतीय समाजमा अन्धा, अन्धोको सट्टा 'सूरदास' को प्रयोगले व्यापकता पाएको हो ।

हामी नेपालीहरूले पनि यसबाट ठूलो पाठ सिक्न सक्छौं । अर्थात् आँखा नहुने अन्धो होइन । आँखा भनेको बाहिर देखिने टोड्को मात्र होइन । आँखा भनेको ज्ञान हो, बुद्धि र विवेक हो । शिक्षा अध्ययन हो । जोसँग यी कुरा छैनन् त्यो आँखा भएर पनि अन्धो हो । तर जोसँग यी कुरा हुन्छन् त्यो यथार्थमा अन्धो होइन । त्यस्तो व्यक्ति सूर-सूर्य जस्तै हो । चम्किलो, तेजिलो र अरूलाई पनि ज्ञान दिने अनि अन्धकार हटाउने ।

## पोलियो (Polio) के हो ? यसले असर गरिसकेपछि के गर्ने ?

**देवकला पराजुली देवु**

झट्ट सुन्दा यसको अर्थ पोलाइ वा पोलेको भन्ने बुझिए पनि यसको वास्तविकता भने फरक छ । यो एक भाइरस (आँखाले देख्न नसकिने सुक्ष्म जीवाणु) द्वारा बच्चालाई आक्रमण गर्ने रोग हो । यसले बच्चाको Matar nerves (चल्न सक्ने नसा) लाई असर गर्छ । समयमै निदान भएन भने यसले बच्चालाई आजीवन अपाङ्ग बनाइदिन्छ । बच्चाको हात खुट्टा लुलो बनाउनेदेखि लिएर कहिले काहीं मस्तिष्कमा समेत अघात पुऱ्याई बच्चाको ज्यानसमेत जान सक्छ । पोलियोले बच्चा ६ महिना भएदेखि ५ वर्षसम्ममा आक्रमण गर्छ तर यो बच्चाको रोग प्रतिरोधात्मक शक्तिमा निर्भर रहन्छ । कुपोषित बालबालिकालाई यसले सहजै आक्रमण गर्न

सक्छ भने यसको रोकथामको मुख्य उपाय भनेको बच्चालाई पोषणमा विशेष ख्याल दिने, बच्चा ३ महिना भएपछि १/१ महिनाको फरकमा पोलियो थोपा खुवाउने र साधारण रुघाखोकी र ज्वरोमा पनि विशेष स्याहार गर्ने गर्नुपर्छ । यो फोहोर पानी र दूषित खानाबाट सर्छ ।

यद्यपि पोलियो रोग उन्मूलनरत रोग हो हाल यसका नयाँ रोगीहरू फेला नपरे पनि कहिले काहीँ विवादित (हेर्दा पोलियो जस्तै) रोगहरू भने देखा परिराखेका छन् । विकासोन्मुख देशहरूमा पोलियो उन्मूलनका लागि सरकारले राष्ट्रिय खोप दिवस पनि मनाउँदै आएको छ भने त्यस दिन ६ महिनादेखि ५ वर्ष मुनिका सबै बालबालिकालाई पोलियो खोप दिइँदै आएको छ । यसमा सबै जनाले आ-आफ्नो क्षेत्रबाट सहयोग गरे अपाङ्गको संख्या घटाउनमा अवश्य सहयोग मिल्छ ।

पोलियो लागिसकेपछि के गर्ने त ?

यो रोगले आक्रमण गरेका मध्ये ९५ प्रतिशत बच्चा रोग प्रतिरोधात्मक शक्तिका कारणले नर्मल अवस्थामा आउँछन् बाँकी जम्मामध्ये ३० प्रतिशत केही हप्ता वा महिनामा नर्मल अवस्थामा आउँछन् । ३० प्रतिशतमा सामान्य असर हुन्छ भने ३० प्रतिशतमा धेरै असर पर्छ जस्तो कि दुवै खुट्टामा प्यारालाइसिस हुने र बाँकी १० प्रतिशत मर्छन् ।

हाम्रो उद्देश्य रोग लाग्न नदिनु रहे पनि रोग लागिसकेर असर छाडिसकेपछि निकै संयमता अपनाउनुपर्छ । शरीरमा असर गरेर लुलो भइसकेपछि निको हुने सम्भावना नै रहँदैन र व्यक्तिलाई अब बिरामी पनि भनिँदैन । अब शरीरमा पोलियोका जीवाणुहरू पनि बाँकी रहँदैनन् । तर ऊ साधारण मानिसभन्दा केही भिन्न शारीरिकरूपले बाँच्नु पर्ने बाध्यता हुन्छ ।

यस अवस्थामा व्यक्तिलाई पुनःस्थापनाको अत्यन्त आवश्यकता रहेको हुन्छ । जुन हात या खुट्टामा लुलो भएको छ त्यस भागलाई त छँदै छ अन्य नर्मल भागलाई समेत बिग्रनबाट बचाउन सचेत हुनै पर्छ । यसले सबैभन्दा बढी असर गर्ने भाग खुट्टाहरू नै हो । कसै-कसैलाई हातमा समेत असर गरेको हुन्छ । तर पोलियो लागेका अधिकांश मानिसको मस्तिष्कमा कुनै किसिमको नराम्रो असर हुँदैन । साधारण मानिस सरह पढ्न लेख्न सक्छन् । बरु शारीरिक असरका कारणले घर र समाजमा गरिने फरक व्यवहारले नकारात्मक असर पर्न सक्छ । यस्तो बेला उनीहरूलाई पनि साधारण मानिस सरह समान व्यवहार गरी उचित अवसर दिनुपर्छ ।

पोलियोले असर गरिसकेपछि हुने शारीरिक विकृतिसँगै हिँड्दा वा बस्दा हुने असमानताले गर्दा स्पाइनल कर्ड (मेरुदण्ड) बाङ्गिन जान्छ भने लुलो भएको हात खुट्टामा पनि शंकुचन हुन सक्छ । गुमिसकेका मांसपेसीको तागतलाई तन्दरुस्त बनाएर हिँड्न नसकिए पनि त्योभन्दा बढी बिग्रन नदिन र आफू आफैमा निर्भर रहनका लागि शारीरिक व्यायम अर्थात फिजियो थेरापीको आवश्यकता पर्छ । यस अवस्थामा असरको प्रकृति हेरी कुनै बाह्य सपोर्ट लगाएर हिँडडुल गर्न सकिन्छ जस्तै AFO, KFO, HKFO इत्यादि लगाएर हिंडी आफ्नो मस्तिष्कको विकासलाई सकेसम्म बढी प्रयोग गर्न सकिन्छ ।

हिँड्दा वा बस्दाको अवस्था राम्रोसँग नमिली एकातिर ढल्किरहन गएमा मेरुदण्डको भाग बाङ्गिन गई मासुको डल्लो उठेझैं देखिन्छ । जुन काइफोसिस, स्केलियोसिस र लार्डोसिस गरी ३ किसिमको हुन्छ । यसले मानिसको शारीरिक आकारमात्र होइन भित्री अंगहरूलाई समेत असर गर्न सक्छ । यी यावत कुराहरूबाट बच्नुका साथै जीवन भिन्न शारीरिक अवस्थामा पनि सरल तरिकाले जिउनका लागि फिजियोथेरापी सख्त आवश्यकता छ । संकुचनको अवस्था जटिल बन्दै गयो भने अप्रेसन पनि गर्नुपर्ने हुन्छ । यसैले हामी सबैले बेलैमा सचेत बनौं सकेसम्म अबका सन्ततीलाई रोग लाग्नै नदिनका लागि हामीले पनि बेलैमा व्यायाम गराऔं अनि हामी त आजैदेखि सुरु गरौं । जसले जीवन रहुन्जेल आफैमा निर्भर रहेर बाँच्न सघाउ पुऱ्याइरहन्छ ।

devu_pa15@yahoo.co.in

हेरेको

## अपाङ्गलाई नेपालमा लोकतन्त्र आएन

ईश्वरी अधिकारी

करिब एक वर्षअघि मुलुकमा देस्रो जनआन्दोलन भयो । राजाको शासन गयो । मुलुकको संविधान फेरियो । सरकारी उच्च ओहोदामा राजनीतिक नियुक्तिहरू भए । संसद्मा १ सय ५ जना सांसद थपिए र साढे २ करोड नेपालीको प्रतिनिधित्व गर्नेको संख्या ३ सय ३० पुग्यो परन्तु मुलुकभर रहेका ३० लाखभन्दा बढी अपाङ्गको प्रतिनिधित्व कहीं कतै भएन ।

युगौंदेखि यो मुलुकमा जनताले संघर्ष गर्छन् आफ्नो मागका लागि र गोली खान्छन्, कैयौं घाइते बन्छन्, कतिको जीवन लीला समाप्त हुन्छ अनि मुलुकमा परिवर्तन आउँछ । सत्तामा नेताहरू पुग्छन् जनता जहाँको त्यहीं रहन्छन् । सम्पत्तिबाट सत्तासिन पार्टीहरूलाई चन्दा दिन्छन् तिनीहरूमध्ये एकाधले मुलुकको उच्च ओहोदा प्राप्त गर्छन् बाँकी जहाँको त्यहीं जस्ताको त्यस्तै । त्यही हालत छ आज भोलि अपाङ्गहरूको ।

मुलुकमा कुल जनसंख्याको १२ प्रतिशत अपाङ्ग रहेको भनिन्छ । सरकारी नीति निर्माणका तहमा उनीहरूको उपस्थिति छैन । अन्य कार्यालयमा रोजगारीको व्यवस्थासम्म अपाङ्गका लागि छैन । साङ्ग व्यक्ति सरह परीक्षामा प्रतिस्पर्धा गरेर बल्ल-तल्ल नियुक्ति पाएका नगन्य अपाङ्गहरूको पनि वृत्ति विकास हुनसकेको छैन । साङ्गले पाए सरह सहुलियत उनीहरूले पाउँदैनन् । यसरी सरकारी क्षेत्रमा उनीहरूमाथि विभेद हुन्छ भने समाजको पनि त्यही हालत छ । घरपरिवारमा पनि बलिया-बाङ्गा र कमाउन सक्ने छोरा, छोरी र कमजोर अपाङ्ग कमाउन नसक्ने सन्तानमाथि त्यत्तिकै विभेद हुन्छ, पक्षपात गरिन्छ ।

जुन मुलुकको राज्य व्यवस्थामा समानता हुँदैन, समानताका नाममा बलिया शक्तिधारीको मात्र पहुँच हुन्छ त्यो राष्ट्रको समाज र घरपरिवारमा पनि त्यस्तै प्रकारको विभेद हुन्छ । मुलुकको राज्यसत्ता समाजको अग्रणी र नेतृत्वदायी संस्था हो उसको हरेक कदमलाई त्यो देशको समाजले अनुशरण गर्छ त्यही समाजभित्र प्रत्येक मानिसको घरपरिवार रहेको हुन्छ । समाजले सिकाएका यावत् पाठ घरपरिवारका चाल-चलन र मर्यादाका विषय बन्छन् । आज हाम्रो राष्ट्रले त्यही सिकाएको छ । 'जसको शक्ति उसको भक्ति ।' अनि हरेक समाजले त्यही सिकेको छ त्यही समाजभित्र रहेको प्रत्येक घरपरिवारले सिक्ने र जान्ने विषय पनि त्यही भएको छ । 'जसका लाठी उसका भैंस' यही हो ३० लाख नेपाली अपाङ्गको वर्तमान अवस्था ।
हाम्रो धर्म र संस्कारले हामीलाई सिकाएको पाठ भनेकै

'बडाले जे गऱ्यो काम हुन्छ त्यो सर्वसम्मत,
छैन शंकरको नंगा मगन्ते भेष निन्दित ।'

जनताले खाई नखाई तिरेको करबाट संकलित राष्ट्रिय ढुकुटीको उपयोग गर्ने अधिकार प्राप्त व्यक्ति हाम्रो समाजको ठूलो मान्छे कहलिन्छ । उसले गरेका हरेक कुरा समाजका लागि निर्देशन बन्छ । उसले बोलेका हरेक शब्द महावाणी बन्छन् । किन कि ऊ ठूलो मान्छे हो । उसले गरेका सबै काम कारबाही ठूलै हुन्छन् कहीं कतै कसैले त्यसको निन्दा गर्दैन र गर्नुहुँदैन ।

ठूलाले गरेको सबै काम निन्दारहित भएझैं ठूलाका सबै चिज पनि ठूलै नातागोता आफन्त छोराछोरी यहाँसम्म ठूलाले पालेको कुकुर पनि ठूलै हुन्छ । त्यसैले त नागरिक

समाजलाई छुट्ट्याएको ४८ सिटमध्ये आठ दलले भागबण्डा गरे । जसमा राष्ट्र प्रमुखकी पुत्री सुजता सांसद बन्न पुगिन् । तर यहाँ कुनै अपाङ्गले स्थान पाएन । किनकि उनी ठूलाकी छोरी छन् । त्यो ठूलो दाउमा ठूलाकै सन्तान हुनुपर्थ्यो । तर यो समाजभित्र रहेर समाजका लागि अनगिन्ती योगदान गर्ने पढेलेखेका विद्वान् अधिवक्ता, प्रोफेसर, पत्रकार, कलाकारजस्तै अन्य कैयौं क्षेत्रमा भिजेका अपाङ्गहरूमध्ये कोही त्यो सांसद पदका लागि योग्य ठहरिएनन् । न त राजनीतिक नियुक्तिका पदहरूमा नै उपर्युक्त ठहरिए । यै हो यो राज्यको बिडम्बना ?

लोकतन्त्र प्राप्तिको आन्दोलनमा अपाङ्गहरू पनि बैसाखी, ह्विल चियर बोकेर उत्रिएका थिए । समाज सेवालगायतका क्षेत्रमा अपाङ्गको पनि साङ्ग सरह योगदान छ । समाजमा थोरै भए पनि पढेलेखेका, जानेबुझेका अपाङ्ग पनि कम छैनन् । साङ्ग व्यक्तिले सरह मुलुकलाई आयअनुसारको कर तिरेका छन् । त्यही कर खाएर मुलुकको राज्यसत्तामा मस्ती गर्ने उपल्लो तहका ठूला बडाहरू त्यही वर्गलाई उपेक्षा गरिरहेका छन् । समाजमा उनीहरूलाई दोस्रो दर्जाको नागरिक सरहको व्यवहार गरिरहेका छन् । योभन्दा लाचारीपना अरू के हुन सक्ला ?

यतिखेर मुलुकमा आठ पार्टीको बर्चस्व छ । राजनीतिक जीवनमा लामो समय जनता दुःख र पीडालाई बोकेर राज्यसत्ताको विद्रोह गर्दै आएका यी राजनीतिक दलहरू सत्तामा पुग्नासाथ तिनै जनताका समस्या बिर्सिएका छन् । भागबण्डाको लालसामा डुबेका छन् । २००७ सालको आन्दोलनपछि पनि यही भयो । २०४६ सालको परिवर्तनले पनि यही गर्‍यो । २०६३/०६४ को आन्दोलनले पनि त्यसको अतिरिक्त एउटा माखोसम्म मार्न सकेन । नेपाल जस्तो दरिद्र देशमा ३ सय ३० जना सांसद भर्ना गरियो । जसको सेवा सुविधालाई मुलुकको अर्थतन्त्रले थाम्न गाह्रो पर्छ । अझै संविधानसभाको निर्वाचनपछि ४ सय ९७ जना सांसद पुर्‍याइँदैछ । के सांसद संख्याको वृद्धिले मुलुकमा विकास हुन्छ ? समाजमा पिछडिएको वर्गको उन्नति हुन्छ ? यो केवल पार्टी कार्यकर्ता मोटाउने चालामात्र हो ।

संसारका कुनै पनि राज्य व्यवस्था निष्पक्ष सुशासित र समावेशी हुनुपर्छ । जहाँ सबै जात-जाति भाषा-भाषी र सबै वर्ग र तप्काका मानिसको समानुपातिक प्रतिनिधित्व हुनुपर्छ । यो नै एउटा असल शासनको सद्‌गुण युक्त राज्य संरचनाको नमुना हो जसको अभाव आज संसारका कैयौं देशहरू गृहयुद्धको भुमरीमा होमिएका छन् । नेपालले पनि झन्डै १२ वर्षसम्म यही प्रकृतिको सामना गर्‍यो । यति लामो समय जंगलमा बसेर बन्दुक बिसाएको दलले पनि समाजमा रहेका सबै वर्ग र तप्कालाई समेट्न सकेन जे जतिलाई समेट्यो ती केवल पार्टीका कार्यकर्ता र हिजोका छापामारमात्र रहे । के तिनै व्यक्तिले मात्र पार्टीलाई जनाधार प्राप्त हुन्छ वा समाजमा अरू पनि वर्ग छन् र ती बाँकी बचेका वर्ग र तप्काको पनि मन जित्नु आवश्यक छ ? सात पार्टीले न आफ्नो असली स्वरूप प्रदर्शन गरे हिजो निर्वाचन हारेर जन विश्वास गुमाएकालाई नै सांसदमा पुर्‍याए । तर हिजो निर्वाचन नलडेको र भोलि जनविश्वास लिनुपर्ने माओवादीले पनि मुलुकमा रहेका ३० लाख अपाङ्गको मन जित्न सकेन ।

समाजमा सबै खाले मानिस हुन्छन् । धनी गरिब बलिया निर्धा महिला पुरुष, साङ्ग, अपाङ्ग यी सबैको समाजमा समान अधिकार हुन्छ र हुनेगर्छ । जसरी मुलुक सबैको साझा हो त्यसरी नै राज्यसत्ता र शक्ति पनि सबैको साझा कर्मथलो हो । यदि आजको राज्यसत्ताले समानताको प्रत्याभूत गराउन सकेन भने भोलि फेरि अर्को विद्रोह हुन्छ यो यथार्थ हो । मानवीय स्वभाव हो । मुलुक हाँक्ने अधिकारीले यो वास्तविकतालाई बुझ्न सक्नुपर्छ । पार्टी पंक्तिले यस्ता कुरामा विशेष चनाखो हुनुपर्छ । तर आजसम्मका सत्ताधारीमा त्यो सद्‌गुण रहेन । विसं १९०३ सालसम्म राजा रजौटाहरूले ग्रामीण नायकका रूपमा मुलुक हाँके । १९०३ देख २००७

सालसम्म राणाहरूले चाकरीको आधारमा पद विभाजन गरे । २००७ सालपछि पार्टी सरकारले केवल आफू आफन्तवादको राज्य व्यवस्था सञ्चालन गरे । २०१७ सालपछि फेरि उही चाकरीप्रथा सुरु भयो । एक व्यक्तिको चाकरी गरेर भऱ्याङ चढ्ने । २०४६ सालपछि मनग्य पैसाको खोलो भयो आखिर जनताले राज्यसत्तामा आफ्नो अधिकार कहिल्यै पाएनन् । त्यसैको उपज २०६२/०६३ को जनआन्दोलन परन्तु आज पनि मुलुक त्यही गतिमा छ जुन हिजो र अस्ति थियो ।

पटकपटकका आन्दोलनले राज्यसत्ता परिवर्तन भयो, संविधान र कानुन परिवर्तन भए परन्तु मानसिकतामा कुनै परिवर्तन हुनसकेन, शासन प्रशासन उस्तै रह्यो । समाजको संरचना कुनै फेरवदल आएन । मानसिक सोचाइमा परिवर्तन भएन । पार्टी र व्यक्तिको हितलाई हेरेर नीति-नियम बनाइयो पद सिर्जना गरियो केवल कार्यकर्तालाई मात्र पुऱ्याउन उदाहरणका लागि अपाङ्ग आयोग र महिला आयोग । २०५२ सालताका महिला आयोग र अपाङ्ग आयोगको प्रस्ताव गरियो । महिला आयोग तत्कालीन सत्तासिन पार्टी कार्यकर्ता भर्ना गर्न हतार थियो र तत्काल गठन भयो तर अपाङ्ग आयोग अझै बनेन । त्यस्तै गरिबी निवारण कोष गठन भयो त्यति बेलाका सत्तासिन कार्यकर्ता नियुक्तिका लागि तर बनेन केबल अपाङ्ग आयोग जो यतिखेर चर्चाबाट समेत बिलाइसकेको छ ।

नेपालमा सिर्जना हुने कार्यालय र पदहरू केवल सत्तासिन पार्टीका कार्यकर्ताको आवश्यकतालाई हेरेरमात्र सिर्जना हुनेगरेका छन् । न कि मुलुकको र समाजको आवश्यकतालाई हेरेर । यदि मुलुकको आवश्यकताका आधारमा सिर्जना गरिन्थ्यो भने ३० लाखको संख्यामा रहेको अपाङ्ग आयोग धेरै पहिले गठन भई सक्नुपर्ने थियो जो अझै हुनसकेको छैन । समानुपातिक लोकतन्त्र मुलुकले चाहेको हो भने कम्तीमा ३० जना अपाङ्गको संख्या सदनमा आवश्यक थियो, त्यो पनि भएन । सञ्चार क्षेत्रलगायत राजनीतिक नियुक्तिमा एकजना अपाङ्ग परेन । राष्ट्रिय योजना आयोग निर्वाचन आयोग र लोकसेवा आयोगमा कम्तीमा १/१ जना अपाङ्ग राखिनु पर्थ्यो त्यसो पनि भएन । यसरी अपाङ्गहरूलाई राज्यव्यवस्थाबाट यावत क्षेत्रबाट तिरस्कार गरियो । यो अत्यन्त पक्षपाती र खेदपूर्ण कुरा हो ।

स्पष्ट शब्दमा भन्ने हो भने वर्तमान व्यवस्था पनि समानुपातिक लोकतान्त्रिक व्यवस्था होइन लोकतान्त्रिक व्यवस्थाका नाममा राजनीतिक दलहरूले गर्ने फट्याइँ हो । पार्टीहरूको भर्ती केन्द्र हो । राज्यकोषको रकम भागबण्डा, दामासाही गरी खाने व्यवस्था हो । यही तत्वलाई पुष्टि गरेको छ वर्तमान अवस्थाले । नेपालमा लोकतन्त्र केवल त्यसैलाई आएको छ जसको पार्टीमा हैकम चल्छ । जसको पार्टीमा राम्रो पहुँच छ । सर्वसाधारण र अशक्त समाजमा पिछडिएको वर्गलाई कहिल्यै लोकतन्त्र वा प्रजातन्त्र आएन उनीहरू हिजो जहाँ थिए जसरी थिए आज पनि त्यही छन् त्यसरी नै छन् । यसका लागि मुलुकले फेरि अर्को आन्दोलन गर्नुपर्छ ठूलो आन्दोलन जो २०६२/०६३ भन्दा निकै ठूलो र भयानक आन्दोलन । सायद त्यसपछि आउँछ कि मुलुकमा समानुपातिक र समावेशी लोकतन्त्र ।

समाप्त

हेरेको

अपाङ्ग आवाज

हे-देशका निम्ति अगाडि बढ्नेलाई

हजुर स्वागत गर्छौं आमन्त्रित सबैलाई
हजुर रुँदै कता जाउँ
न त कोही सहारा
हजुर न त बस्ने ठाउँ

हे समाजबाट नगरौं तिरस्कार
हजुर अपाङ्गलाई नसम्झ देशको भार
हजुर रुँदै कता जाउँ
.........................
.............................

हे- हिँड्दै छु म टेकेर बैसाखी
हजुर देश विकासमा बन्नेछु सहभागी
हजुर रुँदै कता जाउँ
............................
............................

हे- दृष्टिविहीन मनले देख्छन्
हजुर हात नहुने खुट्टाले लेख्छन्
हजुर रुँदै कता जाउँ
............................
............................

हे- शिक्षा दीक्षा अधिकारका छौं भोका
हजुर नबिर्सनु नागरिक हौं यो देशका
हजुर रुँदै कता जाउँ
.........................
.............................

हे- साङ्ग सरह माग्छौं अधिकार
हजुर बिदा हुन्छु सबैलाई नमस्कार
हजुर रुँदै कता जाउँ
.........................
.............................

सुरजा कुँबर अछाम बयालपाटा

## संविधानसभामा अपाङ्गहरूको भूमिका

अधिवक्ता कृष्णप्रसाद शर्मा

**सामान्य दैनिक चर्या गर्न शारीरिक वा मानसिक तवरले असमर्थ वा असक्षम भएको नेपाली नागरिकलाई अपाङ्ग सम्झनु पर्छ। सो शब्दले कानो, अन्धो, बहिरो, लाटो, लठेब्रो, लुलो, कुजो, लङ्गडो, खोरण्डो वा सुस्त मनःस्थिति भएको व्यक्ति समेतलाई जनाउँछ।**

यी माथिका शब्द अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ बाट सापट लिइएको हो । अर्थात् हाम्रो कानुनले गरेको अपाङ्गको परिभाषा यही नै हो । यी कतिपय शब्द अपमान र हीनताबोध गराउने खालका हुँदा-हुँदै पनि हाम्रो कानुनमा यी शब्द जस्ताको तस्तै छन् । राज्यको कानुनले को-को कस्तो अवस्थाका नागरिकलाई के नामले पुकार गर्ने भन्दा यी शब्दहरू अपाङ्गका लागि आधिकारिक हुन्छन् ।

नेपालको कानुनमा प्रयुक्त यी शब्दले अपाङ्गसम्बन्धी तथ्याङ्कहरूलाई झुटा सवित गरेको छ । सरकारी तथ्याङ्कअनुसार नेपालमा १ लाख ३ हजार ७ सय ५९ जना अपाङ्ग रहेको भनिएको छ । तर राज्यको कानुनमा गरिएको परिभाषालाई हेर्ने हो भने यो मिथाङ्क नै हो । यसले के संकेत गरेको छ भने सरकारमा रहेकाहरू अर्थात् राज्यको नीति निर्माणको तहमा पुगेकाहरूले कानुनका बारेमा जानकारी राख्न जरुरत ठानेका छैनन् । कानुन निर्माण गर्दा संवेदनशील हुँदैनन् । संयमित भाषाको प्रयोग गर्न जरुरी मान्दैनन् । शारीरिक कमजोरी भएकाहरूलाई पनि मान-सम्मानको भाषा प्रयोग हुनुपर्छ भन्ने सामान्य चेतनाको अभावका कारण राज्यको कानुनमा अन्धो र खोरण्डोजस्ता हीनताबोध युक्त शब्दावली प्रयोग भएका हुन् । यस्तो हुनुमा वर्गीय भेदभावले काम गरेको हो । यो ऐन सामन्ती राजाले आफ्ना प्रजाका लागि ल्याइबक्सेको हुँदा यी शब्द हुनुमा स्वाभाविकता थियो तर अब हामी नेपाली राजाका प्रजा  हुन इन्कार गरेर राजतन्त्रमाथि धावा बोल्दै त्यसको अन्त्यका लागि बनेको सरकारले हाम्रो भावनाको कदर नगरी राज्यको कानुनमा रहेका यिनै अपमानजनक शब्द राखिरहनाले यो सरकार सामन्तवादको निरन्तरता हो भन्ने देखिएको छ । नेपालमा आफ्नो लागि आफैले कानुन बनाउन पाउने पद्धतिको विकास हुन नसकेका कारणले यस्तो हुन पुगेको हो ।

विगत लामो समयदेखि नेपालमा आफू शासित हुने कानुन सरोकारवाला आफैले बनाउन पाउन पर्छ भन्ने विषयमा धेरै विवादहरू उठ्ने गरे तापनि यो वैज्ञानिक र प्रगतिशील विचारको अभ्यास गर्न पाइएको छैन । २००७ सालमा सामन्तवादका नाइके राजा त्रिभुवनले जननिर्वाचित प्रतिनिधिको वैधानिक सभाले गणतन्त्रात्मक संविधान निर्माण गर्ने घोषणा गरेको ५८ वर्षसम्म पनि हामी नेपाली सो अवसरबाट वञ्चित हुनु परेको छ । नेपालको अन्तरिम संविधान २०६३ को धारा ३३ (क) मा संवत् २०६४ जेठ महिनाभित्र संविधानसभा सदस्यको निर्वाचन सम्पन्न गर्ने जुन कुरा लेखिएको थियो सो कार्य गर्न वर्तमान राज्यसत्ताले जरुरी ठानेन र अरू केही वर्ष यो पुनित काम सम्पन्न हुने कुनै सम्भावना देखिएको छैन ।

प्राकृतिक कारणले अपाङ्ग हुने कुरालाई कसैले रोक्न छेक्न नसके तापनि मानिस आफ्ना कारणले वा अरू मानिसका कारणले अपाङ्ग हुने अवस्था आउने कुरालाई केही हदसम्म रोक्न सकिन्छ । विगतको सशस्त्र द्वन्द्वको समयमा धेरै नेपालीहरू अपाङ्गको पंतिमा लामबद्ध हुन पुगेका भए पनि वर्तमान सरकारको सत्ता साझेदार ने. क. पा. माओवादीले आफ्ना कारणले अपाङ्गको पंतिमा लामबद्ध निर्दोष नागरिकका लागि उचित व्यवस्था गर्नुको सट्टा आवाजसम्म पनि उठाउन सकेको छैन । नेपालको कानुनमा उल्लेख भएका आपत्तिजनक शब्दमा संशोधन हुनसकेको छैन । यसमा कोही कसैले सोच्ने फुर्सद छैन । वर्तमान संसद् र सरकार चेतना शून्य छ ।

नेपालमा रहेका कानुनमा अपाङ्गहरूको संरक्षणको कुरा उल्लेख भए तापनि त्यसको कार्यान्वयन हुनसकेको छैन । यतिसम्म कि अपाङ्गहरूलाई प्रचलित कानुनमा सम्मानजनक शब्दले सम्बोधनसम्म पनि गरिएको छैन । अपाङ्गहरूमा केही समय अगाडिसम्म आफ्नो अस्तित्वप्रति समेत निकै आत्महीनताबोध थियो । तर विगत केही वर्षदेखि यो अवस्थामा विस्तारै परिवर्तन हुँदै आएको छ । केही प्रतिशत अपाङ्गहरूले शैक्षिक प्रमाणपत्र हासिल गरेका छन् । केही प्रतिशतले रोजगारीको अवसर पाएका पनि छन् । कतिपय अपाङ्गहरू अहिले पनि पशु सरहको जीवन बिताउन बाध्य छन् । दुर्गम र अविकसित क्षेत्र वा चेतनाको अभाव भएका कतिपय क्षेत्रमा बसोवास गर्ने शिक्षाको कमी भएका अभिभावकहरूमा अपाङ्गहरूले पाउने अवसर र गर्न सक्ने कामको बारेमा ज्ञानको अभावका कारण ती वर्ग क्षेत्र र समुदायका अपाङ्गहरूको अवस्था नितान्त दयनीय रहेको हो । राज्य र राज्य सत्ताका मालिक ठान्ने राजनीतिक दलहरूमा पनि अपाङ्गहरूप्रतिको दृष्टिकोण स्पष्ट छैन । केही अपाङ्गहरूले अपाङ्गका नाउँमा संघ-संस्था खोलेर अपाङ्गहरूको नामबाट ठगी खाने गरेको पनि सत्य तथ्य हाम्रो समाजमा नपाइने होइन । यी कमी-कमजोरीका बाबजुद वर्तमान समयमा अपाङ्गहरूमा आफ्नो अधिकारप्रतिको सचेतना निकैहदसम्म बढेको छ ।

अपाङ्गहरूमा कतिपय शारीरिक र मानसिक कमजोरी, अहं र घमण्ड, हीनता र आवेगजस्ता कमजोरीहरू नभएका होइनन् । ती कमजोरी समाजमा रहने अन्य वर्गमा भन्दा यो वर्गमा केही हदसम्म धेरै हुने कुरालाई अपाङ्गहरूले स्वीकार गर्न र यस्ता खालका मानवीय अवगुणबाट सकेसम्म आफूलाई सच्याउने प्रयास गर्नुपर्ने

देखिन्छ । यसो गर्न सके अपाङ्गहरूको एकता बलियो हुने र एकात्मक रूपमा आफ्ना साझा अधिकार र आवाजलाई बुलन्द पार्न सजिलो हुनेमा दुईमत हुँदैन । यो महान् कार्यमा विभिन्न कारणले फाटो परेको देख्न पाइन्छ । अपाङ्गहरूले नै यस्तो खालको समस्यालाई आपसी समझदारीबाट हटाउन सके राम्रो हुने थियो ।
नेपालको कानुनी र संवैधानिक व्यवस्थालाई हेर्ने हो भने पछिल्लो समयमा समाजमा उपेक्षित र अपहेलित अवस्थामा रहेको यो वर्गको बारेमा थोरै ठाउँ पाउन थालेको आभाष हुन्छ । नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११(घ) मा शारीरिक वा मानसिकरूपले अशक्त वर्गको संरक्षण कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने अपवादात्मक अधिकार उल्लेख गरेको थियो । तर त्यसको लामो अभ्यासमा अपाङ्गको हित र रक्षाका बारेमा कुनै नयाँ र प्रभावकारी कानुन तर्जुमा गरी उचित व्यवस्था भने गरेको पाइएन । नेपालको अन्तरिम संविधान २०६३ का धारा १३(३), ३५(९)(१४) (१७) मा अपाङ्गहरूको अधिकारका बारेमा उल्लेख भए तापनि यी विषयको कार्यान्वयन भए नभएको बारे अदालतमा प्रश्न उठाउन नपाइने निरंकुश संवैधानिक व्यवस्था विद्यमान छ । राज्यमा पहुँच पुगेकाहरूले राज्यकोषको दुरुपयोग गर्न छुट छ तर प्राकृतिक र भवितव्यमा परी कष्टकर जीवन जिउन बाध्य परेको वा पारिएको यस वर्गको हित र संरक्षणका लागि गरिएको भनिएको राज्यको उपचारको व्यवस्था नहुनुले हाम्रो शासनको चरित्रलाई स्पष्टसँग देखाएको छ । वर्तमान सरकारले यो वर्गका लागि छुट्याएको बजेटभन्दा राजा ज्ञानेन्द्रका लागि धेरै छ । यसबाट राज्यको यो वर्गलाई हेर्ने दृष्टिकोण कति कमजोर छ भन्ने स्पष्ट पारेको छ । जन आक्रोस र घृणबाट जोगिनका लागि सरकारले अपाङ्गका लागि कनिका छर्कने काम भने गरेको छ । यसमा अपाङ्गको दीर्घकालीन समस्याको समाधान हुने कार्यक्रम भने यो सरकारसँग छैन ।
नेपाली जनताले अगाडि बढाएको विगत जनआन्दोलनमा अपाङ्गहरूको भूमिका पनि उल्लेख्य नै रहेको थियो । यो आन्दोलनका दौरानमा कतिपय नेपाली अपाङ्ग हुनपुगेका छन् । आम नेपालीको जस्तै यो वर्गमा पनि संविधानसभा भनेको के हो भन्ने विषयमा अन्योल रहेको छ । देशमा रहेका जनताले संविधानसभाका माध्यमबाट आफू शासित हुने संविधान आफैले बनाउन पाउनु पर्छ भन्ने यात्रामा हिँडेको बेला वर्तमान सरकारले संविधानसभा भाँड्न विभिन्न बाहना सिर्जना गरेको छ । २०६४ साल मंसिरमा चुनाव हुने विश्वास टुट्दै गए पनि नेपालमा कुनै एकदिन संविधानसभाको चुनाव हुने नै छ । सकभर घोषित मितिमा संविधानसभाको सुनिश्चितताको आवश्ययकता परेको छ । सम्पूर्ण अपाङ्गहरूले आ-आफ्ना आस्थाका राजनीतिक पार्टी संघ-संस्था एवं आस्थाका केन्द्रहरूमा अपाङ्गहरूको सहभागिताको सुनिश्चितता गर्न सकेमात्र र आफू र आफ्नो वर्गको आवाजलाई आफू शासित हुने संविधानमा सम्मानजनक स्थानको लागि सहभागी हुने अवसर मिल्ने हुन्छ । सो अवसर खोजीका लागि आग्रह र पूर्वाग्रह छाडी एकजुट हुने समयमा अपाङ्गहरू पनि चुक्न नहुने अनिवार्य भइसकेको छ । संविधानमा आफ्नो सम्मानजनक नाम, स्थान र अधिकारको संरक्षणका लागि संविधानसभाका बारेमा बुझ्न र नबुझेकाहरूलाई बुझाउन प्रयास गर्नु शिक्षित अपाङ्गहरूको दायित्व र कर्तव्य पनि हो । यसमा बौद्धिकहरूको सहयोग लिनु पर्छ भने सहयोग लिई अगाडि बढ्न जरुरी हुन्छ । यसरी आफू-आफूमा एकताको प्रयास आफ्ना साझा हक अधिकारहरूको पहिचानका साथ इमान्दार रूपमा अपाङ्गहरूले बेलैमा बुद्धिमतापूर्वक प्रयास गरेमा आगामी कानुन र संविधानमा अपाङ्गहरूले सम्मानजनक नाम र स्थान पाउन सक्ने अवसर मिल्न सक्ने अवस्था जीवन्त छ । इमान्दार प्रयास गरौं ।

कुराकानी

**सुदूरपश्चिमका अपाङ्गलाई हेर्ने केन्द्रीय दृष्टिकोण भिन्न छ ।**

**मदम महर**

# हरेक कुरामा पछाडि परेको सुदूरपश्चिमाञ्चलमा अपाङ्गको सवाल त झनै पछाडि परेको छ । तर पनि विस्तारै-

विस्तारै त्यस क्षेत्रका अपाङ्गहरू पनि आफ्नो हक-अधिकारका लागि सक्रियता बढाउने, संघ-संगठनहरू खोल्ने क्रममा क्रियाशील हुनथालेका छन् । पछिल्लो अवस्थामा त्यस क्षेत्रका अपाङ्गहरूले आफ्नो मुद्दालाई कुनै पनि निकायले चासो नदिएको र आफूहरू सबै क्षेत्रबाट पछि परेको महसुस गरी सरोकारवाला निकाय सबैलाई दबाब सिर्जना गर्ने उद्देश्यले एउटा सुदूरपश्चिम अपाङ्ग सशक्तीकरण सञ्जाल गठन गरेका छन् । सञ्जालको रणनीति र भावी कार्यक्रममा आधारित रही सञ्जालका महासचिव मदम महरासँग श्याम बसेलले गरेको कुराकानी प्रस्तुत छ ।

**सुदूर पश्चिम अपाङ्ग सशक्तीकरण सञ्जाल कस्तो खालको संस्था हो ?**

सुदूरपश्चिममा भएका सम्पूर्ण अपाङ्गहरूको साझा मुद्दा, सवाल एवं चुनौतीलाई अगाडि बढाई त्यसलाई सशक्त ढंगले उपयुक्त निकास दिलाउनका लागि अभियान स्वरूप गठन गरिएको एउटा संस्था हो ।

**यो संगठन निर्माण गर्नुको मुख्य उद्देश्य के हो ?**

सुदूरपश्चिममा बस्ने सबै प्रकारका अपाङ्गहरूमा चेतनाको विस्तार गर्ने, उनीहरूको सशक्तीकरणका लागि आवश्यक दबाब सिर्जना गर्ने, सुदूरपश्चिमका अपाङ्गको साझा स्रोत केन्द्रका रूपमा विकास गराउने, स्थानीय स्रोत साधनको उचित परिचालन गर्ने, समाजमा हामीलाई पछाडि पार्ने तत्वको खोजी गरी समस्याको समाधानको उपाय पत्ता लगाउने यसको मुख्य उद्देश्य हो ।

**सुदूरपश्चिममा अपाङ्ग संगठनहरूको अवस्था कस्तो छ ?**

;'b"/klZrddf ckfË ;+u7gx¿sf] cj:yf Psbd} gfh's 5 . d'Vo u/]/ o; If]qdf cfly{s Pj+ dfgjLo ;|f]tsf] sdL 5 . ckfË lj1x¿ 5}gg\ . s'g} klg ;+:yfx¿df ckfËx¿nfO{ ;dfj]zLs/0f ul/Psf] 5}g . ;/sf/L Pj+ u}/;/sf/L s'g} ;+3–;+:yfn] ckfËsf lglDt s'g} pNn]vgLo sfo{qmdx¿ kl/rfng u/]sf 5}gg\ To;sf/0f xfdLx¿ ;fË7lgs¿kdf klg Psbd} k5fl8 kfl/Psf 5f}+ .

**यो सञ्जाललाई किन सुदूरपश्चिममा मात्र केन्द्रित गर्नुभयो ?**

हेर्नुस् सुदूरपश्चिमका अपाङ्गहरूको अवस्था पूर्वका अपाङ्गको भन्दा फरक छ । केन्द्रबाट पनि यस क्षेत्रका अपाङ्गहरूलाई हेर्ने दृष्टिकोण भिन्न छ । हामीलाई हर क्षेत्रबाट पछि पारिएको छ र अझै विशेष गरेर यस क्षेत्रको आर्थिक, सामाजिक परिवेष, भाषा, संस्कृति र रहनसहन पनि एउटै भएका कारण यस क्षेत्रबाट दरिलोरूपमा अधि बढनुपर्ने आवश्यकता देखेर यस ठाउँमा मात्र सीमित गरेका हौं ।

**राष्ट्रिय अपाङ्ग महासंघको क्षेत्रीय संगठन हुँदाहुँदै यो सञ्जाल किन आवश्यक भयो ?**

राष्ट्रिय अपाङ्ग महासंघको क्षेत्रीय कार्यालय आफैमा बाउन्डेड छ । केन्द्रमुखी भएर चल्नुपर्ने उसको बाध्यता छ । केन्द्रलाई यहाँको अपाङ्गको समस्याको बारेमा बुझ्ने कुनै चासो रहेको देखिँदैन । क्षेत्रीय संगठनको कार्यक्षेत्रभित्रका वर्ग भए पनि उसको ध्यान नपुगेर यो सञ्जालको गठन गरेका हौं । अब हामी राष्ट्रिय अपाङ्ग महासंघले सुदूरपश्चिममा १० वर्षमा गर्न नसकेका अपाङ्गसम्बन्धी कामलाई हामीले ६ महिनामै पूरा गरेर देखाइदिने छौं ।

**दुईवटा सञ्जालहरूले कसरी कार्यक्रम अगाडि बढाउने त ?**

दुईवटा सञ्जाल भए पनि हामी महासंघले राम्रा कार्य गरेमा सहकार्य गर्न पनि तयार छौं । नत्र भने आ-आफ्नै किसिमबाट कार्य गर्छौं । हाम्रो आ-आफ्नै राणनीति छ । त्यसभित्र रहेर कार्य गर्दा सायद दुईवटा सञ्जालले खासै फरक नपार्ला । तर हामी यो सञ्जाललाई एकदमै दह्रो किसिमले अगाडि लैजान चाहन्छौं र यसमा सुदूरपश्चिमका सबै जिल्लाका संगठनहरूको आबद्धता पनि छ । हाम्रो विधानअनुसार अब सुदूरपश्चिममा कुनै पनि निकायले अपाङ्गसम्बन्धी कार्यक्रम हाम्रो सहमतिबिना गर्न पाउने छैन । यदि हामीलाई नसोधी कार्यक्रम गरेमा सबै

अपाङ्गले त्यस कार्यक्रमलाई नै बहिष्कार गर्ने छौं त्यस कारण हाम्रो यो अभियानलाई कुनै सञ्जालले असर पुर्‍याउँदैन । कसैसँग हामी संघर्ष गर्ने छैनौं यदि कसैले हामीलाई कमजोर ठानेमा हामी त्यसको सशक्त प्रतिवाद गर्न पनि तयार छौं ।

**स्रोत साधन कसरी जुटाउनुहुन्छ त ?**

यसका लागि अहिले तत्काललाई यस सञ्जालमा संस्थागत आबद्ध, सदस्यता एवं समकक्षी संस्थाबाट निश्चित रकम उठाउने छौं । पछि कार्यक्रम गर्दै जाँदा स्थानीय स्तरबाट नै स्रोत साधनहरूको निर्माण गर्न हामी सक्षम हुनेछौं ।

**यसलाई केन्द्रसँग कसरी Coordination (संयोजन) गर्नुहुन्छ त ?**

यसका लागि निकट भविष्यमा नै केन्द्रमा रहने एउटा सशक्त किसिमको व्यक्तिलाई छानेर प्रतिनिधि चुन्नेछौं । उहाँमार्फत हामीले केन्द्रमा रहेका विभिन्न संघसंस्था, व्यक्तिहरू एवं सरोकारवालाको सूची बनाई सहकार्यका लागि कार्यक्रम अगाडि बढाउनेछौं । हामी स्थानीयस्तरमा नै रहनेछौं तर केन्द्रसँग निरन्तररूपमा सम्पर्कमा रही कार्य गर्नेछौं ।

**हाम्रो यो पत्रिकामार्फत के भन्न चाहनुहुन्छ ?**

तपाईंहरूको यो पत्रिकामार्फत केन्द्रमा रहेका सबै संघ-संस्थाहरूलाई यो आवाज पुर्‍याउन चाहन्छौं- सुदूर पश्चिममा अपाङ्गहरूका समस्या धेरै छन् । तपाईंहरू आउनुहोस् यहाँको अवस्थाको अनुगमन गर्नुहोस् । तपाईंहरूसँग आर्थिक भौतिक जुनसुकैरूपमा पनि सहकार्य गर्न हामी तयार छौं । हामीहरूलाई सल्लाह र सुझाव दिनुहोस् तपाईंमार्फत सुदूरपश्चिमका सम्पूर्ण अपाङ्गहरूको तर्फबाट यही साझा आह्वान गर्न चाहन्छु ।

# बहिरा-दृष्टिविहीन तथा बहु-अपाङ्ग बालबालिकाको शिक्षा र तालिम

माधवप्रसाद अर्याल

**भूमिका :**

नेपालका अपाङ्ग बालबालिकाका लागि सरकारले सुरु गरेको शिक्षा सेवा ४.५ दशक पुगिसकेको छ । अपाङ्ग व्यक्तिको गास, बास तथा सुरक्षाको प्रत्याभूति गरेको (मुलुकी ऐनले १९%) समेत १६ दशक नाघिसकेको छ । सं.रा. संघले सबैका लागि मानवअधिकारको प्रत्याभूति गरेको पनि झन्डै ६ दशक (सन् १९४८) पुगेको छ । बौद्धिक अपाङ्ग र अन्य अपाङ्ग व्यक्तिका लागि किटानी गरेको संयुक्तराष्ट्रसंघका अधिकारमुखी घोषणाले क्रमशः ३ (सन् १९७१) र २ (सन् १९७५) दशक नाघिसकेको छ । सरकारले अपाङ्ग बालबालिकाको निःशुल्क शिक्षाको नियमित सेवा दिन थालेको ३ दशक पुगिसकेको छ । कल्याणकारी गै.स.स. हरूले अन्तर्राष्ट्रिय गै.स.स. को सहयोगमा पुनःस्थापनका विविध सेवा दिन थालेको ४ दशक पुग्न लागेको छ भने स्वावलम्बी संस्थाहरूले सेवा दिनथालेको कार्यक्रमले पनि २ दशक समेटेको छ । अपाङ्ग कल्याण तथा संरक्षण ऐन २०३९ ले समेत २ दशक नाघिसकेको छ भने यसै ऐनलाई लागू गर्न बनाएको नियमावली २०५१ ले पनि १ दशक नाघेको छ ।

**विद्यमान अवस्था :**

अपाङ्ग व्यक्तिको अनुमानित संख्या २४/२५ लाख ( WHO ले अनुमान गरेको १० प्रतिशत को आधारमा) रहेको मा १२ वर्षको द्वन्द्वबाट करिब ६ लाख व्यक्ति थप अपाङ्ग भएको अनुमान गर्दा हाल सरोकारवाला स्वावलम्बी संस्थाहरूले ३० लाख अपाङ्ग व्यक्ति रहेको अनुमान गरेका छन् । हालसम्म सरकारी, अन्तर्राष्ट्रिय/राष्ट्रिय कल्याणकारी एवं स्वावलम्बी संस्थाहरूले ४ प्रकारका (शारीरिक, दृष्टिविहीन, बहिरा तथा

बौद्धिक) अपाङ्ग बालबालिकाका लाईमात्र आफ्नो सेवा क्षेत्रभित्र समेटेका छन् । हालसम्म करिब १५,००० अपाङ्ग बालबालिकाले शिक्षा सेवा बाट, करिब १,००० ले विभिन्न क्षेत्रमा रोजगारी प्राप्त गरेर र करिब ३,००० ले विभिन्न संघ-संस्थाहरूको सी.वी.आर कार्यक्रम अन्तर्गत सञ्चालित स्वरोजगारबाट लाभान्वित भएका छन् । यस्तै सन १९८० मा गरिएको अपाङ्ग व्यक्तिको नमुना सर्वेक्षणले ३ प्रतिशत अपाङ्ग व्यक्तिमध्ये ११ प्रतिशत बहुअपाङ्ग रहेको तथा सन् २००१ को अपाङ्गहरूको स्थिति विश्लेषणले सम्पूर्ण १.६३ प्रतिशत अपाङ्ग व्यक्तिमध्ये ०.५१ प्रतिशत बहु अपाङ्ग व्यक्ति रहेको जनाएको छ । जुन नेपालको सन्दर्भमा धेरै मात्रामा रहेको अनुमान गरिएको छ ।

**समस्या :**

- ४ प्रकारका भिन्न-भिन्न प्रकृतिका अपाङ्ग बालबालिका तथा व्यक्तिहरूले केही न केही सेवा प्राप्त गरिरहेको अवस्था छ । तर पटक्कै सेवा प्राप्त गर्न न सकेको र आफ्नो पहिचान कायम गर्न नसकेको समूह भने बहु-अपाङ्ग रहेको छ ।
- बहिरा-दृष्टिविहीन र जन्मदै र कुनै कारणले अपाङ्ग हुने बित्तिकै घर-परिवार तथा समाजबाट तिरष्कृत/अपहेलित भई कष्टकर जीवन व्यतित गर्नुपर्ने तीतो पीडा बोकेका एकल प्रकृतिका अपाङ्ग व्यक्तिको दाँजोमा यो समूह (बोल्न, सुन्न, चलहल गर्न पनि नसक्ने अवस्थामा रहेकाले) घर-परिवार, समुदाय तथा बाहिरी संसारबाट अलग्गै बिनाकारण अन्धकार भविष्यका साथ बाँच्न बाध्य पारिएको छ ।

**बहिरा-दृष्टिविहीन र बहु-अपाङ्ग हुनाका कारण :**

क. बहिरा-दृष्टिविहीन र बहु-अपाङ्ग हुने कारणहरूमा आनवंशिक (genetic)
ख. समय अगावै जन्म हुनु ।
ग. गर्भवती अवस्थामा रुवेला नामक ज्वरो आउनु र उमेरगत कारण आदि पर्दछन् ।

**बहिरा-दृष्टिविहीन र बहु-अपाङ्गताको प्रकार :**

१. आनुवंशिक (genetic) कारणबाट बिस्तारै देख्न-सुन्न कम हुँदै बहिरा-दृष्टिविहीन हुन पुग्नु ।
यसलाई Usher's Syndrome भनिन्छ ।
२. समय अगावै जन्मेका बालबालिका सुस्तमनःस्थिति (बौद्धिक अपाङ्ग) र मस्तिष्क पक्षघात बढी हुन सक्छन् ।
३. रुवेला ज्वरोले गर्दा बहिरा-दृष्टिविहीन तथा सुस्तमनःस्थिति र अल्प दृष्टियुक्त हुन सक्छन् ।
४. उमेर बढ्दै गएपछि सुन्ने र देख्ने क्षमतामा कमी हुँदै गई पछि बहिरा-दृष्टिविहीन हुन सक्छन् ।

**रोकथाम र उपचार :**

- यसको रोकथाम गर्ने कार्य अति नै कठिन छ । बहिरा-दृष्टिविहीन र बहु–अपाङ्ग भएपछि मात्र थाहा पाइन्छ । तसर्थ प्रशस्त जनचेतनाका कार्यक्रम सञ्चालन गर्नु जरुरी हुन्छ ।
- बच्चा जन्मिएपछि सुन्न सक्छ/सक्दैन, देख्न सक्छ/सक्दैन, वातावरणसँग प्रतिक्रिया देखाउँछ/देखाउँदैन र संवाद/संकेत आदि बाट सञ्चार गर्न सक्छ/सक्दैन भन्ने कुराहरूमा आमा बाबु र अभिभावकहरू चनाखो हुनु पर्छ ।
- शंकालागेमा सम्बन्धित चिकित्सक, मनोविश्लेषणक, विशेष शिक्षक, अपाङ्ग विशेषज्ञ, मनोचिकित्सक र बाक तथा श्रवण विशेषज्ञ, दृष्टिविहीन विशेषज्ञ कहाँ उपचारका लागि सम्पर्क राख्न पठाउने सल्लाह दिनुपर्छ ।

**प्रारम्भिक पहल :**

- विशेष शिक्षक स्वयम्ले वा सी.वी.आर. कार्यकर्तामार्फत बहिरा-दृष्टिविहीन र बहु-अपाङ्ग बालबालिका पहिचान गरी आमा बाबु/अभिभावकलाई त्यस्ता बालबालिकालाई स्याहार-सुसार गर्न र दैनिक जीवनका क्रियाकलापमा उचित तवरमा गराउन सञ्चार गर्न लगाउन सल्लाहका साथै तालिम दिने ।
- सम्बन्धित चिकित्सक वा स्वास्थ्य केन्द्रहरूमा वा जिल्ला लेखा जोखा केन्द्रमा अभिभावकहरूलाई सम्पर्क राख्न पठाउने ।

**मानव तथा स्रोत साधन विकास :**

हालसम्म तीन जना शिक्षकले बहिरा-दृष्टिविहीन र बहु-अपाङ्ग बालबालिकालाई शिक्षण गर्न भारतबाट विशेष तालिम प्राप्त गरिसकेका, ८ जनाले सी.बी.आर तर्फको विशेष तालिम भारतबाट नै लिएका छन् । शिक्षाविभाग, समाहित शिक्षा शाखाको समन्वयमा पूर्वाञ्चलका इलाम, झापा, मोरङ, सुनसरी र धनकुटा, मध्यमाञ्चलको काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रे र पश्चिमाञ्चलको नवलपरासी, कपिलवस्तु, रूपन्देही, पाल्पा र अर्घाखाँचीका जिल्लाका ४० जना विशेषशिक्षकले बहिरा-दृष्टिविहीन र बहु-अपाङ्ग सम्बधमा अभिमुखीकरण तालिम प्राप्त गरिसकेका छन् । सी.बी.आर. अन्तर्गत काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा गृह शिक्षण र दैनिक जीवनका तालिमका लागि आमाबाबु तथा अभिभावकहरूलाई सरसल्लाह र तालिम दिने कार्यमा निरन्तरता दिएको छ ।

**अभिभावक जागरण तालिम :**

- बहु-अपाङ्ग बालबालिकाले पनि शिक्षा/तालिम र पुनःस्थापनका सेवाहरू प्राप्त गर्न सक्छन् र पढ्ने, सीप सिक्ने उनीहरूको पनि अधिकार हुन्छ । बोल्न, देख्न नसके पनि मस्तिष्कको अवस्था ठीक छ भने शिक्षा/तालिम लिन सक्छन् । शिक्षा र तालिम प्राप्त गरेकाले रोजगारीबाट आय-आर्जन गर्न सक्छन् । दैनिक जीवनका सीप सिकेकाले एकल अपाङ्ग व्यक्ति झैं पुनःस्थापित हुन सक्छन् भन्नेकुरा प्रचार-प्रसार गराउनु पर्दछ ।

**शिक्षा र काक्षाकोठा व्यवस्थापन :**

- समाहित शिक्षाले सबै बालबालिकालाई अधिकारका रूपमा शिक्षा/तालिम दिनु पर्छ भनी वकालत गरेको छ ।
- सबैका लागि शिक्षा अभियानले पनि सन् २०१५ सम्ममा सबै बालबालिकाको पहुँच शिक्षामा भइसक्नु पर्ने जनाएको छ ।
- अतः बहिरा-दृष्टिविहीन र बहु-अपाङ्ग बालबालिकालाई पनि शिशु कक्षा र पूर्व प्राथमिक कक्षादेखि नै समाहित गर्नका लागि विद्यालयमा भर्ना गर्न आवश्यक चाँजो-पाँजो मिलाउने बेला आइसकेको छ । यसै सन्दर्भमा विगत दस वर्ष यस क्षेत्रमा लागि पर्दै अंकुर समाहित शिक्षा प्रतिष्ठानले ७ वर्षदेखि सी.बी.आर. अन्तर्गत तालिम प्राप्त गरी विद्यालय जान उपर्युक्त भएका ४ जना दृष्टिविहीन बहिरा बालबालिकालाई नक्सालस्थित बहिरा बालकको विद्यालयमा (२००५ नोभेम्बर देखि) सञ्चालित बहिरा-दृष्टिविहीन एकाईमा अध्ययनका लागि पठाएको छ भने अंकुर विद्याश्रममा २०६४ जेष्ठदेखि ६ जना बहिरा-दृष्टिविहीन तथा बहु-अपाङ्गलाई समाहित शिक्षाको अवधारणाअनुसार नेपालमा प्रथमपटक पठनपाठन सुरु भएको छ ।

**एवम् रितले कक्षा कोठा व्यवस्थापन पनि निम्न अनुसार गर्न गराउन सकिन्छ :**

क. बहिरा-दृष्टिविहीन र बहु-अपाङ्ग बालबालिकालाई उपयुक्त हुने गरी विद्यालयको हाताभित्रको एक कोठा वा कक्षाको एक छेउमा राख्ने व्यवस्था गर्ने । आफू स्वयं र अभिभावक वा सहयोगी व्यक्तिको सहायतामा पठन-पाठनका लागि पूर्व क्रियाकलाप सञ्चालन गर्ने । स्रोत कक्षामा दैनिक जीवनका क्रियाकलापका पूर्व सीपहरू सिकाउने ।

ख. खास-खास समयमा पूर्व क्रियाकलाप सिकेकालाई नियमित कक्षामा ल्याउने र राम्ररी स्पर्ष सञ्चार गर्न सकेपछि क्रमशः कक्षागत कार्यक्रम बढाउँदै लैजाने ।

**बहिरा-दृष्टिविहीन र बहु-अपाङ्ग बालबालिकालाई शिक्षण क्रियाकलाप गर्न गराउन निम्न तरिकाहरू अवलम्बन गर्नुपर्दछ :**

- विभिन्न उपयुक्त शैक्षिक सामग्रीका साथ स्पर्ष सांकेतिक भाषाबाट सञ्चारको विकास गराउने ।
- दैनिक जीवनका क्रियाकलापका साथै चिज, वस्तु, वातावरणका विषयमा धारणाको विकास गराउने ।
- दैनिक जीवनमा प्रयोगमा आउने चीज-बीज, खानेकुरा, लुगाफाटा र वातावरणसित र अन्य धेरै सम्पर्कमा आउने यथार्थ वस्तुसँग सम्बन्धित शब्दका प्रथम अक्षर स्पर्ष संकेतबाट भाषिक ज्ञान वृद्धि गराउने ।
- अक्षर-वस्तु-शब्दको धारणा विकास भई सञ्चार गर्न थालेपछि क्रमशः स्पर्ष सांकेतिक भाषा सुरु गर्दै जाने ।

- स्पर्ष सांकेतिक भाषा सिक्ने पक्षमा विकास हुन थालेपछि क्रमशः ब्रेल आकार छाम्न लगाउने ।
- ब्रेल आकारमा भिन्नता छुट्याउन थालेपछि ब्रेल लेख्न पढ्न सिकाउन थाल्ने ।

  प्रत्येक बहिरा-दृष्टिविहीनले क्रमैसँग दुई भाषा (स्पर्ष सांकेतिक र ब्रेल लिपिमा) सञ्चार गर्न सक्ने हुनाले स्रोत शिक्षकले धैर्यता पूर्वक यस्ता बालबालिकालाई बहुविधि स्पर्ष प्रणालीबाट शिक्षण गर्ने ।
- बहु-अपाङ्गले पनि आ-आफ्नो प्रकृतिअनुसार सीप सिक्न, पढ् लेख गर्न सक्ने हुनाले उनीहरूलाई पनि बहुविधि प्रणालीबाट शिक्षण गर्ने ।

बहिरा-दृष्टिविहीन र बहु-अपाङ्ग बालबालिका पनि हल्का, मध्यम र तीव्र प्रकारका हुनेहुँदा सोही अनुकूल सबैलाई समाहित शिक्षाकै अवधारणाअनुसार शिक्षण सिकाइ र दिन चर्याका सीप/तालिम प्रदान गर्नुपर्दछ ।

*अपाङ्गहरूको समावेशीकरण कसरी गर्न सकिन्छ ?*

मुख्यरूपमा अपाङ्गहरूलाई सशक्त बनाउने प्रक्रियाले नै उनीहरूको सामाजिक रूपान्तरण हुने गर्दछ । त्यसका लागि साङ्गहरूले अपाङ्गलाई हेर्ने दृष्टिकोणमा परिवर्तन गर्नेपर्ने हुन्छ । साङ्गहरूमा अपाङ्गहरूमा पनि मानिसमा हुने विलक्षण क्षमता विद्यमान हुन्छ र समाजमा ऊ एउटा असल परिवर्तनको बाहक बन्न सक्छ भन्ने सोचको विकास गराउन सबै अपाङ्गहरूको सामाजिकरूपान्तरण सम्भव छ । त्यसकारण अपाङ्गहरूको सामाजिक रूपानतरका लागि सर्वप्रथम अपाङ्गहरूलाई नै सशक्त बनाउने र सँगै साङ्गहरूको सोच र दृष्टिकोणमा रूपान्तरण गर्नुपर्दछ । यो यस्तो सामाजिक प्रक्रिया हो जसमा सर्वप्रथम अपाङ्गहरूमा लुकेर रहेको प्रतिभा र क्षमताबारे बुझ्न सक्ने क्षमता साङ्गहरूमा विकास होस् ।

*द्वन्द्वमा परेर अपाङ्ग भएकाहरूलाई सामाजिक मूलधारमा ल्याउन के गर्नुपर्ला ?*

द्वन्द्वका कारण अपाङ्ग भएकाहरूको संख्या सशस्त्र द्वन्द्वको बेलामा धेरै नै वृद्धि भएको छ । उनीहरूलाई समाजको मूल धारमा ल्याउन तीनवटा काम गर्नुपर्दछ भन्ने लाग्दछ । पहिलो काम उनीहरू के कसरी अपाङ्ग बन्न पुगे त्यसको समुचित राजनीतिक व्यवस्थापन र सम्मान, दोस्रो उनीहरूको क्षमता र दक्षताका आधारमा सामाजिक काम अर्थात् जिम्मेवारी प्रदान तथा सीपको विकास गर्ने अवसर । यी तीन आधारभूत पक्ष, जसलाई काम, माम र सम्मान पनि भन्न सकिन्छ कि निष्पक्ष व्यवस्थापनले उनीहरूलाई सामाजिक मूलधारमा ल्याउन सकिन्छ ।

*देशका ३० लाखभन्दा बढी अपाङ्गहरूलाई संविधानसभा निर्वाचनमा सूचीकृत नगरिनुलाई मानवअधिकारवादीको दृष्टिले कसरी लिनुभएको छ ?*

वास्तवमा यो समावेशी लोकतन्त्रको खिलाफमा छ । मानवअधिकार कर्मीको नाताले त झन् यो समकालीन नेपालमा गम्भीर भूल हो भन्न सकिन्छ । अपाङ्गहरूलाई सूचीकृत नगरिनुको अर्थ आन्दोलनलाई अवहेलना गर्नु हो । वास्तवमा यही संविधानसभाको निर्वाचनको निर्णय गराउनमा धेरै साङ्गहरू अपाङ्ग बनेको वास्तविकतालाई यो निर्णयले बेवास्ता गरेको छ । मैले यसलाई हिँडिसकेपछि बाटो मेट्ने उखानको चरितार्थ भएको ठानेको छु ।

*देशमा भएका दर्जनौं मानवअधिकारवादी संस्थाहरूले अपाङ्गहरूको मानवअधिकार बारे किन बोल्दैनन् ?*

मलाई मानवअधिकारवादी संस्थाहरू पटक्कै बोलेका छैनन् भन्ने चाहिँ लाग्दैन । अपाङ्गहरूको बारेमा मानवअधिकारवादी संस्थाहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै क्षेत्रमा आवाज उठाएका छन् । सामाजिक न्यायका बारेमा वकालत पनि गरेका छन् । यद्यपि जुन हदमा अपाङ्गहरूको मानवअधिकारको विषयलाई प्राथमिकता दिनु पर्ने हो त्यो भने भएको छैन । त्यो सत्य हो ।

*तपाईं र तपाईंको संस्थाले अपाङ्गको बारेमा के कस्तो कार्यक्रम गर्ने प्रतिबद्धता जाहेर गर्नुहुन्छ ?*

हाम्रो संस्था मानवअधिकारलाई सामाजिकरूपान्तरण गर्ने साधनका रूपमा उपयोग गर्ने लक्ष्य लिएको संस्था हो । त्यसैले यसले मानवअधिकारको आर्थिक, सामाजिक र साँस्कृति अधिकारको संरक्षणमा मुख्य ध्यान केन्द्रित गर्दै सबै खाले मानवअधिकारको रक्षा सम्वर्धन र प्रवर्धन गर्ने उद्देश्य राखेको छ । त्यसैले स्वाभाविकरूपमा समाजमा विद्यमान अपाङ्ग समुदायको सामाजिक तथा आर्थिक अधिकारको सुनिश्चितता कायम गर्न हाम्रो संस्था क्रियाशील रहन्छ । तत्काल अपाङ्गहरूका लागि भनेर विशिष्ट कार्यक्रम नभए पनि हामी भविष्यमा यस विषयमा मुख्यतया अपाङ्गहरूको अधिकार स्थापित गर्न वकालत गर्ने (Advocacy) कार्यक्रमसहित अघि बढ्ने छौं ।

## *नीति-नियम कागज र भाषणमा मात्र किन ?*

*सरकारले उत्पीडित तथा पिछडिएका वर्गको उत्थान र विकासका लागि एवं लैङ्गिक तथा बाल अधिकारको मूल प्रवाहीकरण कार्य निर्देशिका २०६१ समेत तयार पारेर जिल्लास्तरसम्म विद्यमान लैङ्गिक विभेदलाई हटाउने तथा समावेशीकरणको माध्यमबाट अवसरबाट वञ्चित समुदायलाई समाहित गर्दै लैजाने तथा सकारात्मक विभेदका रूपमा अवसरबाट वञ्चित वर्गको उत्थान गर्ने नीति कागजीरूपमा मात्र सीमित छ ।*

त्यस्तै गरी अपाङ्ग सेवा राष्ट्रिय नीति २०५३ ले पनि अपाङ्गहरूलाई सरकारी र गैरसरकारी निकायहरूमा रोजगारीको अवसर उपलब्ध गराउन आवश्यक कार्य गर्नका साथै पुनःस्थापनालगायत अन्य क्रियाकलापका लागि गैससहरूलाई सक्रिय गराउने नीति लिइनेछ भनिएको छ । अपाङ्ग सेवा राष्ट्रिय कार्ययोजना २०६० ले पनि अपाङ्गता पुनःस्थापनका साथ-साथै तालिम र रोजगारीको विषय निर्धारित गरेको छ । यसका साथै अपाङ्गता भएका व्यक्तिहरूको जीवन सहज र सम्मानित तुल्याउने उद्देश्य अनुरूप विभिन्न कार्यक्रमका अतिरिक्त तालिम र रोजगारलाई लक्षित गरेको बेहोरा अपाङ्ग सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना २०६१ ले प्रस्तावित गरेबमोजिम २०६३ मा अन्तर्राष्ट्रिय अपाङ्ग जनपरिषद् एसिया प्रशान्त क्षेत्र काठमाडौं घोषणापत्रमा समेत सरकारी तथा गैरसरकारी निजी क्षेत्रमा अपाङ्ग व्यक्तिको रोजगारीको विद्यमान स्थितिमा सुधार ल्याउन तालिम र रोजगारीको सुनिश्चित गर्न सकारात्मक विभेदको नीति लिइने आरक्षणको व्यवस्था उल्लेख भएको छ ।

यसरी नै शासकीय सुधार कार्यक्रम कार्यान्वयन नीति २०६१ बमोजिम लैङ्गिक मूलप्रवाहीकरण एवम् सामाजिक समावेशीकरणका माध्यामबाट सुशासनमा टेवा पुऱ्याउन यो नीति लागू भएको ५ वर्षसम्मका लागि खुला प्रतियोगिताद्वारा निजामति सेवामा प्रवेशका लागि छुट्याइएको रिक्त पदमध्ये महिला, जनजाति, दलित र अपाङ्गहरूका लागि बढीमा ४५ प्रतिशत पद छुट्याउने भनिएको छ । त्यस्तै दसौं पञ्चवर्षीय योजनामा पनि अपाङ्गहरूको रोजगारीको सन्दर्भमा तोकिएको र अपाङ्गहरूका लागि अवसर समानीकरणसम्बन्धी प्रमाणिक नियमहरू सन् १९९४ संयुक्त राष्ट्र संघको घोषणामा समेत नेपाल सरकारले हस्ताक्षर गरिसकेको छ । उक्त नियमको नं. ७ मा रोजगारसम्बन्धी स्पष्टरूपमा अपाङ्गहरूलाई पक्षपात गर्नु हुँदैन र रोजगारीमा कुनै बाधा पुऱ्याउन हुँदैन आदि उल्लेख भएको छ । यसका साथै नियम ८ मा आम्दानीको स्थायित्व र सामाजिक सुरक्षाका बारेमा पनि व्याख्या गरिएको छ तर व्यवहारमा ल्याउन ज्यादै कन्ज्युस्याइँ गरिएको छ । अपाङ्गता भएका नागरिकहरूले रोजगारीका लागि गरेको प्रयासलाई सबलाङ्ग नागरिकहरूलाई नै प्रोत्साहन दिएर अपाङ्गताहरूलाई हिंसाका साथ लत्याइको छ । साना-तिना छिटफुट तालिम र गोष्ठीमा मात्रै अपाङ्गहरूलाई सीमित गराउनका साथै पुनःस्थापना सेवाका लागि केवल कनिका छर्ने काममात्र हुन सकेको छ ।

यसै प्रसंगमा एकातिर वर्षौंदेखि शारीरिकरूपमा पीडित अपाङ्गताहरूलाई झन् मानसिकरूपमा समेत अस्वस्थ र पीडा थप्ने काम भएको छ । शिक्षा विभाग समाहित शिक्षा शाखाबाट समेत विशेष शिक्षा लागू भएका स्रोत शिक्षा अन्तर्गत लेखाजोखा केन्द्रमा संयोजक नियुक्ति गर्दा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिता दिई नियमानुसार नियुक्ति गर्ने भनी मिति २०६१/१०/६ गते सानो ठिमी भक्तपुरबाट तोकिएकोमा पनि अपाङ्गतासँग सरोकारै नभएको सबलाङ्ग व्यक्तिलाई नै नियुक्ति गरी अपाङ्गहरूलाई रोजगारीबाट वञ्चित

गराएको छ । सफल कार्यका लागि प्रेरणा र हौसलाका साथ अघि बढ्न दिनुका सट्टामा पटकपटक लिखित परीक्षा पास गरे पनि अन्तर्वार्तामा फेल गराएर झन् अन्धकारतर्फ धकेल्ने काम भएको छ । अर्कातिर छिटफुटरूपमा कार्य गर्न अवसर पाएका अपाङ्गहरूलाई कार्यालयमा काम गर्ने उच्च अहोदाका व्यक्तिहरूबाट हिंसा गर्नुका साथै धेरै काम थुपारी दिने र सम्पन्न कार्यको समेत सही मूल्यांकन गरिएको छैन ।

नीति–नियम कागजमा र खोक्रो भाषणमा मात्रै सीमित भएका छन् । व्यवहारमा पञ्चायतीकाल यथावत नै रहेको छ । बहुदलीय प्रजातन्त्र हुँदै हाल जनआन्दोलन-२ को परिणाम स्वरूप प्राप्त लोकतन्त्र र समावेशीकरणलाई सीधै लत्याउने काम सरकारी निकायबाट भइ रहेको छ । अशक्त, अपाङ्ग, दलित अनि गरिब किसानका छोराछोरीले गरेको मेहनतलाई उच्च ओहदाका जागिरेका छोराछोरी, भाइबहिनी र श्रीमतीहरूबाट कुल्च्याइएको छ । पञ्चायती व्यवस्थाका झैं कालरात्रि मुलुकमा लोकतन्त्र आई सक्दा पनि हट्न सकेको छैन । अब पनि यो प्रवृत्ति हावी भइरहने हो भने दलित, जनजाति, अपाङ्ग गरिब समुदायको उत्थान कहिले र कसरी होला ? अनि उनीहरूको घरमा खुसीको दियो कहिले बल्ला ? नीति-नियम केवल कागजमा र भाषणमा मात्रै किन सीमित गराइन्छ र व्यवहारमा किन ल्याइँदैन ? अपाङ्गहरूलाई किन हिंसाको सिकारमात्र बनाइन्छ ?

**देवकुमारी वाग्ले**
धनकुटा न.पा.४

मितिः२०६४।३।१०

श्रीमान् अध्यक्षज्यू
नेपाल अपाङ्ग समाज
अनामनगर, काठमाडौं ।

**विषय : विचार लेखी प्रकाशनका लागि पठाइएको बारे ।**

महोदय,
प्रस्तुत विषयमा म यो नम्र निवेदन गर्दछु कि अपाङ्गता भएका र सामाजिकरूपमा पिछडियाइएको वर्गहरूका लागि नेपालमा बनेका ऐन, नीति-नियम र तिनीहरूको कार्यान्वय सही रूपमा नभएको हुनाले यससम्बन्धी विचार लेखेर पठाएको छु । अतः कान्तिपुर दैनिक पत्रिकाको विचार विविधामा प्रकाशन गरिदिनु हुनेछ भन्ने विश्वासका साथ पेस गरेको छु ।

निवेदक
श्री देवकुमारी वाग्ले
धनकुटा न.पा.४

नोट : म विगत ३८ वर्षदेखि दुवै कान सुन्दिनँ । बायाँ कानमा श्रवण यन्त्रको प्रयोग एक दशकदेखि गरिरहेको छु । त्यसका साथै कोमल तालुको समेत सर्जरी गरेर स्पष्ट रूपमा बोल्न पनि सक्छु । मैले सरकारी सेवा गर्ने धोको र आर्थिक विपन्नताका कारणले धेरै कठिनपूर्वक स्नातक तहसमेत उत्तीर्ण गरिसकेको र १७ वर्षदेखि हालसम्म सरकारी नोकरीका लागि प्रयासरत रहे तापनि २०४८/ २०५१/२०५२ सालमा क्रमशः प्रावि शिक्षकपदमा २ पटक, निमावि शिक्षक पदमा १ पटक, सहलेखापालपदमा १पटक, लोक सेवा आयोगमा टाइपिस्ट पदमा प्रतीक्षा सूचीमा १ पटक साथै २०६४ सालमा महिला विकास कार्यालय धनकुटामा सुपरभाइजर पदमा १ पटक गरी ४ पटकसम्म लिखित परीक्षा पास गरेको तर सबै परीक्षाहरूको अन्तर्वार्तामा फेल गराएर राज्यले भीरको चिण्डोजस्तो बनाएको छ । र मानसिकरूपमा समेत पीडा थप्ने काम भएकाले सरकारी निकायबाट हिंसाको सिकार नबनाइयोस् भनेर यो लेख विचार पठाइको व्यहोरासमेत जानकारी गराउँदछु ।

**धन्यवाद ।**

**इसारामा चलेको दुनियाँ**

शक्तिशालीहरू दुनियाँलाई नै आफ्नो इसारामा चलाउन चाहन्छन् । र कतिपय अवस्थामा चलाउँछन् पनि तर कसैको भने इसारा नै दुनियाँ हुन्छ । उसको संसार चलाउने माध्यम नै इसारा हुन्छ । इसारा अर्थात् कान सुन्न नसक्ने, बोल्न नसक्ने बहिराहरूको भाषा सांकेतिक भाषा ।

विश्वमा ध्वनिको भाषा बुझ्न नसक्ने कति छन् ? एकिन गर्न सकिएको छैन । नेपालमा भने उनीहरूको संख्या झन्डै ५ लाखको हाराहारीमा छ । ध्वनिको भाषा नबुझ्नेहरूका लागि इसारको भाषा नै जीवन चलाउने दुनियाँलाई बुझ्ने र बुझाउने भाषा हो । तर बिडम्बना ५ लाख बहिरा भएको यो देशमा २००२ को तथ्यांक अनुसारमात्र ५ हजार सांकेतिक भाषा जानेका बहिरहरू छन् । भाषा एक-आपसमा सञ्चारको आदान-प्रदान गर्ने । सम्पर्क गर्ने, विचार अभिव्यक्त गर्ने माध्यम हो । तर यहाँ सुन्नेहरूले पनि यो भाषा सिक्नुपर्ने आवश्यकता महासुस गरेको पाइँदैन । यसले गर्दा आज कान नसुन्नेहरू अपाङ्ग हुनुपरेको छ । सांकेतिक भाषा सबैले सिकिदिए, बुझिदिए बहिराहरूको अपाङ्गता स्वतः हट्छ तर यति ठूलो संख्यामा रहेको बहिराहरूको अपाङ्गता हटाउन राज्यले कुनै पहल नगरेकाले बहिराहरू अपाङ्ग जीवन जिउन बाध्य छन् ।

नेपालमा भएका र राज्यले परिभाषित गरेका अपाङ्गहरू-शारीरिक, बौद्धिक, दृष्टिविहीन, होचापुड्का आदिको पुनःस्थापना र सशक्तीकारण सम्भव छ तर बहिराहरूको सवालमा सबैलाई सांकेतिक भाषा सिकाए वा सांकेतिक भाषालाई राष्ट्रिय भाषामा मान्यता दिएमा उनीहरूको अपाङ्गता नै हट्न सक्ने अवस्थामा पनि उनीहरूलाई अपाङ्ग जीवन जिउन बाध्य पारिएको छ र उनीहरूको जीवनयापनलाई अति कष्ठकर र संघर्षपूर्ण बनाइएको छ । भाषाकै कारण कतिपय अवस्थामा बहिराले आफ्नो पहिचान नै गुमाउनु परेको छ । सभ्य समाजलाई छोडेर हेर्ने हो भने हाम्रो ग्रामीण समाजमा कान नसुन्ने बहिरा अपाङ्गलाई, बुद्धि र विवेक नभएको मूर्ख मानिसलाई प्रयोग गरिने 'लाटो' शब्द प्रयोग गरिने गरिन्छ । सभ्य भनिने कानुन बेत्ताहरूले पनि अपाङ्ग कल्याण ऐन २०३९ मा उक्त शब्द राखेर बौद्धिकता र सभ्यताको खिल्ली उडाएका छन् भने ग्रामीण अचेत समाजलाई के भन्ने ? बहिरा अपाङ्गको आफ्नो नाम छ थर छ सानोतिनो पहिचान छ तर पनि गाउँमा उसको नामबाट कसैले चिन्दैनन् । फलाना गाउँको लाटो वा फलनाको छोरा लाटो आदि आदि तर यस्तो अवस्थामा पनि असल अभिभावको लालनपालन र हेरचाहमा हुर्केका बहिराहरूले भने आफ्नो देशमा मात्र नभएर अन्तर्राट्रियरूपमा समेत आफ्नो विशिष्ट पहिचान बनाउन सफल भएका छन् । यस्तै पहिचान दिने अगुवा बहिरा हुनुहुन्छ राधववीर जोशी । उहाँ ५ बहिराको प्रतिनिधित्व गरेर राष्ट्रिय बहिरा महासंघजस्तो गरिमामय संस्थाको अध्यक्ष भइसक्नु भएको छ । त्यतिमात्र नभएर उहाँ अन्तर्राष्ट्रि बहिरा महासंघको एसिया प्यासेफिक क्षेत्रीय सचिवालय व्यवस्थापन समिति सदस्यसमेत भइसक्नु भएको छ । सधैं नेतृत्वमा एउटै व्यक्ति रहिरहेमा संस्था अगाडि बढ्न सक्दैन भन्ने विचार राख्नु हुने जोशी अहिले बहिरा महासंघको नेतृत्वबाट हटेर निजी व्यवसाय गरेर बस्नु भएको छ जुन उहाँका लागि कम्ती चुनौतीपूर्ण छैन । राजधानीमा विरलै पाइने एकैपटकमा ४ कलर छाप्ने प्रिन्टिङ मेसिनको चिफ अपरेटर उहाँ नै हुनुहुन्छ जुनकाम आवाजको भरमा गर्नपर्छ र पनि एकजना सुन्ने सहायक राखेर चलाउनु भएको छ । मेसिनको मर्मत सम्भार, पार्टपुर्जा फेरवदल पनि उहाँले नै गर्ने गर्नुभएको छ ।

२०१९ साल चैत्र २८ गते काडमाडौंको रामशाहपथमा पिता रघुवीर जोशी र अनानीमैया जोशीको कोखबाट जेठो सन्तानको रूपमा जन्मनु भएका राघववीर बहिरा भएको कुरा उहाँका बुबा आमाले जन्मेको ६ महिनामै थाहा पाउनुभएको थियो । राघवीर र उहाँको ठूली आमाको छोरासँगै जन्मिएका थिए । दिदीको छोराले ध्वनि सुन्ने र त्यही अनुरूप यताउति हेर्ने गर्दा र आफ्नो छोराले त्यसो नगर्दा आमालाई शंका भयो र डा. लक्ष्मीनारायण प्रसाद कहाँ लैजानुभयो । डाक्टर लक्ष्मीनारायणले जाँचेर सुन्न बोल्न नसक्ने निर्णय दिएपछि आमाको सानोतिनो आश पनि मरेर गयो । आफ्नो जेठो सन्तान बहिरा भएकाले सुरुमा उहाँलाई दुःख पनि लाग्यो । डा. लक्ष्मीनारायण प्रसादको सल्लाहअनुसार आमाले उहाँलाई तीन वर्षकै उमेरमा पिठ्युमा बोकेर नक्सालको बाल मन्दिर बहिरा स्कुलमा लैजानुभयो । त्यहाँ उहाँ किरण आचार्य, निर्मल देवकोटा, किरण मैनालीलगायतका बहिराबालकहरू देखेपछि आमालाई आफ्नो छोरा एक्लो बहिरा होइन रहेछ भन्ने सन्तोष भयो । त्यसपछि उहाँलाई छोरालाई कसरी पढाएर माथि पुऱ्याउने भन्ने चिन्तामात्रै भयो । त्यहाँ बहिरालाई कक्षा ८ सम्म पढाइने भएकाले राघवले अंग्रेजी आफैं पढाउनुभयो । राघववीरले भने आफू बहिरा भएको कुरा तीनवर्ष भएपछि मात्र थाहा पाउनुभयो । त्यतिखेर फुपूको छोरासँग खेल्दा उनीहरू बोल्थे तर उहाँ सुन्न सक्नु हुँदैन थियो । प्राकृतिक रूपमा हाउभाउ गरेर आफ्नो कुरा भन्नु हुन्थ्यो । त्यसो त सात वर्षको उमेरमा नक्साल स्कुलमा पनि हाउभाउ गररै पढ्नु हुन्थ्यो । सांकेतिक भाषाको नियम थिएन । ओठ चलेको भरमा

छुट्याउनु पर्दथ्यो । त्यसपछि दिल्लीमा २ वर्ष पढ्नुभयो र फोटोग्राफीको तालिम लिएर नेपाल फर्कनुभयो र फोटो स्टुडियो खोल्नुभयो । राघववीर उत्कृष्ट फोटो ग्राफर पनि हुनुहुन्छ । त्यसपछि उहाँले फोटो पसल छोडेर भिडियो पसल खोल्नुभयो । त्यहाँ उहाँलाई धेरैले ठगे । लगेको क्यासेट नै फिर्ता गरेनन् ठगहरूबाट दिक्क भएका राघवीरलाई प्रेससम्बन्धी काम गर्ने इच्छा लाग्यो र बालाजुको भीमबहादुर तमाङ कहाँ प्रेससम्बन्धी तालिम लिन जानुभयो । तालिम सकिएपछि उहाँले आफ्नै प्रेस स्थापना गर्ने इच्छा व्यक्त गरेपछि बुबाले रू ५ लाखमा चेक मेसिन किनेर ल्याएर प्रेस व्यावसाय सुरु गर्नुभयो । सुरुमा छपाईको भाउ राख्न नजानेर निकै नोकसानी भयो । अहिले राघवले प्रेसभित्रको काम र भाइले बहिरको काम गर्नुहुन्छ । पछि उहाँले बहिरा महासंघमा बढी रुचि देखाएपछि सबै काम भाइले सम्हाल्नुभयो र उहाँ बहिरा महासंघको अध्यक्ष हुनुभयो । बहिरा महासंघको नेतृत्व छोडेर फेरि काममा फर्कनु भयो र २ करोड ६० लाख पर्ने प्रेसको नेतृत्व लिएर काम गरिरहनु भएको छ । अहिले उहाँसँग भाइ-बहिनी तीनै जना मिलेर काम गरिरहनुभएको छ । र कामको बारेमा बुबासँग पनि सल्लाह लिनुहुन्छ । राघव आफैले बजार खोजेर प्रिन्टिङसम्बन्धी सबै काम गरून् भन्ने बुबाको इच्छा छ । त्यसका लागि उहाँले एउटा दोभाषे सहयोगी पनि राख्ने विचार गर्नुभएको छ । अहिले चिफ अपरेटर बहिरा भए पनि जिम्मेवारी पूर्वक काम गर्न आएमा पूरा प्रेस नै बहिरालाई जिम्मा लगाउने बिचार बुबा रघुवीरको छ ।

**पारिवारिक जीवन**

परिवारमा जेठो छोराका रूपमा जन्मनु भएका राघवका १ भाइ राजीव जोशी र बहिनीहरू हनी र सगुन हुनुहुन्छ । सबैसँग हँसिलो अनुहार देखाउने राघव बालककालमा यदाकदा नबुझनेहरूले लाटो भन्नेहरूसँग भने चित्त दुखाउनुहुन्थ्यो । बालक अवस्थादेखि नै उहाँलाई सबै नाता कुटुम्बले मन पराउने उहाँलाई माया गर्थे चढ्दो उमेरमा पनि उहाँ भलाद्मी हुनुहुन्थ्यो । कुनै समस्या सिर्जना भएन । कुलतमा पनि लाग्नु भएन । नबोल्ने छोराका लागि केटी माग्दा इष्टमित्रले के भन्लान् भन्ने पीर बुबा-आमामा थियो त्यसैले उहाँहरू कसैका छोरी माग्न जानुभएन । पछि आफन्तले नै केटीपक्षसँग कुरा चलाएपछि केटीले स्वीकार गरेपछि मात्र उहाँ विवाह गर्न राजी हुनुभयो र धुमधामसँग उहाँको विवाह गराइयो । नबोल्ने मान्छेसँग विवाह हुन लाग्दै छ भन्ने थाहा पाउँदा तपाईलाई कस्तो लाग्यो भन्दा श्रीमती राज्यलक्ष्मी जोशी भन्नुहुन्छ, पहिला अलिअलि नबोल्ने होला जस्तो लागेको थियो तर विवाह लगत्तै केही अप्ठ्यारो महसुस भए पनि पछि बुझ्दै जाँदा रमाइलो भयो । गफ-गाफ हुन्छ मैले पनि सांकेतिक भाषा सिकेकी छु । २० वर्षे दाम्पत्य जीवनमा मलाई उहाँले कुनै कष्ट गराउनु भएको छैन । उहाँ सबैसँग राम्रो व्यवहार गर्नुहुन्छ । उहाँको के देखेर तपाईलाई मन परेको हो भनेर सोध्दा श्रीमती जोशी भन्नुहुन्छ उहाँको हँसिलो अनुहारले आकर्षित गरेको छ । बढी माया गर्नुहुन्छ । स-परिवार घुमाउन लैजानुहुन्छ । आवश्यक सामान किनिदिनुहुन्छ । उहाँका दुई छोरी जुम्ल्याहा ज्योति र जोत्स्ना हुनुहुन्छ । भने अर्की छोरी जस्मिना हुनुहुन्छ । कान्छी छोरी बुबाले आफूलाई बढी माया गर्ने दाबी गर्नुहुन्छ । कारण के हो त भनी सोध्दा दिदीहरूलाई भन्दा मलाई बढी सांकेतिक भाषा आउँछ र म बुबासँग सांकेतिक भाषामा कुरा गर्छु । ससुराली तर्फ पनि उहाँको राम्रो प्रभाव छ । सबैले उहाँलाई सम्मान गर्छन् । बहिरा छोरा भएर पनि देश विदेश घुमेको, बहिराको नेतृत्व गरेको र कतिपय आफूले गर्न नसकेको कुरा पनि गरेर देखाएकाले आमा-बुबा पनि उहाँसँग निकै खुसी हुनुहुन्छ । तर पनि छोरासँग आफूले दिल खोलेर कुरा गर्न नपाएकोमा भने कता-कता नमज्जा लाग्छ । बुबा-आमाले सांकेतिक भाषा त सिक्नु भएको छैन तर सामान्य कुराकानी गर्न उहाँहरूलाई कुनै समस्या छैन । तर केही गम्भीर कुराकानी गर्न भने उहाँहरूलाई डर लाग्छ । अर्थको अनर्थ लाग्ने हो कि ? भन्ने चिन्ता उहाँहरूलाई लाग्ने गरेकाले दोभाषे ल्याएर कुराकानी गर्नुभएको छ । परिवारबाट पाएको सहयोग नै सबैभन्दा खुसीको कुरा बताउनु हुन्छ । यदि यसो गरिएको थिएन भने हामी घरमा त्यत्तिकै मुर्ख भएर बस्ने थियो । बुबाले पढ्नु पर्छ भन्नुहुन्थ्यो त नक्साल स्कुलमा ७ कक्षासम्ममात्र पढाइ हुन्थ्यो । १९, २० वर्षको उमेरमा उहाँले काठमाडौंको न्युरोडमा इटालिका ४ जना बहिरालाई भेट्नुभयो । त्यतिखेर उहाँले विश्वमा धेरै बहिरा छन् अप्रेसन गरेर बोल्न सक्छ ? भनेर सोध्दा उनीहरूले सम्भव छैन भने हाम्रो साँकेतिक भाषा छँदैछ ठूलो समाज छ किन बोल्नु पऱ्यो ? भनी हौसला र उत्साह दिएको क्षण पनि उहाँका खुसीका क्षणहरूमा पर्दछन् ।

**काठमाडौं बहिरासंघ स्थापनाको कथा**

बहिराहरू संगठित हुनुपर्छ भन्ने चेतना बहिराहरूमा आएपछि बहिरा संघ खोल्ने सल्लाह भयो । सुरुमा बहिरा कल्याणकारी संघ खोल्न जिल्ला प्रशासन कार्यालय काठमाडौंमा आवेदन गर्दा दर्ता गर्न दिइएन । त्यसको केही समयपछि काठमाडौं बहिरा संघ खोलियो र पहिले अफिस पनि राघवीरकै घरमा खोलिएको थियो । बुबा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थामा काम गर्ने भएकाले उहाँले युनिसेफमा बहिराहरूलाई सहयोग गर्ने कुरा गर्दा बेलायतको संस्थासँग कुराकानी भयो । एक्सन फर डेफ एन्ड डेभलोपमेन्ट ADD ले काठमाडौं बहिरा संघलाई ३ वर्षसम्म सहायता गऱ्यो । त्यसपछि समाजसेवी वसन्त भट्टचनले उहाँहरूलाई सहयोग पुऱ्याउनु भयो । स्वीस र डेनमार्कले पनि सहयोग गरे ।

**विदेश भ्रमण**

बहिरा अन्तर्राष्ट्रिय महासंघका सदस्य भइसक्नु भएका राघवीरले अमेरिका अस्ट्रेलिया, थाइल्यान्ड, जापान, स्वीडेन, डेनमार्क, …………………फिनल्यान्ड, इटली, चीन, मकाउ, ………………….साउदी अरब, स्पेन, फ्रान्सको भ्रमण गरिसक्नुभएको छ ।

नेपालको ग्रामीण क्षेत्रमा बस्ने थुप्रै बहिराहरूलाई अझै पनि पीडित छन् तिनीहरूलाई के गर्नुहुन्छ

गाउँका धेरै बहिराहरू समाजमै पीडित छन् । सांकेतिक भाषाको ज्ञान छैन । परिवारले पनि उनीहरूलाई बहिर ल्याउदैनन् ।

**त्यसमा तपाईको अभियान के छ त ?**

हामीले पहल गरेका ठाउँमा गाउँ-गाउँमा सांकेतिक भाषाका कक्षाहरू सञ्चालन भएका छन् । हामी पुग्न नसकेको ठाउँमा बहिराले उत्पीडनमा पर्नुपरेको छ ।

बहिराहरूले आफूलाई अपाङ्ग नै होइन भन्न थालेको सुन्नमा आएको छ के बहिराहरू अपाङ्ग होइनन् त ?

त्यस बारेका विश्वमा अलिअलि आवाज उठ्न थालेको छ तर नेपालम छैन । नेपालमा बहिराहरू अपाङ्ग नै हुन् ।

**गर्न खोजेको नसकेको जस्तो कुनै काम छ कि ?**

माथिल्लो कक्षासम्म पढ्ने इच्छा थियो तर कक्षा ७ भन्दा माथि कक्षा भएन । तर अहिले हामीले आवाज उठायौं अहिले बहिरा उच्च शिक्षा पनि पढ्न पाएका छन् ।

**भविष्यमा के गर्ने विचार छ ?**

बहिराहरूलाई शिक्षित बनाउने, सीपको तालिम दिने र रोजगारी दिलाउने, पहिला पहिलाभन्दा अहिले बहिराले बढी काम संख्यामा काम गरेका छन् । फोटोग्राफी, भिडियो ग्राफी, कलरल्याब, ब्युटिसियन आदि काम गर्न सकिन्छ । मेरो चाहिँ आशा के छ भने भविष्यमा हाम्रा बहिराहरू खाली बस्नुपर्ला जस्तो लाग्दैन ।

अन्य देशमा बहिराको अवस्था कस्तो छ ।

म पहिलोपटक अमेरिका पुग्दा निकै चकित परे । त्यहाँका बहिराहरू सक्षम छन् । पढ्न लेख्न उनीहरूका कुनै समस्या छैन । बहिराहरूको कलेज नै फरक छन् । दोभाषेको सुविधा छ ।

**भरत कोइराला राजबाट**

# रिपोर्ट

मुलुकमा ३० लाखभन्दा बढीको संख्यामा रहेका अपाङ्गहरूलाई सीपमूलक एवं व्यावहारिक तालिम दिएर उनीहरूलाई स्वावलम्बी स्वाभिमानी र स्वतन्त्र जीवन यापन गर्न र अपाङ्गहरू पनि सक्षम छन् भनेर समाजमा प्रस्तुत गर्ने उद्देश्य राखी २०६……….साल चैत्र १२ गते स्थापन गरिएको उक्त संस्थाले हालसम्म २६१८ जना विभिन्न अपाङ्गता भएका व्यक्तिहरूलाई सीपमूलक तालिम प्रदान गरिसकेको छ । सुरुका दिनहरूमा मार्कन्टाइल कम्प्युटरका सञ्जीव राजभण्डारीबाट ऋणमा कम्प्युटर ल्याई कम्प्युटरलाई कुमार थापा, जगदीश दवाडी र मीनराज पन्थी विद्यार्थी भर्ना गरी थालनी गरिएको तालिमको सुरुका दिनहरूमा कम्प्युटर राख्ने फर्निचरसम्मको अभाव थियो । केन्द्रमा हाल आएर केन्द्रको आफ्नै घर, होस्टेल छ र कपडा बुनाई, पेन्टिङ, माटाका भाँडा बनाउने, संगीत, मैन बत्ती, फिजियो थेरापी, भाषा संगीत, आदि कक्षा रहेका

छन् । त्यसबाट अपाङ्गहरूले प्रत्यक्ष लाभ लिइरहेका छन् । उक्त केन्द्रबाट सीप र ज्ञान आर्जन गरेका कतिपय अपाङ्गता भएका व्यक्तिहरू देशको विशिष्ट स्थानमा समेत पुगिसकेका छन् । अपाङ्गहरूका वृत्ति विकासका लागि निरन्तर संघर्ष गर्दै आएको उक्त केन्द्रले अहिलेसम्म प्रदान गरेको तालिमले अपाङ्गजगत र समाजमा के कस्तो प्रभाव परेको र आउँदा दिनहरूमा तालिम केन्द्रलाई कसरी अगाडि बढाउनु पर्दछ भन्ने कुरालाई मध्यनजर राखेर २०४६ सालदेखि २०५९ सालसम्ममा केन्द्रबाट सीप सिकेका विद्यार्थीहरूको प्रत्यक्ष सहभागितामा तीन दिने कार्यशाला गोष्ठीको आयोजना गऱ्यो । उक्त गोष्ठीमा केन्द्रका पूर्व विद्यार्थीहरू रुक्मागत न्यौपानेले Rehabilitation counseling one approach to Preparing Disability Support service, शैलेन्द्र ढकालले Assistance and Integration of Students With Blind and Disabilities at centers training र सुरेश खड्गीले Deaf, Blind Disabled non disabled students learning and assessment similaric and difference नामक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

**पहिलो दिनको कार्यक्रम**

कार्यक्रमको उद्घाटन केन्द्रका प्रथम व्याजका विद्यार्थी एवं त्रि.वि. का उप प्राध्यापक दृष्टिविहीन अपाङ्ग कुमार थापाले पानसमा बत्ती बालेर गर्नुभएको थियो भने कार्यपत्रका बारेमा केन्द्रकी निर्देशक सुशीलमान सिंह प्रधानले प्रकाश पार्नुभएको थियो । सहभागीहरूमा परिचयात्मक कार्यक्रमबाट अगाडि बढेको उक्त कार्यक्रममा प्रमुख संस्थापक एवम् कार्यकारी अध्यक्ष शशिकला सिंहले अन्धा अपाङ्गहरूलाई व्यावसायिक तालिम र यसका चुनौतीहरू विषयमा प्रकाश पार्नुभएको थियो । उक्त अवसरमा उहाँले केन्द्रका चालू गतिविधिका बारेमा प्रकाश पार्दै तालिम केन्द्र-केन्द्र र जिल्ला आधारित भएको बताउनुभयो । उहाँले केन्द्रले अपाङ्गलाई तालिममात्र नदिएर उनीहरूको सीपलाई उत्पादनमा परिणत गर्न उत्पादकत्वलाई केन्द्रले बजारको समेत व्यवस्था गरेको बताउनुभयो । यसका लागि केन्द्रले परिवारका सदस्यहरूलाई समेत ................को दिइएको बताउँदै उहाँले उक्त तालिमले अपाङ्गले गरेको उत्पादनलाई व्यावसायीकरण गर्न मद्दत मिलेको बताउनुभयो । उक्त अवसरमा उहाँले हाल केन्द्रले पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चलका ५ वटा जिल्लाहरूमा घुम्ती तालिम पनि खोलिएको बताउनुभयो । उहाँले हाल केन्द्रमा अपाङ्गले बनाएका माटाका भाँडा सामान २० हजार सम्ममा बिक्री हुने गरेको त्यसबाट पनि तालिमको लागि सहयोग पुगेको बताउनुभयो । केन्द्रले अहिले व्यावसायिक तालिमको अलवा दृष्टिविहीन अपाङ्गहरूलाई घुमफिरको तालिम, अंग्रेजी भाषा तालिम र सांकेतिक भाषाको तालिम पनि दिने गरेको कुरा उहाँले बताउनुभयो । पहिलो दिनको कार्यक्रमको संयोजक केन्द्रकी उपसभापति डा. रजनी मल्ल हुनुहुन्थ्यो ।

**दोस्रो दिनको कार्यक्रम**

दोस्रो दिनको कार्यक्रममा केन्द्रको चालू गतिविधिका बारेमा सहभागिहरूलाई फिल्डमा निरीक्षण गराइएको थियो ।

उक्त अवसरमा कपडा बुनाइ कक्षाको निरीक्षणमा प्रशिक्षक गंगादेवी महर्जन, बाटोको कामको बारेमा प्रशिक्षक नारायण भक्त प्रजापति, संगीतका प्रशिक्षक संदेश डंगोल, कम्प्युटर प्रशिक्षक सिर्जना श्रेष्ठ, भाषा प्रशिक्षक स्मृति श्रेष्ठा, फिजियो थेरापी प्रशिक्षक रेजिना शाक्य र बुनाई प्रशिक्षक मीना कर्माचार्य, पेन्टिङका प्रशिक्षक कृष्ण सुन्दर शंखले......... र प्रदर्शन कक्षका अनिल थापाले आ-आफ्ना क्षेत्रका बारेमा सहभागीहरूलाई जानकारी गराएका थिए । कार्यक्रमको दोस्रो सत्रमा सहभागीहरूलाई विकास, सिप र प्रविधि गरी तीन समूहमा विभाजन गरी केन्द्रले गर्नुपर्ने सुझाव संकलन गरिएको थियो । विकास समूहका सहजकर्ता रूक्मागत न्यौपाने हुनुहुन्थ्यो भने टोली नेता दीपक सापकोटा रहनुभएको थियो । यसै गरी प्राविधिक समूहका सहजकर्ता सुरेश खड्की र टोली नेता विरुकमल श्रेष्ठ रहनुभएको थियो । यसै गरी सीप समूहका सहजकर्ता शैलेन्द्र ढकाल रहनुभएको थियो । उक्त समूहहरूले व्यापक छलफल गरी निम्न निष्कर्षहरू निकालेका छन् ।

**विकास समूहबाट निम्न निष्कर्षहरू निकालेको छ ।**

- अपाङ्गका रोजगारका लागि केन्द्रले पहल गरिदिनुपर्ने ।
- उत्पादित उत्पादनको केन्द्रले बजारको व्यवस्था गरिदिनुपर्ने ।
- सहुलियत दरमा ऋण उपलब्ध गराइदिनु पर्ने ।

- तालिमको समयावधि बढाउनुपर्ने ।
- विद्यार्थीहरूको बौद्धिकस्तर अनुसार र अपाङ्गताको अवस्था हेरी प्राथमिकता दिनुपर्ने ।
- आवश्यकताको पहिचाहन गरी तालिम दिनु पर्ने ।
- कम्प्युटरमा Advance Course र हार्डवेयर तालिमको समेत व्यवस्था गर्नुपर्ने
- धुप, चोया र दालमोटजस्ता बढी खपत हुने वस्तुको तालिम दिनुपर्ने ।
- दुर्गम क्षेत्रमा पनि तालिमको व्यवस्था गर्नुपर्ने ।
- कुक र उद्घोषणसम्बन्धी तालिमको व्यवस्था गर्नुपर्ने ।
- डण्डी बनाउने तालिम थप्नु पर्ने ।
- केन्द्रको भौतिक पूर्वाधारमा सुधार गर्नुपर्ने र शाखाहरू विस्तार गर्नुपर्ने । खेलकुदको व्यवस्था गर्नुपर्ने । खाम फाइल, स्वास्थ्य जनशक्ति, मिडिया, रिसेप्सनिस्ट, फूल बनाउने,....................पेज ५ तितौरा जुत्ता सिलाउनेलगायतका तालिम र सुस्तमनःस्थितिका अपाङ्गहरूलाई पनि तालिमको व्यवस्था गर्नुपर्ने । बेला बेलामा पुनर्मिलन गर्नुपर्ने सुझाव र निष्कर्ष निकालिएको थियो ।

**त्यसै गरी प्राविधिक समूहका तर्फबाट**

अपाङ्गहरूको आत्मनिर्भरताको विकास ।

स्थानीय स्रोत साधनको परिचालन र उपयोगिता ।

व्यावसायिकताको विकास ।

प्रतिस्पर्धात्मक भावनाको विकास ।

घरेलु तथा साना उद्योगको विकासमा सहयोग ।

व्यक्तित्व तथा नेतृत्व विकासको क्षमता ।

समयको सही सदुपायोग

सीप र प्रतिभाको प्रस्फुटन

सामाजिक अन्तरक्रियाको विकास

दृष्टिविहीन तथा बहिराहरूका बीचमा समाचार सम्पर्क ।

फिजियोथेरापीको उपयोगबाट फाइदा लिनुपर्ने आदि सुझावहरू एवम् निष्कर्ष निकालिएका थिए ।

**त्यसै गरी सीप समूहको तर्फबाट**

चक डस्टर र मैनबत्तीको तालिम राख्ने

बुनाइका लागि कच्चा पदार्थको व्यवस्था गराउनुपर्ने ।

बास्नादार धुपका साथै लामखुट्टे मार्ने बनाउनु पर्ने ।

दृष्टिविहीनहरूका लागि साइवरको व्यवस्था गर्नुपर्ने आदि निष्कर्ष र सुझावहरू निकालिएको थियो ।

त्यसपछि नेपाल अपाङ्ग समाजका अध्यक्ष एवम् उक्त केन्द्रका दोस्रो व्याचका विद्यार्थी रूक्मागत न्यौपानेले ..............................नामक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यपत्रमाथि रजना थापा, राजु हुमागाई, कुमारी निरौला, प्रणय श्रेष्ठ, भूमिकला पौडेल आदिले फ्लोअरबाट टिप्पणी गर्नुभएको थियो ।

**तेस्रो दिनको कार्यक्रम**

बजार व्यवस्थाका विज्ञ..........................बजारीकरणको बारेमा प्रस्तुति गर्नुभएको थियो । आफ्नो प्रस्तुतिमा श्री ढुंगानाले ....................उडान नामक प्रस्तुति गर्नुभएको थियो । उक्त प्रस्तुतिमा सबैले मिलेर एकल नेतृत्वमा अगाडि बढ्नु पर्ने र नेतृत्व कमजोर भएमा अर्काले नेतृत्व लिएर अभियानलाई निरन्तर अगाडि बढाउनुपर्ने र कमजोर नेतृत्वलाई अरूले सहयोग गरेर अगाडि बढाउनु पर्ने रोचक प्रस्तुति गर्नुभएको थियो । सीपलाई बजारीकरण गर्ने विभिन्न उपायहरू उदाहरणसहित प्रस्तुत गर्नुभएको थियो ।

त्यसपछि शैलेन्द्र ढकालले .............विषयमा कार्यपत्र पेस गर्नुभएको थियो । आफ्नो कार्यपत्रमा श्री ढकालले अपाङ्गहरूमा तालिमको आवश्यकता र महत्व दर्शाउँदै अपाङ्गहरूले आफ्नो क्षमता अभिवृद्धि, स्वतन्त्र जीवनयापन, रोजगारी र अन्य आत्मविश्वास जगाउनका लागि तालिमकै आवश्यकता परेको बताउनुभयो । उहाँले अपाङ्गहरूका लागि उद्घोषणसम्बन्धी तालिम, टेलिफोन अपरेटिङ तालिम, प्रवक्तासम्बन्धी तालिम, अक्युपन्चर र अक्युप्रेसरसम्बन्धी तालिम, कृषि सम्बन्धि तालिम र घरेलु उद्योग सम्बन्धि तालिम उपर्युक्त हुने

कुरा आफ्नो प्रस्तुतिमा प्रस्तुत गर्नुभयो । त्यसै गरी तालिम प्राप्त अपाङ्गहरूले सहकारीका माध्यमबाट उनीहरूले उत्पादन गरेको सामानको बजार व्यवस्था गर्नुपर्ने । तालिम प्राप्त अपाङ्गहरूका लागि नेपाल सरकारले आरक्षणको व्यवस्था गर्नुपर्ने, अपाङ्गहरूले पनि संगठित भई जनचेतनामूलक काम गर्नुपर्ने सुझाव पनि दिनुभयो । उहाँको प्रस्तुतिमाथि दीपक कोइराला, प्रेम निरौला, रन्जु थापा, प्रणय थापा, विरुकमल श्रेष्ठ, कुमार थापा, जुनु गौचन, नरमाया लिम्बू, सावित्री कार्की, केशव शर्मा, इन्द्र रिजाल आदिले फ्लोअरबाट टिप्पणी गर्नुभएको थियो ।
कार्यक्रमको अन्तिम चरणमा तीन दिनसम्मको गोष्ठीमा सहभागीहरूले सीपको बजारीकरण र सिकेका सिपलाई प्रयोगात्मक रूपमा नै प्रस्तुत गर्न तीन समूह विभाजन गरी कार्यतालिका बनाउन लागिएको थियो । जसलाई जीवनकुमार श्रेष्ठको नेतृत्वमा रहेको सीप समूहले सिर्जनशील सहकारी उद्योग नामक संस्था स्थापना गर्न चाहिने पूर्वाधार, रणनीति र कार्ययोजना प्रस्तुत गरेको थियो । यस्तै राजु हुमागाईको नेतृत्वमा रहेको टोलीले शिक्षक प्रशिक्षण केन्द्र स्थापना गर्न आवश्यक पूर्वाधार र रणनीति कार्ययोजना प्रस्तुत गरेको थियो भने इन्द्र रिजालको नेतृत्वमा रहेको समूहले मोबाइल मर्मत केन्द्र स्थापनाका लागि आवश्यक पूर्वाधार रणनीति र कार्यतालिकाको नमुना प्रस्तुतहरू गरेको थियो । अन्त्यमा उक्त केन्द्रका इन्टरभेन्सनमा रहेका साना अपाङ्ग नानीहरूको मीठो सामूहिक गीतबाट कार्यक्रमको समापन गरिएको थियो ।

# रिपोर्ट

मुलुकमा ३० लाखभन्दा बढीको संख्यामा रहेका अपाङ्गहरूलाई सीपमूलक एवं व्यावहारिक तालिम दिएर उनीहरूलाई स्वावलम्बी स्वाभिमानी र स्वतन्त्र जीवन यापन गर्न र अपाङ्गहरू पनि सक्षम छन् भनेर समाजमा प्रस्तुत गर्ने उद्देश्य राखी २०६..........साल चैत्र १२ गते स्थापन गरिएको उक्त संस्थाले हालसम्म २६१८ जना विभिन्न अपाङ्गता भएका व्यक्तिहरूलाई सीपमूलक तालिम प्रदान गरिसकेको छ । सुरुका दिनहरूमा मार्कन्टाइल कम्प्युटरका सञ्जीव राजभण्डारीबाट ऋणमा कम्प्युटर ल्याई कम्प्युटरलाई कुमार थापा, जगदीश दवाडी र मीनराज पन्थी विद्यार्थी भर्ना गरी थालनी गरिएको तालिमको सुरुका दिनहरूमा कम्प्युटर राख्ने फर्निचरसम्मको अभाव थियो । केन्द्रमा हाल आएर केन्द्रको आफ्नै घर, होस्टेल छ र कपडा बुनाई, पेन्टिङ, माटाका भाँडा बनाउने, संगीत, मैन बत्ती, फिजियो थेरापी, भाषा संगीत, आदि कक्षा रहेका छन् । त्यसबाट अपाङ्गहरूले प्रत्यक्ष लाभ लिइरहेका छन् । उक्त केन्द्रबाट सीप र ज्ञान आर्जन गरेका कतिपय अपाङ्गता भएका व्यक्तिहरू देशको विशिष्ट स्थानमा समेत पुगिसकेका छन् । अपाङ्गहरूका वृत्ति विकासका लागि निरन्तर संघर्ष गर्दै आएको उक्त केन्द्रले अहिलेसम्म प्रदान गरेको तालिमले अपाङ्गजगत र समाजमा के कस्तो प्रभाव परेको र आउँदा दिनहरूमा तालिम केन्द्रलाई कसरी अगाडि बढाउनु पर्दछ भन्ने कुरालाई मध्यनजर राखेर २०४६ सालदेखि २०५९ सालसम्ममा केन्द्रबाट सीप सिकेका विद्यार्थीहरूको प्रत्यक्ष सहभागितामा तीन दिने कार्यशाला गोष्ठीको आयोजना गऱ्यो । उक्त गोष्ठीमा केन्द्रका पूर्व विद्यार्थीहरू रुक्मागत न्यौपानेले Rehabilitation counseling one approach to Preparing Disability Support service, शैलेन्द्र ढकालले Assistance and Integration of Students With Blind and Disabilities at centers training र सुरेश खड्गीले Deaf, Blind Disabled non disabled students learning and assessment similaric and difference नामक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

<u>पहिलो दिनको कार्यक्रम</u>

कार्यक्रमको उद्घाटन केन्द्रका प्रथम व्याजका विद्यार्थी एवं त्रि.वि. का उप प्राध्यापक दृष्टिविहीन अपाङ्ग कुमार थापाले पानसमा बत्ती बालेर गर्नुभएको थियो भने कार्यपत्रका बारेमा केन्द्रकी निर्देशक सुशीलमान सिंह प्रधानले प्रकाश पार्नुभएको थियो । सहभागीहरूमा परिचयात्मक कार्यक्रमबाट अगाडि बढेको उक्त कार्यक्रममा प्रमुख संस्थापक एवम् कार्यकारी अध्यक्ष शशिकला सिंहले अन्धा अपाङ्गहरूलाई व्यावसायिक तालिम र यसका चुनौतीहरू विषयमा प्रकाश पार्नुभएको थियो । उक्त अवसरमा उहाँले केन्द्रका चालू गतिविधिका बारेमा प्रकाश पार्दै तालिम केन्द्र-केन्द्र र जिल्ला आधारित भएको बताउनुभयो । उहाँले केन्द्रले अपाङ्गलाई तालिममात्र नदिएर उनीहरूको सीपलाई उत्पादनमा परिणत गर्न उत्पादकत्वलाई केन्द्रले बजारको समेत व्यवस्था गरेको

बताउनुभयो । यसका लागि केन्द्रले परिवारका सदस्यहरूलाई समेत ................को दिइएको बताउँदै उहाँले उक्त तालिमले अपाङ्गले गरेको उत्पादनलाई व्यावसायीकरण गर्न मद्दत मिलेको बताउनुभयो । उक्त अवसरमा उहाँले हाल केन्द्रले पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चलका ५ वटा जिल्लाहरूमा घुम्ती तालिम पनि खोलिएको बताउनुभयो । उहाँले हाल केन्द्रमा अपाङ्गले बनाएका माटाका भाँडा सामान २० हजार सम्ममा बिक्री हुने गरेको त्यसबाट पनि तालिमको लागि सहयोग पुगेको बताउनुभयो । केन्द्रले अहिले व्यावसायिक तालिमको अलवा दृष्टिविहीन अपाङ्गहरूलाई घुमफिरको तालिम, अंग्रेजी भाषा तालिम र सांकेतिक भाषाको तालिम पनि दिने गरेको कुरा उहाँले बताउनुभयो । पहिलो दिनको कार्यक्रमको संयोजक केन्द्रकी उपसभापति डा. रजनी मल्ल हुनुहुन्थ्यो ।

**दोस्रो दिनको कार्यक्रम**

दोस्रो दिनको कार्यक्रममा केन्द्रको चालू गतिविधिका बारेमा सहभागिहरूलाई फिल्डमा निरीक्षण गराइएको थियो ।

उक्त अवसरमा कपडा बुनाइ कक्षाको निरीक्षणमा प्रशिक्षक गंगादेवी महर्जन, बाटोको कामको बारेमा प्रशिक्षक नारायण भक्त प्रजापति, संगीतका प्रशिक्षक संदेश डंगोल, कम्प्युटर प्रशिक्षक सिर्जना श्रेष्ठ, भाषा प्रशिक्षक स्मृति श्रेष्ठा, फिजियो थेरापी प्रशिक्षक रेजिना शाक्य र बुनाई प्रशिक्षक मीना कर्माचार्य, पेन्टिङका प्रशिक्षक कृष्ण सुन्दर शंखले......... र प्रदर्शन कक्षका अनिल थापाले आ-आफ्ना क्षेत्रका बारेमा सहभागीहरूलाई जानकारी गराएका थिए । कार्यक्रमको दोस्रो सत्रमा सहभागीहरूलाई विकास, सिप र प्रविधि गरी तीन समूहमा विभाजन गरी केन्द्रले गर्नुपर्ने सुझाव संकलन गरिएको थियो । विकास समूहका सहजकर्ता रूक्मागत न्यौपाने हुनुहुन्थ्यो भने टोली नेता दीपक सापकोटा रहनुभएको थियो । यसै गरी प्राविधिक समूहका सहजकर्ता सुरेश खड्की र टोली नेता विरुकमल श्रेष्ठ रहनुभएको थियो । यसै गरी सीप समूहका सहजकर्ता शैलेन्द्र ढकाल रहनुभएको थियो । उक्त समूहहरूले व्यापक छलफल गरी निम्न निष्कर्षहरू निकालेका छन् ।

**विकास समूहबाट निम्न निष्कर्षहरू निकालेको छ ।**

- अपाङ्गका रोजगारका लागि केन्द्रले पहल गरिदिनुपर्ने ।
- उत्पादित उत्पादनको केन्द्रले बजारको व्यवस्था गरिदिनुपर्ने ।
- सहुलियत दरमा ऋण उपलब्ध गराइदिनु पर्ने ।
- तालिमको समयावधि बढाउनुपर्ने ।
- विद्यार्थीहरूको बौद्धिकस्तर अनुसार र अपाङ्गताको अवस्था हेरी प्राथमिकता दिनुपर्ने ।
- आवश्यकताको पहिचाहन गरी तालिम दिनु पर्ने ।
- कम्प्युटरमा Advance Course र हार्डवेयर तालिमको समेत व्यवस्था गर्नुपर्ने
- धुप, चोया र दालमोटजस्ता बढी खपत हुने वस्तुको तालिम दिनुपर्ने ।
- दुर्गम क्षेत्रमा पनि तालिमको व्यवस्था गर्नुपर्ने ।
- कुक र उद्घोषणसम्बन्धी तालिमको व्यवस्था गर्नुपर्ने ।
- डण्डी बनाउने तालिम थप्नु पर्ने ।
- केन्द्रको भौतिक पूर्वाधारमा सुधार गर्नुपर्ने र शाखाहरू विस्तार गर्नुपर्ने । खेलकुदको व्यवस्था गर्नुपर्ने । खाम फाइल, स्वास्थ्य जनशक्ति, मिडिया, रिसेप्सनिस्ट, फूल बनाउने,....................पेज ५ तितौरा जुत्ता सिलाउनेलगायतका तालिम र सुस्तमनःस्थितिका अपाङ्गहरूलाई पनि तालिमको व्यवस्था गर्नुपर्ने । बेला बेलामा पुनर्मिलन गर्नुपर्ने सुझाव र निष्कर्ष निकालिएको थियो ।

**त्यसै गरी प्राविधिक समूहका तर्फबाट**

अपाङ्गहरूको आत्मनिर्भरताको विकास ।
स्थानीय स्रोत साधनको परिचालन र उपयोगिता ।
व्यावसायिकताको विकास ।
प्रतिस्पर्धात्मक भावनाको विकास ।
घरेलु तथा साना उद्योगको विकासमा सहयोग ।
व्यक्तित्व तथा नेतृत्व विकासको क्षमता ।

समयको सही सदुपायोग
सीप र प्रतिभाको प्रस्फुटन
सामाजिक अन्तरक्रियाको विकास
दृष्टिविहीन तथा बहिराहरूका बीचमा समाचार सम्पर्क ।
फिजियोथेरापीको उपयोगबाट फाइदा लिनुपर्ने आदि सुझावहरू एवम् निष्कर्ष निकालिएका थिए ।

**त्यसै गरी सीप समूहको तर्फबाट**

चक डस्टर र मैनबत्तीको तालिम राख्ने
बुनाइका लागि कच्चा पदार्थको व्यवस्था गराउनुपर्ने ।
बास्नादार धुपका साथै लामखुट्टे मार्ने बनाउनु पर्ने ।
दृष्टिविहीनहरूका लागि साइवरको व्यवस्था गर्नुपर्ने आदि निष्कर्ष र सुझावहरू निकालिएको थियो ।
त्यसपछि नेपाल अपाङ्ग समाजका अध्यक्ष एवम् उक्त केन्द्रका दोस्रो व्याचका विद्यार्थी रूक्मागत न्यौपानेले ..............................नामक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यपत्रमाथि रजना थापा, राजु हुमागाई, कुमारी निरौला, प्रणय श्रेष्ठ, भूमिकला पौडेल आदिले फ्लोअरबाट टिप्पणी गर्नुभएको थियो ।

**तेस्रो दिनको कार्यक्रम**

बजार व्यवस्थाका विज्ञ..........................बजारीकरणको बारेमा प्रस्तुति गर्नुभएको थियो । आफ्नो प्रस्तुतिमा श्री ढुंगानाले ....................उडान नामक प्रस्तुति गर्नुभएको थियो । उक्त प्रस्तुतिमा सबैले मिलेर एकल नेतृत्वमा अगाडि बढ्नु पर्ने र नेतृत्व कमजोर भएमा अर्काले नेतृत्व लिएर अभियानलाई निरन्तर अगाडि बढाउनुपर्ने र कमजोर नेतृत्वलाई अरूले सहयोग गरेर अगाडि बढाउनु पर्ने रोचक प्रस्तुति गर्नुभएको थियो । सीपलाई बजारीकरण गर्ने विभिन्न उपायहरू उदाहरणसहित प्रस्तुत गर्नुभएको थियो ।
त्यसपछि शैलेन्द्र ढकालले .............विषयमा कार्यपत्र पेस गर्नुभएको थियो । आफ्नो कार्यपत्रमा श्री ढकालले अपाङ्गहरूमा तालिमको आवश्यकता र महत्व दर्शाउँदै अपाङ्गहरूले आफ्नो क्षमता अभिवृद्धि, स्वतन्त्र जीवनयापन, रोजगारी र अन्य आत्मविश्वास जगाउनका लागि तालिमकै आवश्यकता परेको बताउनुभयो । उहाँले अपाङ्गहरूका लागि उद्घोषणसम्बन्धी तालिम, टेलिफोन अपरेटिङ तालिम, प्रवक्तासम्बन्धी तालिम, अक्युपन्चर र अक्युप्रेसरसम्बन्धी तालिम, कृषि सम्बन्धि तालिम र घरेलु उद्योग सम्बन्धि तालिम उपर्युक्त हुने कुरा आफ्नो प्रस्तुतिमा प्रस्तुत गर्नुभयो । त्यसै गरी तालिम प्राप्त अपाङ्गहरूले सहकारीका माध्यमबाट उनीहरूले उत्पादन गरेको सामानको बजार व्यवस्था गर्नुपर्ने । तालिम प्राप्त अपाङ्गहरूका लागि नेपाल सरकारले आरक्षणको व्यवस्था गर्नुपर्ने, अपाङ्गहरूले पनि संगठित भई जनचेतनामूलक काम गर्नुपर्ने सुझाव पनि दिनुभयो । उहाँको प्रस्तुतिमाथि दीपक कोइराला, प्रेम निरौला, रन्जु थापा, प्रणय थापा, विरुकमल श्रेष्ठ, कुमार थापा, जुनु गौचन, नरमाया लिम्बू, सावित्री कार्की, केशव शर्मा, इन्द्र रिजाल आदिले फ्लोअरबाट टिप्पणी गर्नुभएको थियो ।
कार्यक्रमको अन्तिम चरणमा तीन दिनसम्मको गोष्ठीमा सहभागीहरूले सीपको बजारीकरण र सिकेका सिपलाई प्रयोगात्मक रूपमा नै प्रस्तुत गर्न तीन समूह विभाजन गरी कार्यतालिका बनाउन लागिएको थियो । जसलाई जीवनकुमार श्रेष्ठको नेतृत्वमा रहेको सीप समूहले सिर्जनशील सहकारी उद्योग नामक संस्था स्थापना गर्न चाहिने पूर्वाधार, रणनीति र कार्ययोजना प्रस्तुत गरेको थियो । यस्तै राजु हुमागाईको नेतृत्वमा रहेको टोलीले शिक्षक प्रशिक्षण केन्द्र स्थापना गर्न आवश्यक पूर्वाधार र रणनीति कार्ययोजना प्रस्तुत गरेको थियो भने इन्द्र रिजालको नेतृत्वमा रहेको समूहले मोबाइल मर्मत केन्द्र स्थापनाका लागि आवश्यक पूर्वाधार रणनीति र कार्यतालिकाको नमुना प्रस्तुतहरू गरेको थियो । अन्त्यमा उक्त केन्द्रका इन्टरभेन्सनमा रहेका साना अपाङ्ग नानीहरूको मीठो सामूहिक गीतबाट कार्यक्रमको समापन गरिएको थियो ।

## अवैज्ञानिक अपाङ्गताको परिभाषा तथा अपाङ्गपनको निर्धारण बारे

**रूक्मागत न्यौपाने**

शाही सरकारका पालामा सुरु भएको अपाङ्गताको परिभाषा लोकतान्त्रिक आन्दोलनको सफलतापछि बनेको नेपाल सरकारको समयमा आएर २०६३ साल भदौ २ गते राजपत्रमार्फत जनसमक्ष आएको छ । अपाङ्गपनको परिभाषालाई अध्ययन गर्दा त्यो परिभाषाभित्रको अस्पष्टता र केटाकेटीपनको प्रतिबिम्ब देख्न सकिन्छ । तत्कालीन मन्त्री दुर्गा श्रेष्ठदेखि डा. दुर्गा पोखेलसम्मका शाही मन्त्रीहरूको निरन्तर चाकरी चाप्लुसी गरी अपाङ्ग परिभाषालगायतका मन्त्रालयका सम्पूर्ण भूमिकाहरू एक्लै हत्याउन सफल राष्ट्रिय अपाङ्ग महासंघको वर्तमान नेतृत्वले अन्य अपाङ्ग विशेषज्ञ र अपाङ्गतासम्बन्धी काम गरेका संघ-संस्थालाई सहभागीसम्म गराउन चाहेन । त्यस समयमा अन्य अपाङ्गहरूका सुझाव समावेश गरे आफ्नो केटकेटीपनको पर्दा खल्ने डरले अपाङ्ग महासंघको नेतृत्व मण्डलीले शाही सरकारको गुणगानमा बिन्तीपत्र साथ दरबारमा दर्शनभेटमात्र गरेन आफूहरूबाहेक अन्य अपाङ्गलाई सिंहदरबार प्रवेश गर्न रोक लगाउने सल्लाह दिई निषेध गराएरै छोड्यो । निर्वाचित सरकारको गला निमोठेर आएको असोज १८ र माघ १९ को कदमलाई शिरोधार्य गरेको अपाङ्ग महासंघले यस्तो अवैज्ञानिक, अस्पष्ट र केटाकेटीपाराको परिभाषा दिएर अपाङ्ग जगतलाई मात्र नभई पूरै राष्ट्रलाई नै अन्योलमा पाऱ्यो । अपाङ्गहरूको गला निमोठ्यो ।

k/Dk/fut¿kdf rn]sf] zfxL ;/sf/sf] ljrf/ klg k/Dk/fut g} x'g] / ToxL k/Dk/fut zfxL ;/sf/ / To;sf] cg'ofoL /fli6«o ckfË dxf;+3n] lbPsf] c;Gt'lnt ;NnfxnfO{ nf]stflGqs ;/sf/sf] g]t[Tj ul//x]sf dGqL pld{nf cof{nn] x'ax' ;b/ u/]sf] b]Vbf / kl/efiffsf] ckl/kSjtfnfO{ x]bf{ o; ckfË hutsf ;/f]sf/jfnfx¿ bË k/]sf 5g\ . gofF dGqLx¿n] kb:yfkg;d]t ug{ gkfpFb} a]tgwf/L sd{rf/LnfO{ klg pl5Gb} dw'/ d':sfg;lxt nlnt] af]nL af]Ng / zfxL ;/sf/ cfpFbf zfxL ;/sf/s} hohosf/ / nf]stGq cfPkl5 vfF6L u0ftGqjfbL clego ug{ vlKk; jt{dfg /fli6«o ckfË dxf;+3sf :j3f]lift cWoIfsf eflifs r+u'ndf Pdfn] dGqL pld{nf cof{ndfq xf]Og qmflGtsf/L dGqL v8\uaxfb'/ ljZjsdf{ klg km;]sf 5g\ . cGo P]g, lgod–sfg'g ;++ljwfg;d]t vf/]h x'g] t/ zfxL ;/sf/df ag]sf] ckfËsf] kl/efiff ;b/ eO{ nf]stflGqs ;/sf/n] dfGotf lbg' ckfËsf nflu Pp6f lj8Dagf g} xf] .

## अपाङ्गको गोलमटोल परिभाषा

अपाङ्गताको परिभाषा र वर्गीकरणलाई अध्ययन गर्दा यो परिभाषा २०५६/९/५ को परिभाषाभन्दा पनि अस्पष्ट र गोलमटोल छ । परिभाषामा उल्लेखित भाषा सामान्य मानिसले बुझ्न कठिन र मस्यौदाकारले पनि व्यक्तिअनुसारको अर्थ लगाउन सक्ने खालका शब्दको चयन गरिएको छ । कानुनमा यस्ता अस्पष्ट शब्दहरूको प्रयोग गरिएको हुँदैन । परिभाषा र वर्गीकरणको विषयमा सबैभन्दा शारीरिक अपाङ्गताको विषयमा गोलमाल पारिएको छ । सबैभन्दा बढी अपाङ्गताको प्रकार हुने शारीरिक अपाङ्गतालाई छुट्याएर परिभाषित र वर्गीकरण गर्नुपर्नेमा सबैलाई एकै ठाउँमा खाँदेर खिचडीमात्र बनाइएको छैन मस्तिष्क पक्षघात, मांसपेशी विचलन,

रिकेट्स र होचापुड्कासमेतका अन्य प्रकारका अपाङ्गहरूलाई एकै ठाउँमा राखेर गुन्द्रुक बनाइएको छ । ह्विल चियर प्रयोगकर्ता, बैसाखी प्रयोगकर्ता, कृत्रिम हातखुट्टा हुनेहरूको प्रकृति अवस्थालाई पूरै बेवास्ता गरिएको छ । यसले गर्दा अपाङ्गताको परिभाषा त पूरै बिग्रियो नै सेवा प्रदायहरूले सेवा दिनेहरूलाई पनि अल्मल्याउने निश्चित छ । त्यस्तै सेवाग्राहीहरूलाई पनि सबै एकै किसिमको परिभाषा भित्र पर्ने हुँदा अवस्थाअनुसारको सेवा पाउने अधिकारबाट पनि वञ्चित हुने भएका छन् ।

b[li6ljxLgsf] ;]tf] 58L zf/Ll/s ckfËsf] lXjn lro/, a};fvL, cflbsf] k|of]ustf{sf lx;fan] klg kl/eflift / juL{s/0f ul/Fb} cfPsf] cGt/f{li6«o dfGotfx¿nfO{ 7f8} pNn+3g ub}{ of] clxn]sf] kl/efiffn] gofF cGof]n pTkGg u/fPsf] 5 . s'g ckfËnfO{ /fHo / ;dfhn] s:tf] ;]jf pknAw u/fpg' k5{ < s:tf] vfnsf] ckfËsf] s:tf] ;]jf kfpg] clwsf/ xf] < s:tf] k|s[ltsf ckfË slt 5g\ eGg] tYofÍ /fVg / s:tf k|s[ltsf ckfËnfO{ s;/L k'gM:yflkt u/fpg' k5{ eGg] ;jfnx¿ p7fpg;d]t of] kl/efiffn] uDeL/ ;d:of y'kf/]sf] 5 . o;} k|;Ëdf Pp6f pbfx/0f k|:t't u/f}+– Pp6f lXjn lro/ k|of]ustf{ ckfË xjfO{ hxfhdf ofqf ug{ rfxG5 t/ p;sf] kl/efiffcg';f/sf] kl/rokqn] p;nfO{ lXjn lro/ k|of]ustf{ eGg] ls6fgL ub}{g eg] p;n] hxfhdf ;]jf s;/L lng] / Joj:yfks kIfn] s;/L ;]jf lbg] eGg] uDeL/ ;d:of o;n] NofPsf] 5 . o;} klg /fHosf clwsf/Lx¿ ckfËtfsf] kl/efiffsf] c:ki6tfn] ubf{ kl/rokq lbFbf cGof]ndf kg]{ u/]sf lyP g} cem clxn]sf] uf]nd6f]n kl/efiffn] ubf{ ckfË kl/rokq lbg] clwsf/Lb]lv sfof{Gjog kIf;Dd emg} cGof]n l;h{gf u/]sf] 5 .

**यस्तो किन भयो ?**

आफूसँग सामान्य असहमति राख्ने वा आफ्नो चाकरी नगर्ने अपाङ्ग विशेषज्ञ, अपाङ्गसम्बन्धी संघ-संस्था र आफ्नै कार्य समितिका सदस्य र पदाधिकारीसमेतलाई ज्यानी दुष्मन ठान्ने पूर्वाग्रही राष्ट्रिय अपाङ्ग महासंघको नेतृत्व मण्डलीले राज्यद्वारा जारी गरिने अपाङ्गताको परिभाषासम्बन्धी गम्भीर विषयमा एक्लै सल्लाह र परामर्श दिने काम गऱ्यो । तत्कालीन शाही मन्त्रीपरिषद्का विभागीय मन्त्रीहरूले पनि अन्य अपाङ्गसम्बन्धी संघ-संस्था र लोकतान्त्रिक आन्दोलनमा सक्रिय अपाङ्गहरूलाई परिभाषासम्बन्धी छलफलमा सामेल गराउन चाहेन । त्यस्तै राष्ट्रिय अपाङ्ग महासंघको सीमित नेतृत्वले आफू नै राज्यभक्त र शाही सत्ताको पहरेदार भएको जाहेर गर्दै बिन्तीपत्र हाल्दै अन्य लोकतान्त्रिक अपाङ्गलाई आतङ्ककारीको कोटीमा रहेको भनी शाही मन्त्रीहरूलाई दलाली गरिरह्यो । अत्मकेन्द्रित र पूर्वाग्रही महासंघका सीमित व्यक्तिले आफ्नै कार्यसमितिका सदस्य र पदाधिकारीलाई समेत यो परिभाषाको छलफलमा सक्रिय सहभागी हुन दिएनन् । अहिले पनि राष्ट्रिय अपाङ्ग महासंघका अधिकांश सदस्य र पदाधिकारीहरू अध्यक्षका अगाडि नतमस्तक, निरीह र विचरा भएर कार्यकाल कटाइरहेका छन् । उनीहरूलाई न महासंघको हिसाब किताब छ न कुनै कार्यक्रम थाहा छ । न सहभागिता छ न कुनै छलफल छ । न कुनै विचार छ, भए पनि त्यसै खुम्चिएर र दबिएर रहेको छ । अपाङ्ग महासंघका सदस्य र पदाधिकारीको अवस्था हेर्दा लाग्छ वर्तमान परिवेशमा पनि उनीहरू

अनुदारवादी राणाशासन कालको विकराल परिस्थितिसँग खेल्दै छन् । अनि कसरी छलफल गरून् अपाङ्ग परिभाषाको ? बाहिरका संघ-संस्थाको विषयमा त अपाङ्ग महासंघले परियोजना प्रस्ताव पेस गर्न र आफ्नो भूमिका प्रदर्शन गर्न नगदमा परिणत गर्ने काममा मात्र प्रयोग गर्दै आएको छ ।

**अब के गर्नु पर्ला ?**

देशका ३० लाख अपाङ्गको भविष्यसँग जोडिएको अपाङ्गताको परिभाषालाई अहिलेको लोकतान्त्रिक सरकारले लोकतान्त्रिक हिसाबले बढीभन्दा बढी विशेषज्ञ सहभागी गराई पुनः परिभाषित गरिनु पर्छ । शाही विचारअनुसार आएको परिभाषालाई खारेज गरी अझै वैज्ञानिक, स्पष्ट र सबैले बुझ्ने गरी परिभाषित गरिनुपर्छ । अपाङ्गताको परिभाषाजस्तो विषयमा सामान्ती सोच भएका, आत्मकेन्द्रित, पूर्वाग्रही नेतृत्वका भरमा यस्ता गम्भीर विषयलाई छोडिनु हुँदैन । लोकतान्त्रिक सरकार, क्रान्तिकारी मन्त्री, मन्त्रालय र सरोकारवालाहरूको गम्भीर रूपले ध्यान जानु जरुरी छ ।

## केवलपुर अपाङ्ग समाज गठन

धादिङको केवलपुर गाविसमा भएका अपाङ्गहरूको एक भेलाले दृष्टिविहीन अपाङ्ग तोयानाथ वाग्लेको अध्यक्षतामा **केवलपुर अपाङ्ग समाज** गठन गरेको छ । समाजका उपाध्यक्ष सानुकान्छो परियार (दृष्टिविहीन) सचिवमा सरिता भुजेल (शारीरिक) र कोषाध्यक्षमा गोकुल डंगोल (शारीरिक) रहनुभएको छ । सदस्यहरूमा भवानी उप्रेती (शारीरिक), पदमकुमारी आचार्य (शारीरिक), इन्द्रराज पाण्डे (सुस्थमनःस्थिति अभिभावक) गोपाल पाण्डे (बहिरा) ऋषिराम बास्कोटा (शारीरिक) रहनुभएको छ ।

यसअघि केवलपुर गाविसले अपाङ्गलाई राहत विचरणको कार्यक्रम राखेको थियो । कार्यक्रममा अपाङ्ग, उनीहरूका अभिभावक र सरोकारवालाहरूलाई अपाङ्गसम्बन्धी एक प्रशिक्षण कार्यक्रमको पनि आयोजन गरिएको थियो । सहभागीहरूलाई नेपाल अपाङ्ग समाजका प्रेस सल्लाहकार भरत कोइराला राजले प्रशिक्षण दिनुभएको थियो । उक्त अवसरमा नेपाली कांग्रेसका लीलाराज पाण्डे, नेकपा माओवादीका रामप्रसाद पुडासैनी, नेकपा एमालेका अमलेश्वर आचार्य, नागरिक समाज केवलपुरका अध्यक्ष रामकृष्ण आचार्य र स्वास्थ्यकर्मी रामकृष्ण फुँयालले अपाङ्गका बारेमा बोल्नुभएको थियो । दृष्टिविहीन अपाङ्ग तोयानाथ वाग्लेको समापतित्वमा स्थानीय ज्योति माविमा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन गाविस सचिव पुष्पलाल ठाकुरले गर्नुभएको थियो ।

## शर्मा र डंगोल सम्मानित

२०६४ श्रावण २० गते नेपाल राष्ट्रिय बहिरा तथा सुस्त श्रवण महासंघका अध्यक्ष एवं विश्व बहिरा महासंघका नव निर्वाचित सदस्य विकास डंगोल तथा महासंघका उपाध्यक्ष एवं विश्व बहिरा महासंघको एसिया प्रशान्त क्षेत्रीय सचिवालय व्यावस्थापन समितिका सदस्य राजेन्द्रप्रसाद शर्मालाई उहाँहरूले प्राप्त गरेको गरिमामय अन्तर्राष्ट्रिय सफलताका लागि सम्मान गरियो

उक्त अवसरमा प्रमुख अतिथि माननीय भूमिसुधार तथा व्यवस्था मन्त्री श्री जगतबहादुर बोगटीले बहिराहरूको हकहित अधिकारका लागि सबै एकजुट भई लागेमा बहिराहरूको विकास अवस्य सम्भव हुन्छ भन्नुहुँदै बहिरा भइकन पनि नेपालको गौरव बढाएकोमा बधाई ज्ञापन गर्नुभयो ।

सांसद गणेश शाह, पूर्व राजदूत एवं भाषा विशेषज्ञ प्राध्यापक डा. नोवेल किशोर राई, नेपाल तमु राष्ट्रिय मुक्ति मोर्चा, काठमाडौं जिल्ला कमिटीका अध्यक्ष श्री माकर गुरुङ, नेपाल बहिरा तथा सुस्त श्रवण महासंघका संस्थापक अध्यक्ष श्री दीपककुमार शाक्य, पूर्व अध्यक्ष राघववीर जोशी तथा सल्लाहकार वसन्तकुमार भट्टचन, नेपाल नेत्रहीन संघका अध्यक्ष नरबहादुर लिम्बू तथा अभिभावकहरूको उपस्थितिमा सम्पन्न भएको कार्यक्रममा स्पेनमा सम्पन्न भएको विश्व बहिरा महासंघको सम्मेलनको जानकारी पनि गराइएको थियो उक्त अवसरमा सांसद गणेश शाहले बहिराहरूको अधिकारका लागि कानुनमा रहेको बाधा हटाउन आफूले प्रयास गर्ने विश्वास व्यक्त गर्नुभयो भने यो सफलता २ जना बहिराको मात्र नभई सम्पूर्ण नेपालीहरूको गौरवको हो भनी बधाई ज्ञापन गर्नुभयो । विश्व बहिरा महासंघका सदस्य विकास डंगोल र एसिया प्रशान्त क्षेत्रीय सचिवालय सदस्य श्री राजेन्द्रप्रसाद शर्माले हालै संयुक्त राष्ट्र संघले पारित गरेको अपाङ्गहरूका लागि समानीकरणको नियम (Un Convention Law) नेपाल सरकारले अनुमोदन गर्नुपर्ने आग्रह गर्नुभयो ।
बहिरा महासंघका सचिव श्री सूर्यबहादुर बुढाथोकीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा बहिरा सदस्यहरू, अभिभावक, समाजसेवी तथा दोभाषेहरूको सहभागिता रहेको थियो ।

**अपाङ्गको सांस्कृतिक कार्यक्रम सम्पन्न**

काठमाडौं जेष्ठ २५ गते बौद्धिक अपाङ्ग कल्याण संस्थाको आयोजनामा विविध सांस्कृतिक कार्यक्रम राष्ट्रिय सभागृहमा समाज कल्याणपरिषद्का पूर्वसदस्य सचिव डा. टीकाप्रसाद पोखरेलले गर्नुभएको थियो ।
स्वागत मन्तव्य एवं उद्देश्य माथि प्रकाश बौद्धिक अपाङ्ग कल्याण संस्थाका अध्यक्ष श्याम कार्कीले कल्याण संस्थामा १७ जना बौद्धिक अपाङ्ग बालबालिकाहरूलाई सेवा पुर्‍याउँदै आएको र २५ जनालाई घरघरमा गएर तालिम दिँदै आएको बताउनुभयो । अध्यक्ष कार्कीले बौद्धिक अपाङ्ग बालबालिकाहरूलाई खासै सहयोग नगरेकाले कल्याण संस्था स्थापना गरेर उनीहरूको हक हित अधिकारको पक्षमा काम गरिरहेको बताउनुभयो । कार्कीले संघ-संस्था विदेशीको आर्थिक, भौतिकका लागि सहयोगको अपेक्षा गरेको बताउनुभयो । उहाँले संस्थालाई केही हुन्छ भनेर पहिलोपटक सांस्कृतिक कार्यक्रम गरेको बताउनुभयो । कार्कीले बौद्धिक अपाङ्ग बाल बालिकाहरूलाई सरकारले खासै सहयोग नभएकाले उनीहरूलाई विशेष कार्यक्रम ल्याउनु पर्नेमा जो दिनुभयो ।
राष्ट्रिय सभागृहमा बौद्धिक अपाङ्ग बालिबालिकाहरूले सांस्कृतिक कार्यक्रम हेरेर रमाइलो मानेक थिए । उनीहरू सधैंभरि स्कुल र घर गइराखेको अवस्थामा सभागृहमा गीत संगीत तथा नृत्य देखेर खुसी भएको देखिन्थ्यो ।

**विश्व बहिरा महासंघको कार्यसमिति सदस्यमा नेपालबाट पहिलोपटक विकास डंगोल निर्वाचित**

यही जुलाई १५ तदनुसार असार ३१ गतेका दिन स्पेनको म्याड्रिड सहरमा विश्व बहिरा संघको १७ औं अधिवेशन भव्यताका साथ सम्पन्न भयो । उक्त अधिवेशनले फिनल्यान्ड बहिरा महासंघका अध्यक्ष Mr. Markkuu Jokinen को अध्यक्षतामा पुनः निर्विरोध निर्वाचित भई निम्न सदस्यहरू रहने भएका छन् । त्यस समितिमा २ जना अफ्रिकन मूलका महिलाको पनि सदस्यता रहेको छ भने एसियाबाट १ जनाको मात्र सहभागिता रहेको छ । जुन नेपालको गौरवको विषय बन्न पुगेको छ ।
सन २००७ देखि २०११ सम्मका लागि चुनिएका पदाधिकारीहरू:

President - Mr Markku Jokinen
Vice President – mr. Feliciano sola Limia
**Members**
Mr Colin Allen (Australia)
Ms. Deborah Oyuu Iyute (Uganda)
Mr. vikash Dangol (Nepal)
Mr. Hohan Vert Wesemann (The Netheralands)
Ms. Hanne B. Kvitvaer (Norway)

Mr. Valery Rukheldev (Russia)
Ms. Wilma Susan Newhoudt Druchen (South Africa)
Mr. Tomas HHedberg (Seeden)
Mr. Joseph Murraar (USA)

साधारण सभामा ८१ वटा सदस्य संस्थाहरूको उपस्थिति रहेको थियो । जुन आजसम्मको सबैभन्दा ठूलो सहभागिता मानिएको छ । सन् २०११ सम्ममा गरिने साधारण सभा तथा अधिवेशन ४ वर्षपछि दक्षिण अफ्रिकामा २०११ को जुलाईमा गरिने भएको छ ।

बिश्व बहिरा महासंघको एसिया प्रशान्त क्षेत्रीय सचिवालयको व्यावस्थापन समितिको (WFDRSA/P)
यही जुलाई २१ तदनुसार श्रावण ५ गतेका दिन स्पेनको म्याड्रिड सहरमा विश्व बहिरा महासंघको एसिया प्रशान्त क्षेत्रीय सचिवालयद्वारा आयोजित १९ औं विश्व बहिरा महासंघ एसिया प्रशान्त क्षेत्रीय सम्मेलन (19th WFD RSA/P) बाट व्यवस्थापन समितिमा सन् २००७ देखि २०११ सम्मको लागि नयाँ समितिको गठन गरिएको छ । जसमा यस महासंघका उपाध्यक्ष श्री राजेन्द्रप्रसाद शर्मा सर्वसम्मतिबाट छनोट हुनुभएको छ भने यसभन्दा अघि उक्त समितिमा तत्कालीन अध्यक्ष श्री राघवबीर जोशीको प्रतिनिधित्व रहेको थियो ।
स्पेनमा १९ औं सम्मेलन भए जस्तै विश्व बहिरा महासंघको २० औं एसिया प्रशान्त क्षेत्रीय सम्मेलन २००८ मा नेपालमा हुने निर्णय पनि भइसकेको छ । उक्त कार्यक्रम भव्यताका साथ सम्पन्न गर्नका लागि यस महासंघले तयारी सुरु गरिरहेको छ ।

**पर्वतमा अपाङ भेला सम्पन्न**
नेपाल नव प्रतिभाशाली अपाङ सेवा केन्द्रको आयोजनामा गाविसस्तरीय भेला कार्यक्रम सम्पन्न भएको छ । पर्वत जिल्लाका ३५ गाविसका अपाङ्गता भएका व्यक्तिको उपस्थिति भएको उक्त भेलामा सहभागीले समग्र अपाङ्गता भएका व्यक्तिको हकअधिकारको संवर्धन र विकास गर्नका लागि सबै जना एकजुट भएर लाग्नुपर्ने कुरा व्यक्त गर्नुभएको थियो । उहाँहरूद्वारा उक्त क्षेत्रमा सरकारी पहुँच नभएको र त्यस क्षेत्रका अपाङ्गहरूको वृत्ति विकासका लागि कुनै पनि निकायले ध्यान नदिएकाले सबै गाविसमा अपाङ्गसम्बन्धी एक-एक वटा सम्पर्क कार्यालय स्थापना गर्ने र त्यसका लागि नेपाल नव प्रतिभाशाली अपाङ्ग सेवा केन्द्रले नेतृत्वदायी भूमिका खेल्नुपर्ने धारणा व्यक्त गर्नुभयो । आयोजक संस्थाका उपाध्यक्ष उदयराज भुर्तेलको सभापतित्वमा सम्पन्न उक्त भेलामा ३५ गाविसका २०० भन्दा बढी अपाङ्गता भएका व्यक्तिको सहभागिता थियो ।

**चितवनमा क्रान्तिकारी अपाङ्ग संघ**
चितवन जिल्लामा रहेका अपाङ्गहरूको एक भेलाले अखिल नेपाल क्रान्तिकारी अपाङ्ग संघ चितवन जिल्ला समीति हालै गठन भएको छ । बलराम मरहट्टा संयोजक रहनुभएको उक्त समीतिका सचिव र कोषध्यक्षमा क्रमशः विकास चापागाईं र प्रज्ञा रेग्मी रहनुभएको छ । त्यसै गरी सदस्यहरूमा सभ्यता खनाल, आत्माराम बाँस्तोला, शान्ता न्यौपाने, सुमी वि. क., पूर्णबहादुर परियार, वेदराज पौडेल, सीता अधिकारी, सुमन खनाल, जयराम अधिकारी र कृष्ण ढकाल रहनुभएको छ । अखिल नेपाल क्रान्तिकारी अपाङ्ग संघ राष्ट्रिय सम्मेलन आयोजक समीतिका अध्यक्ष टेकनाथ न्यौपानेले सिट्टी बजाएर उद्घाटन गर्नुभएको उक्त कार्यक्रममा ने. क. पा. माओवादीका इलाका इन्चार्ज विप्लव, शैक्षिक गणतान्त्रिक मञ्चका जिल्ला अध्यक्ष टेकबहादुर थापा, अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सहसचिव रूद्रराज भट्टराई, अखिल नेपाल किसान संघ (क्रान्तिकारी) का शिव रेग्मी, तामाङ मुक्ति मोर्चाका जिल्ला अध्यक्ष वीरेन्द्र तामाङ, नेपाल शिक्षक संगठनका जिल्ला उपाध्यक्ष पूर्णप्रसाद दवाडी, अपाङ्ग समाज चितवनका अध्यक्ष अम्बिकालाल श्रेष्ठलगायतका वक्ताहरूले बोल्नुभएको थियो ।

**होचापुड्का सम्मानित**

नेपाल होचापुड्का संघको आयोजनामा सम्मान तथा विशेष साँस्कृतिक कार्यक्रम हालै सम्पन्न भएको छ । उक्त अवसरमा प्रमुख अतिथिको आशनबाट बोल्दै शान्ति तथा पुनर्निर्माण मन्त्री रामचन्द्र पौडेलले लोकतन्त्रमा कसैलाई पनि उपेक्षा गर्न नहुने बतानुहुँदै होचापुड्का मानिसहरूका लागि समाजले सम्मान, हौशला र प्रेरणा दिनुपर्ने बताउनुभयो । उहाँले होचापुड्का मानिसहरूको प्रतिभा देखेर आफू ज्यादै खुसी भएको पनि बताउनुभयो । उक्त अवसरमा बोल्दै नेपाल होचापुड्का संघका अध्यक्ष लोकनाथ ढकालले सरकारले होचापुडका मानिसहरूका निमित्त छुट्टै नीति बनाएर उनीहरूको शिक्षा, दीक्षा, रोजगार र स्वास्थ्यको प्रत्याभूति गर्नुपर्ने बताउनुभयो । उक्त अवसरमा ................जनालाई मातृभूमि सेवा सम्मानबाट विभूषित गरिएको थियो ।

**नेत्रहीनहरूको साँस्कृतिक साँझ सम्पन्न**

नेपाल नेत्रहीन संघ ललितपुर जिल्ला शाखाको आयोजनामा समावेशी लोकतन्त्रको सार्थकता, हरेक क्षेत्रमा दृष्टिविहीनको अनिवार्य सहभागिता नाराका साथ ललित लोकतान्त्रिक सभा राष्ट्रिय सभागृहमा हालै सम्पन्न भएको छ । उक्त अवसरमा उक्त शाखाकी सभापति निरा अधिकारीले कार्यक्रमका बारेमा प्रकाश पार्दै नेत्रहीनहरूको छात्रावास खोल्नका लागि नेत्रहीन कला प्रदर्शनी गरिएको बताउनुभयो । कार्यक्रमका प्रमुख अतिथिद्वय मदनकृष्ण र हरिवंश आचार्यले नेत्रहीनहरूको कला देखेर आफूहरू अति नै प्रभावित भएको बताउनुभयो । उहाँहरूले निकट भविष्यमा नेत्रहीनहरूका बारेमा कार्यक्रम बनाउने पनि बताउनुभयो । उहाँहरूले संविधानसभामा नेत्रहीनहरू पनि प्रतिनिधि हुनुपर्दछ भन्दै यसका लागि नेत्रहीनहरूले आवाज उठाउनु पर्ने बताउनुभयो ।

-शशिबाबु पौडेलबाट

**बाह्रौं राष्ट्रिय विशेष खेलकुद सम्पन्न**

शिक्षा तथा खेलकुद मन्त्रालय विशेष शिक्षा विभाग र राष्ट्रिय खेलकुद परिषद्को संयुक्त आयोजनामा १२ औं विद्यालय स्तरीय खेलकुद प्रतियोगिता दशरथ रंगशालामा सम्पन्न भएको छ । तीन दिनसम्म चलेको उक्त प्रतियोगिताको उद्घाटन शिक्षा तथा खेलकुद मन्त्री प्रदीप नेपालले गर्नुभएको थियो । उक्त प्रतियोगितामा सुस्तमनःस्थिति कल्याण संस्था र नेपाल अन्धाकल्याण संस्था अन्तर्गतका विद्यालयका १३ वटा जिल्लाका ५०७ जना खेलाडीले भाग लिएका थिए । प्रतियोगितामा यसै गरी राष्ट्रिय सभागृहमा १० औं साँस्कृतिक प्रतियोगिता पनि गरिएको थियो ।

**सुस्तमनःस्थितिका अपाङ्गद्वारा चिडियाखाना आवलोकन**

सुस्तमनःस्थितिका बालबालिकाहरूलाई जनावर चिनाउने उद्देश्यले सुस्तमनःस्थिति कल्याण संस्था पारिवारिक सरसल्लाह तथा स्रोत विद्यालय सिनामंगलका सुस्तमनःस्थितिका बालबालिका, अभिभावक, शिक्षक र शिक्षिकाहरू र जर्मनी स्वयम् सेवकहरूले सदर चिडियाखानाको अवलोकन गरेका छन् । उक्त अवसरमा एक पिकनिक कार्यक्रमको पनि आयोजना गरिएको थियो । उक्त अवसरमा ६ महिनासम्म सँगै बसेर सेवा गर्ने दुई जना जर्मन स्वयम् सेवकहरूलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो । सम्मानित स्वयम् सेवकहरूले भविष्यमा पनि सुस्तमनःस्थितिका बालबालिकाहरूलाई सहयोग गर्ने बचन दिनुभएको थियो ।

काठमाडौं

२०६४ साउन १३ गते सुस्तमनःस्थिति कल्याण संस्थामा जापानबाट पाल्नुभएका वरिष्ट स्वयम् सेवक एवं सुस्तमनःस्थिति विशेषज्ञ सुश्री रियो ओको तथा श्री हिरोमोतोले सुस्त मनःस्थिति छात्र छात्राहरूलाई विशेष शिक्षा तथा तालिम दिने कार्यमा कार्यरत काठमाडौं, भक्तपुर, ललितपुर र काभ्रे जिल्लाहरूमा सञ्चालित विशेष विद्यालयहरूमा कार्यरत ३५ जना शिक्षक, कर्मचारी, अभिभावकहरूलाई कक्षाकोठाको व्यवस्थापन तथा बाल विकास, मूल्याङ्कन, योजना तर्जुमा गर्नेसम्बन्धी पहिलो चरणको तालिमको आयोजना गरिएको थियो ।

उक्त तालिमको आयोजनाबाट सुस्तमनःस्थिति पुनःस्थापना क्षेत्रमा कार्यरत शिक्षक, शिक्षिका, अभिभावकहरूमा सीप वृद्धि भएर सुस्तमनःस्थितिका बालबालिकाहरूलाई विशेष शिक्षा तथा तालिम दिने कार्यमा सहयोग पुग्ने आशा राखिएको छ ।

कक्षाकोठाको व्यवस्थापन तथा बाल विकाससम्बन्धी आगामी दोस्रो तालिम २०६४ भाद्र २ गते आइतबार गर्ने लक्ष्य राखिएको छ । यस्ता सुस्तमनःस्थिति भएका बालबालिका, अभिभावकहरूलाई सरकारी संघसंस्थाहरूले पनि यस्ता खाले तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ । हालसम्म पनि सरकारी, गैरसरकारी संघ-संस्थाहरूले सुस्तमनःस्थिति भएकाहरूका लागि खासै तालिम कार्यक्रमहरू नगरेको हुनाले आगामी दिनमा अभिभावक र शिक्षक शिक्षिकाहरूलाई अनिवार्यरूपमा सहभागिता गराउनु पर्ने देखिन्छ ।

-शशिबाबु पौडेलबाट

बदलिँदो राजनीतिक परिदृष्य र अपाङ्ग

**डा. सुरेन्द्र के. सी.**

राजनीतिक विश्लेषक

विषय प्रवेश

राज्यसत्ता जहिल्यै पनि र जहाँ पनि टाठा बाठा र बलिया बाङ्गाको हतियार हुन्छ  र तिनले यसलाई आफ्ना विरोधी वर्गको दमनको अस्त्रका रूपमा प्रयोग गरेका हुन्छन् । अर्को शब्दमा यसलाई लामो समयसम्म पुँजीपति वर्गको सञ्चाक समिति भन्ने नाम पनि दिइयो । बिसौं शताब्दीको दोस्रो दशकमा चाहिँ एउटा वैकल्पिक वर्ग पनि राज्यसत्ता हत्याउन सफल बन्यो । त्यसले चाहिँ आफ्नो सत्तालाई सर्वाहारा वर्गको सत्ताका रूपमा प्रस्तुत गर्‍यो ।

दुर्भाग्यबस यी दुवै सत्ताले समाजको वास्तविक उपेक्षित-उत्पीडित वर्गका लागि ठोस नीति कार्यक्रम र व्यवहार प्रस्तुत गर्न नसक्दा धनी झन् धनी र शक्तिशाली झन् शक्तिशाली हुँदै जाने प्रक्रियामा कुनै किसिमको भिन्नता आएन । फलतः आजसम्म पनि विश्वको उत्पीडित एवं कमजोर पिछडिएको वर्ग राज्यको निर्णायक स्थानसम्म आउन र त्यसबाट लाभान्वित हुनमा सर्वदा विफल रहँदै आएको छ । निश्चय नै अपाङ्ग तिनीहरूमध्ये सबैभन्दा बढी उपेक्षित वर्ग रहँदै आएको छ ।

**नेपाली सन्दर्भ**

नेपाल पनि उपर्युक्त मनोवृत्तिको अपवाद रहने कुरा थिएन । बरू नेपाल त लामो समयदेखि सामन्ती उत्पादन सम्बन्ध र सम्पत्तिको सामाजिक मनोबनोटको सिकार रही आएका कारण समाजको तल्लो एवं उत्पीडित वर्ग सदैव हेपिँदै, दलिँदै र उपेक्षित रही आयो । गरिबीमात्र होइन छुवाछूतलाई सम्म घृणाको विषय बनाउने यो समाज कति परपीडक छँदो हो स्वयम्मा ..............विषय रहेको छ । स्त्री जातिलाई सम्म दास सरहको दुर्व्यवहारको सिकार बनाई आएको यो समाजले कथित तल्लो जातलाई 'अछूत' पार्ने जुन मानवता विरोधी व्यवहार अवलम्बन गर्‍यो त्यो यस सामन्ती समाजको अक्षम्य अपराधमात्र होइन हाम्रो समाजकै कलंक हो । त्यसबाहेक अपाङ्गप्रति पनि नेपाली समाज उत्तिकै पूर्वाग्रही एवं परम्परावादी सोचद्वारा ग्रसित रहँदै आएको छ । तर अबको एक्काइसौं शताब्दीमा पनि यो सोच र व्यवहार रहनु सह्य हुन सक्दैन । त्यसको विपरीत जसरी जानजाति, दलित, महिलालगायतको सीमान्तकृत तह तप्कालाई राज्य सञ्चालनका सबै अङ्गमा समानुपातिक सहभागिताको प्रसङ्ग आएको छ अपाङ्गलाई पनि अनिवार्य त्यो सुविधाभित्र पारिनु पर्दछ । अन्यथा दिगो शान्ति र सामाजिक न्यायको दिशामा यो अर्को व्यवधान हुनेछ ।

**बदलिँदो राजनीतिक परिदृष्य र अपाङ्गसम्बन्धी व्यवस्था**

गएको जनआन्दोलन ०६३ मा मुलुकको अपाङ्ग वर्ग पनि त्यत्तिकै सक्रिय थियो । आफ्नो कमजोर शारीरिक अवस्थाका अतिरिक्त काठमाडौंका गल्ली र सडकहरूमा यत्रतत्र तिनको समुपस्थिति उक्त आन्दोलनका सहयात्रीहरू स्वयम्ले नदेखेको होइन । तर जब लोकतान्त्रिक शक्ति सत्तामा फर्कियो तब पहिलाकै जस्तो सदियौंदेखि उपेक्षित एवं अवहेलित रहँदै आएको अपाङ्गवर्गलाई कुनै पनि इकाइ र संस्थामा सहभागी गराइएन । अन्तरिम संविधान (२०६३) को धारा ३५ (९) मा 'एकल महिला, अनाथ, बालबालिका, असहाय, वृद्ध र लोपोन्मुख जातिसँगै अपाङ्गलाई पनि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गरिने' उल्लेख

गरिए तापनि तदनुरूपको व्यवहार भएको पाइएन । फलतः न त व्यवस्थापिका संसद् न अन्तरिम सरकार कहीँ पनि अपाङ्गहरूका लागि कुनै प्रकारको प्रतिनिधित्व गराइएको पाइयो ।

त्यसै गरी संविधानसभाको गठन विधि अन्तर्गत निर्वाचित भई आउने ४२५ जना सदस्य पनि अपाङ्गहरूका लागि कुनै प्रकारको विशेष व्यवस्था भएको पाइएन । सोसम्बन्धी व्यवस्था गरिएको धारा ६३ (४) मा राजनीतिक दलहरूले उम्मेद्वार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिने क्रममा महिला, दलित, उत्पीडित, आदिबासी जनजाति, पिछडिएको क्षेत्र र मधेसीलगायतको वर्गको उल्लेख गरिए तापनि अपाङ्गबारे कुनै उल्लेख भएन । मुलुकको कुल जनसंख्यामध्ये झन्डै १० प्रतिशत अर्थात् २४ लाख अपाङ्गबारे यस प्रकार कुनै विशेष व्यवस्था वा उल्लेख नहुनु निश्चय नै न्यायोचित होइन । स्वभावतः अपाङ्ग वर्गले यसलाई आफू माथि राज्यको घोर उपेक्षाका रूपमा लिए र तीव्र प्रतिक्रिया व्यक्त गरे ।

**अन्तरिम संविधानमा प्रथम संशोधन र अपाङ्ग**

दोस्रो जनआन्दोलनको मुख्य आकांक्षा गणतन्त्र थियो । त्यसबाहेक विधिको सर्वोच्चता थियो । त्यसको विधिका रूपमा संविधानसभाको बाटो अघि बढ्नुपर्छ भन्ने अर्को जनादेश थियो । दुर्भाग्यवस सुरुमा सात दल पछिबाट आठै दल जनताको यो मूलभूत आकांक्षाबाट पछि हट्दै ...........विषयतर्फ अग्रसर भएको महसूस हुन थाल्यो । सुरुमा सातदल प्रतिनिधिसभा माओवादीभन्दा क्रान्तिकारी पल्टन जथाभावी मनपर्दो घोषणा गर्न थाल्यो । राजालाई शक्तिविहीत तुल्याउने विषय होउन् वा नेपाललाई धर्म निरपेक्ष राष्ट्र घोषणाको प्रश्न । यी सबै संविधानसभाबाट जनादेश प्राप्त सभाद्वारा बन्ने संविधानले ...........कुरा थिए । एकातिर जनादेश र आकांक्षा अनुरूपको गणतन्त्र घोषणा नगर्ने अर्कोतिर राजतन्त्र हटाउने गुड्डी हाँक्ने ! यो सातदलको ठूलो विरोधाभास थियो ।

अर्कोतर्फ, रायमाझी आयोगलाई धोती लगाइएको मात्र होइन जनआन्दोलनका अपराधीहरू एकाएक पुरस्कृत हुन थाले । यताबाट दण्डहीतनाले प्रोत्साहन पायो । सोही पृष्ठभूमिमा मधेसीहरूले लाठी मुँग्री उठाए । अन्ततः जसको लाठी उसको भैंसी भन्ने सिद्धान्त स्थापित भयो । फेरि एकपल्ट अपाङ्गहरू नै ठगिए किन भने बाहुबली मान्यता पाउनुको तात्पर्य कमजोरले उपेक्षित हुनुबाहेक अरू हुन सक्दैन्थ्यो । तथापि मधेसी आन्दोलनको चपेटाका कारण अन्तरिम संविधानको पहिलो संशोधन गर्न बाध्य बनेको नेपाल सरकार यसपटक भने अपाङ्गलाई पनि संविधानसभामा स्थान दिन तयार देखिएको छ । तदनुरूप अन्तरिम संविधानको धारा ३३ खण्ड (घ) मा ................थप्ने क्रममा “मुलुकको राज्यसंरचनामा सबै अंगमा मधेसी, दलित, आदिवासी जनजाति, महिला, मजदुर, किसान, पिछडिएका वर्ग र अन्य सबै वर्गलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने” क्रममा अपाङ्ग शब्द पनि समावेश गराउन तयार भएको छ । तर मुख्य कुरा यसको कार्यान्वयन पक्ष नै हुनेछ । त्यसैले सरकारले आफ्नो यस प्रतिबद्धतालाई व्यवहारमा कसो गर्ने हो सो हेर्नुपर्ने भएको छ । र नेपाल सरकारको संसद्मा प्रस्तुत ०६४/०६५ को नीति तथा कार्यक्रमको बुँदा नं. ७ मा पिछडिएको एवं अन्य कमजोर वर्गको कोटीमा पुनः अपाङ्ग बारे उल्लेख पाइएबाट फेरि सानो आश पलाएको छ ।

**उपसंहार**

जनसांख्यिक ............अपाङ्ग समाजको निकै ठूलो हिस्सा रहेको छ । त्यसबाहेक यो अन्ध-अपाङ्ग भन्ने कुनै खास वर्ग वा जात विशेषको समस्या होइन । अपाङ्ग यो वर्ग र जातबाट भन्ने हुँदैन । यो एउटा प्रकृतिक अभिषाप हुने हुँदा त्यसैले यो वर्ग वा क्षेत्रलाई हाल्ने अरूलाई छोड्ने भन्ने हुँदैन । त्यसैले यो कुनै वर्ग, जाति, जनजाति र महिला दलितको भन्दा पनि एउटा राष्ट्रिय समस्याका रूपमा खडा छ र सबै जाति वर्ग यसबाट पीडित छ । त्यसबाहेक समाजले यस्ता वर्गलाई नकारात्मक व्यवहार गर्ने र त्यसो गर्नुको पछाडि मूलतः तिनको आर्थिक हैसियत र सामाजिक दृष्टिकोणमा रहेको ..............कारक रहेका कारण तिनलाई राज्य वा सम्पूर्ण अंगमा माथिदेखि तलसम्म समानुपातिक एवं विशेष आरक्षणसहितको समानुपातिक प्रतिनिधित्वको व्यवहार दिनासाथ यो वर्गको आयस्रोत र राजकीय मर्यादा एकाएक बढ्न पुगी समाजमा तिनको मर्यादाक्रम पनि ह्वात्तै बढ्न जाने हुन्छ । त्यसैले ढिलो नगरी यिनलाई राज्यसंयन्त्र र विशेष व्यवस्थाका साथ शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा राज्यले आफ्नो चासो एवं प्रतिबद्धता देखाउनु पर्दछ यसलाई कत्ति पनि बिलम्ब गर्न पाइँदैन ।

त्यसो भएको खण्डमा सरोकार पक्ष एवं नीति निर्णयको तहमा पुग्ने छ र आफ्नो वर्गभित्रका पिर र कथा-व्यथा अभिव्यक्त गर्न सक्षम हुनेछ । अनि अपाङ्ग स्वयंले आफ्नो वर्गका लागि यो चाहिने नियम, कानुन र

ऐनमा के कस्तो व्यवस्था र संशोधन आवश्यक पर्छन् ती सबै अभिव्यक्त हुन थाल्छन् । जसले गर्दा साङ्ग सरह अपाङ्गले पनि मुलुक र समाजमा एउटा गैरवपूर्ण र शानको जीवन बाँच्न सक्ने वातावरण बन्न थाल्छ । तर यो कहिल्यै पनि हाम्रो उनका प्रतिको दयाको उपदान होइन त्यसको विपरीत यो तिनको नैसर्गिक अधिकार हो । किन भने यो देश जति साङ्गको हो अपाङ्गको पनि त्यत्तिकै हो । साङ्गलाई जति हकअधिकार, सामाजिक न्याय र आरक्षण चाहिन्छ । अपाङ्गलाई त्यसको दोब्बर चाहिन्छ । जसको कारणसम्म पनि यहाँ भनिरहन आवश्यक छैन । किन भने अपाङ्गको सामाजिक स्थिति र त्यो वर्गले सदियौंदेखि उठाइआएको पीडाबारे समाजको कुनै पनि अंग अनभिज्ञ छैन ।

असार २३, ०६४